## अध्याय एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'रत्नदेव शर्माको जीवनी, व्यक्तित्व र कृति□वको अध्ययन' रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह नेपाली दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनको लागि तयार पारिएको छ ।

## १.३ विषयपरिचय

रत्नदेव शर्मा नेपाली साहित्यका साधक हुन् । नेपाली साहित्यको कविता विधाअन्तर्गत पद्य र गद्य दुबैतर्फ उनले सफलता प्राप्त गरेका छन् । रत्नदेव शर्माको मूल विधा भने कविता नै हो । वि.सं. १९८० माघमा दोलखामा जन्मेका र पोखराको अर्घौं अर्चलेमा हुर्केबढेका रत्नदेव शर्माले संस्कृत भाषामा शास्त्री (स्नातक) सम्मको अध्ययन गरेका छन् । जिन्दगीका ८४ सोपानहरू चढेर स्वर्गीय भएका रत्नदेवको जीवनकालमा अनेक पारिवारिक पीडा र आघातहरू बज्रिएको पाइन्छ । शारीरिक र मानसिकरूपमा पीडित हुन पुगेका शर्माले धुम्रपान र मद्यपान जस्ता दुर्व्यसन र कुअम्मलसँग मितेरी लगाएर भए पनि आत्महत्याको मुखबाट जोगिए । आधुनिक नेपाली कविताका क्षेत्रमा लामो समय कलम चलाएका रत्नदेवले वि.सं. २०२२ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको राष्ट्रिय कविता महोत्सवमा 'नैतिकता' शीर्षकको कविता लेखेर तेस्रो स्थान प्राप्त गरेका थिए । प्रा. घटराज भट्टराईको 'नेपाली साहित्यकार परिचय कोश' (२०५१) का अनुसार वि.सं. २००४ सालमा 'उद्योग' पत्रिकामा पहिलो कविता प्रकाशित गरेका रत्नदेव शर्माका शास्त्रीय

छन्दमा आधारित 'नौली' खण्डकाव्य (२०११), 'नौली र अरू कविता' (कविता सङ्ग्रह २०२७), 'हिमशिखा' (कविता सङ्ग्रह २०२८) र 'ज्यूँदो आँखाबाट' (२०३५) नामक काव्य र कलाको सम्मिश्रण भएको विशिष्ठ कविता कृति प्रकाशित भएका छन् ।

'नौली' खण्डकाव्यमा रत्नदेव शर्माले लेखनाथले बढी प्रयोग गरेको शास्त्रीय लयमा आधारित अनुष्टुप छन्दको प्रयोगमार्फत् छन्दप्रयोगमा सफलता प्राप्त गरेका छन् । शास्त्रीय वर्णमात्रिक छन्दमा सफलता प्राप्त गरेपछि उनी गोपालप्रसाद रिमालले प्रारम्भ गरेको गद्यलयात्मक कविताको प्रयोगतर्फ लागे । गद्यलयमा उनले 'नौली र अरू कविता' (कविता सङ्ग्रह) र 'हिम शिखा' (कविता सङ्ग्रह) प्रकाशित गरे । यी कृतिहरूले रत्नदेव शर्मा गोपालप्रसाद रिमाल, विजय मल्ल, भूपि शेरचन जस्ता कविहरूका समकक्षी बन्न पुगे । वि.सं. २०३५ सालमा उत्तम नेपालीको कला र आफ्नो कवितालाई सम्मिश्रण गरेर 'ज्यूँदो आँखाबाट' कृति प्रकाशित गरेपछि उनको कवि व्यक्तित्वले गरिमामय स्थान हासिल गरेको देखिन्छ ।

नेपाली समाजको पीडा र व्यथालाई आफ्ना कविताको विषयवस्तु बनाउने क्रममा रत्नदेव शर्माले आफ्नै जीवनलाई आफ्ना रचनाको मूल विषय र आफैलाई प्रमुख पात्र बनाएका छन् । प्रजातान्त्रिक मूल्य र मान्यताप्रति अगाध आस्था राख्ने कवि रत्नदेव शर्मा कवितामा क्रान्तिकारी बनेका छन् । प्रकृति प्रयोग, बिम्ब र प्रतीक विधान, लयविधान, अलङ्कार प्रयोग र भावको सरल र सहज प्रस्तुतिले गर्दा शर्माका पद्य र गद्य दुबैखाले कविता उत्कृष्ट रचना हुन् भन्ने कुरामा सन्देह रहँदैन ।

## १.४ समस्याकथन

आधुनिक नेपाली कविताका क्षेत्रमा सशक्त रहेका तर पाठकहरूका दृष्टिमा ओझेल परेका कवि रत्नदेव शर्माको जीवनी, व्यक्तित्व र उनका कविता काव्यहरूको अध्ययन हुनसकेको छैन । उनका उपलब्ध काव्य कृतिका आधारमा शर्मा नेपाली कविता परम्पराका उज्ज्वल नक्षत्र हुन् भन्ने कुरा प्रष्ट हुन्छ । तर यस्ता प्रतिभाशाली व्यक्तित्वको जीवनी, व्यक्तित्व र कृति□वको उचित मूल्याङ्कन हुन सकेको छैन ।

शर्माकै बहुपक्षीय मूल्याङ्कनमा आधारित प्रस्तुत शोधपत्र निम्नलिखित मुख्य शोधसमस्याको विवेचनामा केन्द्रित रहेको छ ।

क) साहित्यकार रत्नदेव शर्माको जीवनी कस्तो रह्यो ?

ख) साहित्य र सामाजिक क्षेत्रमा सक्रिय रत्नदेव शर्माको व्यक्तित्व कस्तो थियो र व्यक्तित्वका अनुकरणीय पक्ष के-के थिए ?

ग) रत्नदेव शर्माका प्रकाशित लेखरचनाहरू के-के हुन् र ती कुन-कुन विधासँग सम्बन्धित छन् ?

घ) रत्नदेव शर्माका कवित्वका विशिष्ट पक्षहरू के-के हुन् र उनी कुन धाराका र कुन प्रवृत्तिका कवि हुन् ?

ङ) रत्नदेव शर्मालाई खण्डकाव्यकारका रूपमा चिनाउने कृत्तिहरू केके हुन् ?

च) आधुनिक नेपाली साहित्यमा भि□याउन खोजेको काव्य र कलाको समिश्रण अध्ययन गर्नु आदि ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका मूलभूत उद्देश्यहरूलाई बुँदागतरूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) साहित्य साधक रत्नदेव शर्माको जीवनीको उल्लेख गर्नु,

ख) रत्नदेव शर्माको साहित्यिक र सामाजिक व्यक्तित्वका बारेमा चर्चा गर्नु,

ग) रत्नदेव शर्माका कविता, काव्य एवं अन्य रचनाहरूका बारेमा चर्चा गर्नु,

घ) कवितात□वका आधारमा रत्नदेव शर्माका प्रकाशित कविताहरूको मूल्याङ्कन गर्नु,

ङ) खण्डकाव्य सिद्धान्तका आधारमा "नौली" खण्डकाव्यको अध्ययन गर्नु र

च) आधुनिक नेपाली कविताका क्षेत्रमा रत्नदेव शर्माको स्थान निरूपण गर्नु ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

नेपाली भाषा साहित्यका क्षेत्रमा कलम चलाएर एवं कृतिहरू प्रकाशित गरेर महत्त्वपूर्ण योगदान दिने रत्नदेव शर्मा नेपाली साहित्यका प्रसिद्ध कवि हुन् । आधुनिक नेपाली साहित्यको फाँटमा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी धाराका सशक्त कवि रत्नदेव शर्माका काव्य, कविता र उनको साहित्यिक व्यक्तित्वका बारेमा हालसम्म सामान्य अध्ययनसम्म पनि भएको छैन । नेपाली साहित्यका पाठकहरूलाई उनको जीवनी, व्यक्तित्व र कविता कृति□वका विभिन्न प्रवृत्तिहरूबारे जानकारी गराउँदै नेपाली साहित्यको परम्परामा शर्माको स्थान निरूपण गरिने हुँदा यस कार्यले आफैमा औचित्य र महत्त्वपूर्ण स्थान राख्दछ ।

## १.७ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली कवितापरम्परामा रत्नदेव शर्मा सफल कवि हुन् । तथापि उनका कृतिहरूका बारेमा जति चर्चा र मूल्याङ्कन हुनुपर्थ्यो सो भएको पाइँदैन । नेपाली साहित्यमा खण्डकाव्य, कविता सङ्ग्रह एवम् प्रशस्त फुटकर कविताहरू लेखेका र प्रकाशित गरेका रत्नदेव शर्मा चिरपरिचित साहित्यकार विजय मल्ल, सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन जस्ता साहित्यकारका कोटीमा गणना हुने कवि हुन् । उनका प्रकाशित कविता कृतिहरूले उनको कवित्वको महिमामय पक्षलाई उद्धृत गर्दछन् तापनि आफ्नै शारीरिक समस्याले गर्दा साहित्यबाट ओझेल परेका कवि रत्नदेव शर्मा समालोचकहरूका कलमबाट पनि ओझेल परे । विभिन्न पत्रपत्रिकाहरू र उनका प्रकाशित कृतिहरूको भूमिकामा विद्वान्हरूले लेखेका सामान्य चिनारीबाहेक उनको छुट्टै मूल्याङ्कन भएको देखिन्न । रत्नदेव शर्माका बारेमा लेखिएका एवं प्रकाशित भएका सामग्रीलाई यसरी प्रस्तुत गरिएको छ :

कृष्णचन्द्रसिंह प्रधानले 'हिम शिखा' को भूमिकामा "छन्दका कवि गद्य कवितातिर पनि आकर्षित भई लेख्न थालेकोमा शायद यो पहिलो प्राप्ति हो ।

समसामयिक जीवनतिर नजिकिँदै यसमा अनुभूतिले छोइएका फिलिंगा देखापर्नु खुसीको कुरा हो"[१] भनेका छन् ।

उत्तम नेपालीले 'ज्यूँदो आँखाबाट' को 'केही कुरा' शीर्षक लेखमा 'मित्र' रत्नदेव शर्माज्यूको कविता प्रकाशित गर्ने तर्खरको बेलामा प्रस्तुत कविता 'ज्यूँदो आँखाबाट' पढ्ने मौका पाएँ । जसले मेरो कल्पनाको आकाशलाई घच्घचायो र यो कविता प्रस्तुतीकरणमा केही शब्दहीन कविता थप्न मन लाग्यो र हामी दुबैको स्वीकृति र समान अनुभूतिअन्तर्गत प्रस्तुत कविताहरूले आधुनिक अमूर्त रूप ग्रहण गर्न सक्यो । तर यस प्रकारको (नौलो) प्रस्तुतीकरणको प्रभाव कस्तो किसिमको पर्छ, पाठकवृन्दमा, त्यो पछि थाहा पाउने कुरा हो"[२] भनेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले "नेपाली साहित्यको संक्षिप्त इतिहास" मा रत्नदेव शर्माको नाम उल्लेख गर्दै "रत्नदेव शर्मा (१९८५) का 'नौली' (२०११) र 'नौली र अरू कविता' (२०२७) बाहेक गद्य कविताको सङ्कलन 'हिम शिखा' (२०२८) पनि उपलब्ध छ"[३] भनेका छन् ।

घटराज भट्टराईले 'नेपाली साहित्यकार परिचय कोश' मा रत्नदेव शर्मालाई "... उनी थोरै लेखे पनि शब्द र भाव खोलेर अभिव्यक्ति दिने कवि हुन् । उनका कवितामा बिम्ब, भाव र अभिव्यक्तिहरूको कलात्मक त्रिवेणी हुन्छ"[४] भनेका छन् ।

तारानाथ शर्माले 'नेपाली साहित्यको इतिहास' मा "संस्कृत छन्दहरूमा राम्रो कवितात्मक अभिव्यक्ति गर्ने यस युगका प्रमुख पद्यकारहरूमा रत्नदेव शर्माको नाम पनि उल्लेखनीय छ"[५] भनेका छन् ।

---

[१] कृष्णचन्द्र सिंह प्रधान, *हिम शिखा,* (रत्नदेव शर्मा), (काठमाडौं : नेपाली साहित्य संस्थान, २०२८), पृ. भूमिका ।

[२] रत्नदेव शर्मा, *ज्यूँदो आँखाबाट,* काठमाडौं (रत्नदेव शर्मा, उत्तम नेपाली, २०३५), पृ. भूमिका ।

[३] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, *नेपाली साहित्यको संक्षिप्त इतिहास,* द्वितीय संस्करण, (काठमाडौं : साझा प्रकाशन, २०४०) पृ. ६९ ।

[४] घटराज भट्टराई, *नेपाली साहित्यकार परिचय कोश,* (काठमाडौं : नेशनल रिसर्च एसोसियट्स, २०५१), पृ. ४२४ ।

[५] तारानाथ शमा, *नेपाली साहित्यको इतिहास,* चौथो संस्करण, (काठमाडौं : अक्षर प्रकाशन, २०५६), पृ. १३० ।

प्रकाश पौडेलले 'रत्नदेव शर्माका कृतिहरू' को प्रकाशकीय शीर्षक लेखमा "बुबाको स्वभाव देखेर के आश्चर्य लाग्यो भने कसैसँग भने तेत्रो कुरा गर्ने तर घर परिवार र अन्य कुनै भेट्न आउने आगन्तुकसँग भने एउटै शब्द पनि नबोल्ने । कुराकानी सकेर विदावादी भई ती बृद्ध मानिस बाटो लागे । मलाई त पछि पो थाहा लाग्यो उहाँ त श्रद्धेय युगकवि सिद्धिचरण श्रेष्ठ पो हुनुहुँदो रहेछ । बुबा पनि उहाँ जाने गर्नुहुँदो रहेछ ... मेरा मनमा कुरा खेल्न थाल्यो, बुबाको युगकविसँग नाता सम्बन्ध के हो भन्ने, खोज्दै जाँदा पत्तो पाएँ बुबा पनि कवि हुनुहुँदो रहेछ, पुस्तक पनि छापिएका रहेछन् । तर घरमा भने न त कुनै प्रकाशित वा अप्रकाशित पाण्डुलिपिको सङ्ग्रह सुरक्षित थियो, न हामी कसैलाई कुनै जानकारी ..."[६] भनेका छन् ।

राधादेवी शर्मा पौडेलले 'रत्नदेव शर्माका कृतिहरू' को 'मेरो भन्नु' शीर्षकमा "उहाँका जति कविता र काव्य छापिएका छन् ती एकदमै अनमोल छन् । उहाँको उमेरका कविहरूको चर्चा र प्रचार सुन्दा परिवारका हामीहरूलाई त्यस्तै चर्चा र प्रशंसा सुन्ने रहर लाग्नु स्वभाविकै हो, तर हाम्रो घरमा उहाँका रचना छापिएका पुस्तक-पत्रिकाको सङ्ग्रह भएको रहेनछ । मँ उहाँको जीवनमा जुनबेला आएँ उहाँ त्यसबेला सांसारिक व्यवहारबाट विरक्तिइसक्नुभएको पाएँ । मभित्र पनि समयमै उहाँका कृतिहरूको खोजी गर्ने बुद्धि आएन । उहाँ जतिखेर पनि पिइरहने र केही नबोली गुम्सिइरहने । मलाई बालबच्चा हुर्काउने र यिनको लालनपालन गर्ने दायित्वले फुर्सद थिएन"[७] भनेकी छन् ।

उत्तम नेपालीले 'रत्नदेव शर्माका कृतिहरू' को 'केही कुरा' शीर्षकको भूमिकामा "... उहाँका कविताले बोक्ने भाव अलग्गै बान्की लिएका हुन्छन् । उहाँका कविताले बोक्ने भावले प्रकृतिमा रहेको अमूर्त आनन्दको अभिव्यक्ति मैले महसुस गर्दथें । मँ पनि एकजना कविता लेख्ने र चित्रकारको नाताले गर्दा पनि होला उहाँका कविताहरूमा छुट्टै

---

[६] प्रकाश पौडेल, *रत्नदेव शर्माका कृतिहरू,* (काठमाडौं : प्रकाश पौडेल, २०६२), पृ. प्रकाशकीय ३ ।

[७] राधादेवी शर्मा पौडेल, *ऐजन,* पृ. मेरो भन्नु ८ ।

आनन्दको अनुभव गर्दथें । रत्नदेव शर्मा कवि भएर नै होला बडो रसिक र विनोदी स्वभावका हुनुहुन्थ्यो र साथै उहाँमा बाल स्वभावको प्रचुरतासमेत मँ पाउँदथें । उहाँ बडो सरल र सरस प्रकृतिका तथा शान्त स्वभावका सशक्त छवि हुनुहुन्छ भन्ने कुरामा मँ आश्वस्त छु"[८] भनेका छन् ।

मुकुन्द शरण उपाध्यायले 'रत्नदेव शर्माका कृतिहरू' को 'आमुख' मा "... उनका रचनाहरूमा जीवन्तता छ र पनि उनी जीवित सरह छैनन्, साहित्य संसारमा । तर जब उनी कलकलाउँदो युवा उमेरका थिए कविताकी सरस्वतीको वरद हस्त उनीमाथि थियो । नेपालका प्रतिष्ठित कविहरूका पङ्क्तिमा उनी उभिन्थे र उनका कविता पत्र-पत्रिकाहरूले मागी-मागी छाप्थे । पाठकहरूबीच पनि 'कवि रत्नदेव शर्मा' लोक प्रिय नाम थियो । चाहे वार्णिक छन्द होस् वा मात्रिक, चाहे लोकलय होस् वा गद्य-मुक्तक सबै शैलीमा उनको कलम सार्थक रूपले दगुर्दथ्यो र समीक्षकहरूले हरेक शैलीमा उनलाई ध्यान दिइरहेका हुन्थे । उनी नेपालका एक चर्चित कविमध्येमै थिए, विजय मल्ल, भूपि शेरचन, मोहन कोइराला र वासु शशीहरू जस्तै"[९] भनेका छन् ।

'गोरखापत्र' को २०६२ साउन २५ गते मङ्गलबार प्रकाशित 'लामो समयपछि शर्मा देखापर्नुभयो' शीर्षकको समाचारमूलक लेखमा "मानसिक र पारिवारिक समस्याका कारण ४० वर्षसम्म साहित्य लेखनबाट विश्राम लिएका कवि शर्मा 'रत्नदेव शर्माका कृतिहरू' नामक कविता सङ्ग्रहमार्फत देखापर्नुभएको हो । 'गोरखापत्र' र 'शारदा' आदि लोकप्रिय पत्रिकामा कविता प्रकाशित गरी आफूलाई युवा पुस्ताको स्थापित कविकारूपमा चिनाउन सफल हुनुभएका शर्माका सहकर्मी वरिष्ठ साहित्यकार गोविन्द भट्ट 'वातावरणले पनि सर्जक जन्माउन ठूलो सहयोग पुऱ्याउँछ'[१०] भन्नुहुन्छ ।

---

[८] उत्तम नेपाली, *ऐजन,* पृ. १०-११ केही कुरा ।

[९] मुकुन्द शरण उपाध्याय, *ऐजन,* पृ. १४-१५ आमुख ।

[१०] युवराज गौतम (सम्पा.), "लामो समयपछि शर्मा देखापर्नुभयो", *गोरखापत्र,* (वर्ष १०५, अङ्क ९५, २०६२ साउन २५ गते मंगलबार), पृ. २ ।

जयदेव भट्टराईले २०६२ साउन २७ को 'गोरखापत्र' को 'बिर्सने प्रवृत्तिमा रत्नदेव पनि बिर्सियौं' शीर्षक लेखमा "पारिवारिक पीडाले मानसिक पीडा खेप्न परेका रत्नदेव शर्मा कलमका माध्यमबाट जति सशक्त रूपले अघि आउनुभएको थियो पछि त्यो निरन्तरता हुनसकेन । अब ८२ वर्षको उमेरमा उहाँबाट पहिलेको सक्रियता अपेक्षा गर्नु स्वाभाविक होइन । अब हामीले हाम्रो प्रवृत्तिलाई त्याग्नुपर्छ अर्थात् 'बिर्सने' रत्नदेव शर्माको उहिलेको योगदानलाई बीचमा बिर्सिए पनि अहिले आएर मात्र सम्झिन सक्यौं भने भविष्यमा 'बिर्सने' प्रवृत्तिबाट हामी केही टाढिन्थ्यौं कि"[११] भनेका छन् ।

मुक्तिनाथ शर्माले २०६२ भदौ १४ को 'युगसम्वाद साप्ताहिक' मा 'रत्नदेव शर्माका कृतिहरू : एक प्रसंग' शीर्षक लेखमा रत्नदेव शर्मा नेपाली साहित्यका प्रतिष्ठित कवि[१२] भएको कुरा उल्लेख गरेका छन् ।

२०६३ चैत्र २२ गते बिहीबारको "गोरखापत्र" मा "कवि शर्मा अस्वस्थ" शीर्षकको समाचारमूलक लेखमा वरिष्ठ साहित्यकार रत्नदेव शर्मा गम्भीर रूपले अस्वस्थ भई अस्पताल भर्ना गरिनुभएको छ । नेपाली साहित्यमा विशेष गरी काव्य विधामा कलम चलाउने ८४ वर्षीय कवि[१३] भन्ने कुराको उल्लेख गरिएको छ ।

यसरी हेर्दा रत्नदेव शमाको जीवनी, व्यक्तित्व र कृति□वका बारेमा चर्चा गर्ने काम औपचारिकरूपमा भएको देखिँदैन भने यसपूर्वका लेखनहरू पनि सूचनात्मक टिप्पणी मात्र बनेका छन् ।

---

[११] जयदेव भट्टराई, "बिर्सने प्रवृत्तिमा रत्नदेव पनि बिर्सियौं, *गोरखापत्र,* (वर्ष १०५, अङ्क ९७, २०६२ साउन २७ गते बिहिबार), पृ. ५ ।

[१२] मुक्तिनाथ शर्मा, "रत्नदेव शर्माका कृतिहरू : एक प्रसंग", *युगसम्वाद साप्ताहिक,* (वर्ष १८, अङ्क ११, भदौं १४ मंगलबार २०६२), पृ. ५ ।

[१३] शिवप्रसाद भट्टराई (सम्पा.), "कवि शर्मा अस्वस्थ" गोरखापत्र, (वर्ष १०६, अंक ३२५, २०६४ चैत्र २२ गते विहीबार) पृ. २ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि मुख्यरूपमा अन्तर्वार्ता र पुस्तकालयीय विधिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । सङ्कलित सामग्रीलाई जीवनी, व्यक्तित्वको परम्परित ढाँचा र कविताको सैद्धान्तिक ढाँचामा व्याख्या र विश्लेषण गरिएको छ । सामग्री संकलनको कार्य पूरा हुँदासम्म प्रस्तुत शोधपत्रका नायक जीवितै भएको हुनाले उहाँसँगै प्रत्यक्ष भेटघाट गरी उहाँको जीवनी र व्यक्तित्वका विविध पक्षका बारेमा सम्बद्ध तथ्य र सूचनालाई सङ्कलन गरिएको थियो भने उनका परिवार र निकटतम सम्बन्धका व्यक्तिसँग पनि सम्पर्क गरी अन्तर्वार्ताका माध्यमबाट आवश्यक जानकारी लिइएको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा रत्नदेव शर्माको जीवनी व्यक्तित्वका बारेमा प्रकाश पार्दै उनीद्वारा लेखिएका कविता काव्य एवं अन्य उपलब्ध लेख रचनाहरूको सामान्य समीक्षा चर्चा गरिनेछ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई ६ परिच्छेदमा विभाजन गरिएको छ । ती सबै परिच्छेदलाई दशमलव प्रणालीमा अङ्क मिलाई शीर्षक-उपशीर्षकमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको मुख्य रूपरेखा वा सङ्गठन यस प्रकार छ :

**पहिलो – परिच्छेद** : शोधपरिचय

**दोस्रो – परिच्छेद** : रत्नदेव शर्माको जीवनी र व्यक्तित्व

**तेस्रो – परिच्छेद** : रत्नदेव शर्माको व्यक्तित्वको अध्ययन

**चौथो – परिच्छेद** : कविता सिद्धान्तका आधारमा रत्नदेव शर्माका कविता सङ्ग्रहको सङ्क्षिप्त विश्लेषण

**पाँचौं – परिच्छेद** : रत्नदेव शर्माको खण्डकाव्यकारिता/खण्डकाव्यकार रत्नदेव शर्मा

**छैठौं – परिच्छेद** : उपसंहार

# अध्याय दुई

# रत्नदेव शर्माको जीवनी

## २.१ जन्म र जन्मस्थान

रत्नदेव शर्माको जन्म वि.सं. १९८० माघ १७ गते स्वस्थानी पूर्णिमाको अघिल्लो दिन चतुर्दशी तिथि आइतबार भएको हो ।[१४] पुर्ख्यौली जन्मस्थल गण्डकी अञ्चल कास्की जिल्लाको पोखरास्थित अर्घौं (हालको लेखनाथ नगरपालिका-६) अर्चले, समीडाँडा भए पनि पिताको जागिर दोलखामा भएकाले रत्नदेवको जन्म दोलखाको चरिकोटमा भएको हो ।[१५] जन्मपत्रका अनुसार उनको जन्म आद्रा नक्षत्रको चौथो पाउमा भएकाले न्वारानको नाम छत्रनाथ हो । पिता जयदेव शर्मा पौडेल र माता पूर्णकुमारी पौडेलका कान्छा सुपुत्र रत्नदेव हुन् ।[१६] न्वारनको नाम छत्रनाथ भए पनि उनलाई सबैले रत्नदेवका नामले चिन्छन् भने प्रमाणपत्र र प्रकाशित कृतिहरूमा पनि उनको नाम रत्नदेव नै रहेको पाइन्छ । रत्नदेव शर्माका तीन दाजुभाइ र तीन दिदीबहिनी भए पनि हाल कान्छी बहिनी दुर्गा अधिकारी मात्र जीवित छन् ।[१७]

रत्नदेव शर्माका पिता जयदेव शर्मा शिक्षित थिए ।[१८] तत्कालीन शिक्षा प्रणालीअनुसार ९ कक्षा पास गरेका रत्नदेव शर्माका पिता जयदेव दोलखामा २ वर्ष डिट्ठा (न्यायाधीस) भएका थिए भने हजुरबुबा पं. बुद्धिसागर दरवारका पण्डित हुनाका साथै संस्कृत शिक्षाका धुरन्धर ज्ञाता थिए ।[१९] यिनीहरूको प्रभाव रत्नदेवमा परेको थियो ।

---

[१४] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन ।

## २.२. पुर्ख्यौली र परिवार

आत्रेय गोत्रीय रत्नदेव शर्माको पुर्ख्यौलीस्थल गण्डकी अञ्चल कास्की जिल्लाको अर्घौं (हालको लेखनाथ नगरपालिका-६) अर्चले समीडाँडा हो ।[२०] शिक्षित र सम्भ्रान्त परिवारका पं. बुद्धिसागर पौडेल काठमाडौँ आएर टेबहालमा बन्धकी घर किनेर बस्न थाले । त्यहीँ जयदेवको जन्म भयो । त्यसपछि लैनचौर (हालको निवास) मा वीर शमशेरकी धाईसँग २ रोपनी ८ आना जग्गा किनेर बस्न थालेपछि त्यही घरमा जयदेवको उपनयन संस्कार सम्पन्न भयो ।[२१] यसपछिका दिनहरूमा पोखराको अर्घौं र काठमाडौँको लैनचौर गरी दुई ठाउँमा आवतजावत र बसोबास हुँदै गयो । संस्कृत भाषाका मूर्धन्य व्यक्तित्त्व बुद्धिसागरको अध्ययन पनि काठमाडौँमा भएको थियो ।[२२] बुद्धिसागर र उनकी श्रमिती हरिप्रिया देवीका एक छोरा जयदेव शर्मा र एउटी छोरी नोदनप्रिया नेपाल थिए । जङ्गबहादुरकी कान्छी छोरीको दरबारमा दरवारिया पण्डित भएर बसेका बुद्धिसागरले एक मात्र छोरा जयदेवलाई राम्रै अध्ययन गराएका थिए । जयदेव पूर्व २ नम्बर चरिकोट दोलखामा डिठ्ठा (न्यायाधीस) थिए भने लेखनकलामा उनी निपुण थिए ।[२३] जयदेवका तीन छोरा मध्ये जेठा रमादेव शर्मा, माइला वासुदेव शर्मा र कान्छा रत्नदेव शर्मा अनि तीन छोरीहरू जेठी चन्द्रकुमारी अधिकारी, माइली देवकुमारी र कान्छी दुर्गा अधिकारी हुन् । अहिले कान्छी छोरी दुर्गा अधिकारीमात्र जीवित छन् ।

रत्नदेव शर्माले आफ्ना हजुरबुबा पं. बुद्धिसागर र पिता जयदेवबाट माया र शिक्षादीक्षा नपाए पनि शिक्षित कुल परम्परा र सम्भ्रान्त परिवारमा हुर्किन पाएका थिए ।[२४]

---

[२०] ऐजन ।
[२१] ऐजन ।
[२२] ऐजन ।
[२३] ऐजन ।
[२४] ऐजन ।

## २.३ बाल्यकाल र उपनयनसंस्कार

बाल्यअवस्था मानव जीवनको पहिलो चरण हो । यसबेला जुनसुकै मानिस निश्चल र निष्कलङ्क देखिन्छ । यस उमेरका जुनसुकै बालबालिकाहरू बालसुलभ आचरण तथा खेलमा रमाउने गर्दछन् । रत्नदेव शर्माको बाल्य जीवन र किशोर जीवन पूरै परिवारको हाइहाइमा बितेको[२५] थियो तर आत्मिक रूपले चार वर्षको उमेरमै घाइते पनि भएका हुन् । बाल्यकालमा रत्नदेव चञ्चल स्वभावका थिए । उनी गाउँघरका केटाकेटीलाई सहपाठी बनाएर खेल्ने, दौड्ने र सहर घुम्न जाने गर्दथे । सानैमा १२ पिर्केपिङ खेल्ने, पाटनसम्म पुगेर जुवा खेल्ने, भोगटेका भकुण्डो बनाएर खेलेको पनि थाहा पाइन्छ । आफ्नी ममतामयी माता पूर्णकुमारीको कुशल र स्नेहपूर्ण संरक्षकत्वमा हुर्केका रत्नदेवको बाल्यकाल खुसी र सुखी थियो ।[२६] सम्भ्रान्त परिवारका कान्छा छोरा भएकाले उनलाई खानलाउनमा पनि कुनै दुःख भएन । यसरी परिवारका सदस्यबाट पाएको माया ममताभित्र उनको बाल्यकाल व्यतित भएको थियो ।

हिन्दू सनातन धर्मको पालना गर्ने कुलपरम्परामा जन्मेका र आध्यात्मिकताप्रति आस्था भएकी माता पूर्णकुमारीको काखमा हुर्केका रत्नदेवको उपनयन संस्कार पूर्वीय हिन्दू सनातन धर्मको वैदिक विधिविधानअनुसार काठमाडौँको लैनचौरस्थित घरमा भएको थियो ।[२७] सम्भ्रान्त र खानदानी ब्राह्मण परिवारमा जन्मिएका हुनाले ब्रतबन्धका दिन उनी घोडा चढेर ठमेलस्थित गणेश मन्दिर (गणेशस्थान) सम्म पुगेका थिए । यिनका गायत्री गुरु सुक्तिसिन्धुकालीन कवि टेकनाथ पौडेल थिए ।[२८] रमाइलो र हर्षोल्लासपूर्ण वातावरणमा उपनयन संस्कार सम्पन्न भएको सम्झना रत्नदेवलाई छ ।

---

[२५] रत्नदेव शर्माका कृतिहरू ...... आमुख पृ. २० ।

[२६] ऐजन ।

[२७] ऐजन ।

[२८] ऐजन ।

## २.४ शिक्षादीक्षा

शिक्षित सम्भ्रान्त परिवारमा हुर्केकी रत्नदेवकी आमा पूर्णकुमारी पनि शिक्षित थिइन् । सानैमा बाबुको मृत्यु भएका रत्नदेव शर्माको अक्षरारम्भ आफ्नै आमाबाट घरैमा भएको थियो ।[२९] उपनयन संस्कार पछि आफ्नै गायत्रीगुरु टेकनाथ पौडेलबाट वेदारम्भ गरी केही समय अध्ययन गरे । रत्नदेवको अध्ययनका लागि रामचन्द्र र तुलसीरमण पराजुलीलाई घरैमा बोलाइएको थियो । उनीहरूसँग रत्नदेवले लघुसिद्धान्त कौमुदी, रघुवंश, दशकुमार चरित, किरातार्जुनीयम् आदि संस्कृत ग्रन्थको अध्ययन गरेका थिए ।[३०] त्यसपछि हृदयनाथ अधिकारी र नरकान्त अधिकारी (आफ्नै मावली दाजु) सँग अङ्ग्रेजीको अध्ययन गरेका रत्नदेव दरबार स्कुलमा ६ कक्षामा भर्ना भएका थिए । दरबार स्कुलबाट म्याट्रिक (एस.एल.सी.) गरेका रत्नदेवले त्रिचन्द्र कलेजमा आइ.ए.को अध्ययन आरम्भ गरे ।[३१] अङ्ग्रेजी र संस्कृत दुबैतर्फको शिक्षा प्राप्त गरेका रत्नदेवले आई.ए.को अध्ययन त्रिचन्द्र कलेजमा गरे पनि पूरा भएनन् । त्रिचन्द्र कलेज पछि उनी संस्कृत र हिन्दीको अध्ययनका लागि वाराणसी गए पनि त्यहाँबाट यिनी छिट्टै फर्केका थिए ।[३२]

औपचारिक शिक्षाका अतिरिक्त रत्नदेवलाई आफ्नै घरमा लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण, बालकृष्ण सम, भीमनिधि तिवारी र गोपालप्रसाद रिमालको सान्निध्य र उनीहरूका कृतिको अध्ययन गर्ने वातावरण मिलेको थियो ।[३३] साहित्यिक कृतिहरूको अध्ययनमा उनी बढी चाख राख्थे । वर्डस्वर्थ, सेक्सपियर, सेलीका कृतिहरू अनि तुलसीदास रामायण उनलाई बढी मनपर्ने विदेशी भाषाका

---

[२९] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[३०] ऐजन ।

[३१] मुकुन्द शरण उपाध्याय; रत्नदेव शर्माका कृतिहरू (काठाडौं : प्रकाश पौडेल, २०६२) पृ. आमुख ।

[३२] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[३३] ऐजन ।

कृतिहरू थिए ।[३४] नेपाली कृतिहरूमा सिद्धिचरण र गोपालप्रसाद रिमालका कृतिहरू बढी पढ्ने गर्थे ।[३५] यस अतिरिक्त रत्नदेवले काठमाडौँमा रहेको इन्डियन लाईब्रेरीमा गएर अध्ययन पनि गर्थे भने आफ्नै घरमा पनि पुस्तकालय बनाएर स्वाध्यायन गर्ने गर्थे ।[३६]

नेपाली, अङ्ग्रेजी र संस्कृत भाषाका अतिरिक्त रत्नदेवमा हिन्दी भाषाको पनि राम्रो ज्ञान थियो । शिक्षाको लागि प्रेरणा दिइरहने दाजु वासुदेव शर्माको अल्पायुमै भएको निधन र पारिवारिक दुर्घटना आदि कारणले अध्ययनको औपचारिक क्रम रोकिए पनि रत्नदेवले अध्ययनलाई निरन्तरता दिँदै ज्ञानको भण्डार भर्ने काम गरिरहे ।

## २.५ विवाह र सन्तान

रत्नदेव शर्माको विवाह २२ वर्षको उमेरमा वि.सं. २००२ साल मङ्सिर महिनामा मैतीदेवी काठमाडौँमा बस्ने जमिन्दार फणीन्द्र सापकोटा र नयनाकुमारी सापकोटाकी जेठी छोरी २० वर्षे बुलुरानीसँग भएको थियो । यी दुई जोडीको लगनगाँठो जोड्ने काम कोमलनाथ अधिकारीले गरेका थिए । २२ वर्षे भर्भराउँदो उमेरमा आफैले रोजेकी सुशील र सुन्दरी[३७] कन्या बुलुसँग भएको विवाहले लामो समय रत्नदेवलाई सुखी र खुसी रहन दिएन । बीस वर्षकी बुलु र बाइस वर्षका रत्नदेव दैवले दिएको भए यिनको जोडी रहर लाग्दो र इर्ष्या लाग्दो हुने थियो तर विधातालाई त्यो मन्जुर भएन ।[३८] उनी एक्कासि एक्लिए । उनका कुनै सन्तान हुनै पाएनन् ।

रत्नदेव शर्माको दोस्रो विवाह पहिली श्रीमतीको मृत्यु भएको पाँच वर्ष पछि अर्थात् २७ वर्षको उमेरमा भयो । हाँडीगाउँ काठमाडौँकी वाग्ले थरकी जयन्ती नाम गरेकी कन्यासँग भएको यस विवाहको लगन गाँठो पनि कोमलनाथ अधिकारीले नै

---

[३४] ऐजन ।

[३५] ऐजन ।

[३६] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[३७] मुकुन्द शरण उपाध्याय, रत्नदेव शर्माका कृतिहरू (काठमाडौं : प्रकाश पौडेल, २०६२) पृ. आमुख २१-२२) ।

[३८] ऐजन, पृ. २२ ।

जोडेका थिए ।[३९] आफन्तहरूको प्रेरणामा भएको यिनको दोस्रो विवाहपश्चात् द्वितीय पत्नी जयन्तीबाट दुई छोरा प्रदीप पौडेल र प्रमोद पौडेल अनि तीन छोरीहरू प्रतिमा शर्मा, प्रेमा शर्मा र प्रमिला शर्मा गरी पाँच सन्तान भए ।[४०] कवि रत्नदेव शर्माको गृहस्थाश्रममा एकदमै उज्यालोको आशा पलायो तर दुर्भाग्यवश यो आशा पनि धेरै दिन स्थिर भएन ।[४१] रत्नदेव शर्मा र उनकी पत्नीबीच सुरु भएको मनोमालिन्यले गर्दा यिनीहरूको जीवनमा पुनः वियोगवस्थाको सिर्जना हुन पुग्यो । यसरी उनको वैवाहिक जीवनमा पटक-पटक आइपरेका दुर्घटनाले यिनको मानसिक र भौतिक जीवन विक्षिप्त हुन पुग्यो ।[४२]

रत्नदेवको २२ वर्षको भर्भराउँदो बैँसालु अवस्थामा भएको पहिलो विवाह र २७ वर्षमा भएको दोस्रो विवाह पनि दुःखान्त बन्न पुगेपछि २०२३ साल फागुन १७ गते अर्घौं कालिका गा.वि.स. आरूपाटाका पं. तारानाथ अधिकारी र टीकादेवी अधिकारीकी माइली छोरी राधादेवी अधिकारीसँग उनको तेस्रो विवाह भएको थियो । रत्नदेवका लागि तेस्रो विवाह नै वास्तविक सहारा बन्न पुग्यो । मानसिक पीडा र मद्यपानको नशाले जर्जर बनेको कविको जीवनमा तृतीय पत्नी राधादेवीको आगमनले वास्तविक वैवाहिक जीवनको मूल्यबोध भयो । तृतीय श्रीमती राधादेवीबाट रत्नदेवका दुई सुपुत्र प्रकाश पौडेल र प्रवीण पौडेल अनि एक छोरी प्रतीक्षा पौडेलको जन्म भएको छ । श्रीमती राधादेवी पौडेलले श्रीमान् रत्नदेवको त्यो विक्षिप्त अवस्था हुँदाहुँदै पनि उनी किञ्चित विचलित नभई छोरा-छोरी पालन-पोषण र शिक्षा-दीक्षामा लागिरहिन् । कविका पूर्वसन्तानसहित सबै लालाबालाको राम्रो स्याहारसम्भार गरिन् र नारी ममताको आदर्श प्रस्तुत गरिन् ।[४३] रत्नदेव श्रीमती राधादेवी शर्मा पौडेल, छोराहरू प्रकाश र प्रवीण, छोरी प्रतीक्षा पौडेल र बुहारी परमा पौडेलको न्यानो माया र

---

[३९] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।
[४०] ऐजन ।
[४१] मुकुन्द शरण उपाध्याय, रत्नदेव शर्माका कृतिहरू (काठमाडौं : प्रकाश पौडेल, २०६२) पृ. आमुख २३) ।
[४२] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।
[४३] मुकुन्द शरण उपाध्याय, रत्नदेव शर्माका कृतिहरू (काठमाडौं : प्रकाश पौडेल, २०६२) पृ. आमुख २६ ।

सेवाशुश्रूषामा आफ्नो ८४ वर्षे वृद्ध जीवन सुखपूर्वक विताउँदा विताउँदै २ वर्षे नाति प्रणवको बाल्यजीवनसँग तातेताते गर्दागर्दै आफ्ना जीवनका तीता अनुभूति र नमिठा घटनाहरूलाई बिर्सिंदै २०६४ मा स्वर्गवास हुन पुगेका छन् ।[४४]

## २.६ व्यक्तिगत रुचि तथा स्वभाव

मानिसको प्रकृति तथा स्वभावलाई उसका हरेक व्यवहारिक क्रियाकलाप र आचरणले प्रतिनिधित्व गरेको हुन्छ । कवि रत्नदेव शर्माको स्वभाव सानैदेखि स्वाभिमानी थियो । याचना र सम्झौता यिनको प्रकृति थिएन । समाजमा भएका अन्याय अत्याचार र विसङ्गतिप्रति यिनको विद्रोही भावना थियो । सानै उमेरदेखि लेख्न, पढ्न र चिन्तनमननंमा रुचि राख्ने शर्माको प्रमुख सेवा तथा साधना साहित्य नै रहेको छ । अन्याय र अत्याचारको विरोधमा लेखकले कलम चलाउनु पर्छ भन्ने धारणा राख्थे । साथी भाइसँग भेट हुँदा भाषासाहित्यसँग सम्बन्धित बौद्धिक कुराकानी गर्न एवं अतिथिसत्कार गर्न निकै रुचि राख्ने शर्मा निश्चल, निष्कपट र स्वाभिमानी व्यक्तिलाई औधि मन पराउँथे भने कपटी धूर्त अपराधमनोवृत्ति भएका व्यक्तिदेखि टाढा रहन्थे । खानेकुरामा दाल भात, सागपात, फलफूल, गेडागुडीको झोल, भुटेको आलु, आलुको अचार, कलेजाको रस, गोरसहरू औधि मन पराउँथे ।[४५] जीवनमा एकपछि अर्को गर्दै खनिएका दुःख र  पीडालाई पन्छाउने क्रममा उनले धुम्रपान र मद्यपानलाई समेत मन पराएका हुन् । जीवनको मध्यान्तरमा उनी धुम्रपान र मद्यपानसँग राम्रै लहसिएका थिए । तर यिनी अहिले पूर्वअवस्थामा फर्किएका छन् र यिनको मद्य तृष्णा पूरै समाप्त भइसकेको छ ।[४६] उनी साधारणतया पातलो शरीर र होचो कदको व्यक्ति कहिले कालो टोपी, कोट र जुत्ता सेतो मयलपोस र सुरुवालको पहिरनमा सजिने र कहिले खास्टो ओढी[४७] बस्न मन पराउँथे । यिनी धेरैथोरै सङ्गीतमा पनि रुचि राख्दथे । व्यवहारिक

---

[४४] प्रकाश पौडेलबाट प्राप्त जानकारी ।

[४५] श्रीमती राधादेवीबाट प्राप्त जानकारी ।

[४६] मुकुन्द शरण उपाध्याय, पृ. ……. आमुख ।

[४७] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

कठिनाइ आइपरेको बेला मन बहलाउन हारमोनियम बजाएर नेपाली जनजिब्रोले स्विकारेका शिष्ट तथा मर्यादित खालका मायाप्रीतिका र सुख-दुःखका लोकगीत गुन्गुनाउने शर्माको सोख थियो । यिनलाई सबभन्दा बढी मन पर्ने सितार लिएर बद्री वस्तादले गाएको “शान्ताकारं भुजगशयनं .......” बोलको भजन थियो ।[४८] यिनी त्यो भजन गुनगुनाइरहने गर्दथे । यी बाहेक यिनी कविता लेख्न, वाचन गर्न र साथीहरूसँग गफ गर्न मन पराउँथे ।[४९]

साहित्यिक विधामा उनलाई मन पर्ने विधा कविता हो । विशेष गरेर उनलाई हिन्दी भाषाको तुलसीकृत रामायण बढी मनपर्छ ।[५०] पत्र-पत्रिकाहरू पढ्ने समसामयिक विषयवस्तुहरूमा छलफल गर्ने र समीक्षा गर्ने उनको बानी थियो । उनले आफ्ना कविताका माध्यमबाट पनि समाजमा भएका विकृति र विसङ्गतिलाई हटाउने प्रयास गरेको पाइन्छ ।

रत्नदेव जीवनको मध्यावधिमा अलि पृथक् स्वभावका थिए । घर परिवार र केटाकेटीसँग दोहोरो नबोल्ने, चिया पिइरहनुपर्ने, छोराछोरीको पढाइलेखाइमा ध्यान नदिने, घरव्यवहारबाट टाढा एकान्तप्रिय रहने बानी उनको थियो ।[५१] पोखराको पुर्ख्यौली घरमा रहँदा घरमाथि डाँडाको टुप्पोमा गई प्राकृतिक रमणीय छटाहरू (माछापुच्छ्रे, अन्नपूर्ण, फेवाताल, सिम्लेनीफाँट) हेर्दै प्रकृतिमै विचरण गर्दथे ।[५२]

यसरी रत्नदेव शर्माका रुचि र स्वभावहरू उनको जीवनका उतारचढावहरूसँगै फरक-फरकरूपमा आएका देखिन्छन् ।

---

[४८] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[४९] प्रकाश पौडेल, रत्नदेव ...... प्रकाशकीय पृ. १ ।

[५०] ऐजन ।

[५१] प्रकाश पौडेल, रत्नदेव ...... प्रकाशकीय पृ. १ ।

[५२] ऐजन, पृ. २ ।

## २.७ भ्रमण

रत्नदेव शर्माले स्वदेशका विभिन्न स्थानका साथै विदेशमा भारतको भ्रमण गरेको छन् ।[छघ] साहित्यको अध्येता र साहित्यकारसमेत भएकाले नेपालका विभिन्न स्थानमा भएका कार्यक्रममा सहभागी हुन पुगेका छन् । भारतको वाराणसीमा उनी हिन्दी र संस्कृतको उच्च-शिक्षा अध्ययनका लागि गएका थिए । उनका कृतिमा भेटिने नेपालका विभिन्न स्थानका नामले पनि उनी पुगेका ठाउँहरूको जानकारी दिन्छ ।

## २.८ राजनीतिक संलग्नता

रत्नदेव शर्मा क्रान्तिकारी स्वभावका थिए । सानैदेखि राजनीतिमा चासो राख्ने शर्माले वामपन्थी विचारधारालाई सकारेका भए पनि कुनै पार्टीको सदस्य भई झण्डा बोकेर भने हिँडेनन् । २००७ सालको राजनीतिक परिवर्तनलाई नजिकैबाट नियालेका शर्मा प्रजातन्त्र प्राप्तिका लागि गरिने कार्यक्रमा कोठेबैठकहरूमा भाषण गर्ने, त्यसैसँग सम्बन्धित कविता लेख्ने र सुनाउने गर्थे ।

## २.९ साहित्यिक प्ररेणा र प्रभाव

सिर्जना शक्ति जन्मजात प्रतिभाको वरदान हुने भएपनि त्यसका निम्नि प्रत्येक साहित्यकारले बाह्य प्रेरणा पाएको र अग्रज-समकालीन साहित्यकारबाट प्रभाव ग्रहण गरेको देखिन्छ ।[५४] रत्नदेव शर्माको साहित्यिक व्यक्तित्त्व निर्माणमा पनि दुई कारक तत्त्व देखापरेका छन् । सम्भ्रान्त परिवारमा हुर्किएका शर्माले आफ्नो बाल्यकालदेखि नै राणा शासनको कठोर यातना देखेका थिए । सम्भ्रान्त सामन्ती वर्गले निरीह वर्गमाथि गरेको अन्याय-अत्याचारको दृश्य आफ्नै आँखाले देखेका थिए । विद्यार्थी अवस्थाबाट नै नेपाली समाजको अनुहार साहित्यको माध्यमबाट देखाउने चाहना विकसित हुँदै गएको थियो । तर पनि उनी पारिवारिक जीवनमा परेको दुर्घटनापूर्ण स्थितिले उनलाई साहित्य

---

[५३] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[५४] केशवप्रसाद उपाध्याय, रिमाल व्यक्ति र कृति, दो.सं. (काठमाडौं साझा प्रकाशन २०३२) पृ. ९९ ।

लेखनमा अझ उत्प्रेरित गऱ्यो । लेखनाथ, देवकोटा, सिद्धिचरण, रिमाल जस्ता सर्जकहरूको सामीप्यले र तिनीहरूका रचनाहरूको अध्ययनले साहित्य सिर्जनामा लाग्न थप प्रेरणा दियो । पारिवारिकरूपमा आफ्नै हजुरबुबा संस्कृतका मूर्धन्य विद्वान् हुनुका साथै कविताहरू पनि लेख्ने हुनाले त्यसको प्रभाव पनि रत्नदेवमा परेको देखिन्छ । रत्नदेव शर्मालाई कविवर तथा प्रसिद्ध अनुवादक कोमलनाथ अधिकारीको सामीप्य प्राप्त भएको थियो । आफ्नै मामा र संस्कृतका शिक्षक कोमलनाथबाट छन्द कविता लेखनमा उनलाई विशेष सहयोग मिलेको थियो ।[५५] आफ्नै आमा पूर्णकुमारीले श्रीमद्भगवतगीता र अध्यात्मरामायण लय मिलाएर वाचन गर्ने हुनाले कविताको प्रभाव पनि यिनमा परेको थियो ।[५६] पारिवारिक पृष्ठभूमिमा पनि लेखनाथ पौडेल जस्ता कविशिरोमणि व्यक्तित्त्व यिनका नजिकैका नातेदार भएको हुनाले लेखनाथको प्रभाव पनि यिनमा परको थियो । रत्नदेवका निम्ति कवि बन्ने प्रेरणा आउनुमा लेखनाथको ठूलो सहयोग छ ।[५७] यिनका गायत्री गुरु टेकनाथ पौडेल सूक्तिसिन्धुकालीन कवि भएकाले र उनकै संसर्गमा हुर्किएकाले गुरु टेकनाथको प्रभाव पनि यिनमा परेको देखिन्छ ।

समाजमा विद्यमान कुरीति, कुसंस्कार, अन्धविश्वास, विसङ्गति, गरिबी, अन्याय, अत्याचार एवं गरिबहरूको विवशता आफ्नै जीवन सङ्गिनीको वियोग जस्ता कुराहरू नै यिनका साहित्य लेखनका प्रेरक स्रोत हुन् । उक्त प्रेरक तत्त्वहरूले नै उनलाई लेखन कार्यतिर उभिप्रेरित गरेको कुरा शर्मा बताउँछन् ।

उपर्युक्त प्रेरणा र प्रभाव ग्रहण गर्दै साहित्य साधनातर्फ अग्रसर भएका रत्नदेव नेपाली जनजीवनको यथार्थलाई अभिव्यक्त गर्दै आफ्नै जीवनमा घटेका घटनालाई सार्वजनिक गर्दै करूणामूलक अभिव्यक्ति र प्रगतिवादी साहित्यकारको रूपमा विद्रोहात्मक र क्रान्तिकारी रचनाहरूको सिर्जना गर्दै आएका छन् ।

---

[५५] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[५६] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[५७] मुकुन्द शरण उपाध्याय, आमुख १९ ।

## २.१० कार्यक्षेत्र

रत्नदेव शर्मा औपचारिकरूपमा कुनै पेसाप्रति संलग्न नभए पनि केही समय उनले आफ्ना छिमेकीहरूका घरमा गई अध्यापन गरेका थिए । सरकारी जागिरप्रति उनलाई खासै मोह जागेन । आफ्नो शारीरिक र मानसिक अस्वस्थताका कारणले गर्दा पनि उनले सोचेअनुरूपका काम गर्न पाएनन् ।

सामाजिकरूपमा रत्नदेव शर्माले विभिन्न शैक्षिक संस्थाहरूलाई सहयोग गरेका छन् । कास्की जिल्लाको सिसुवामा रहेको लक्ष्मी आदर्श माध्यमिक विद्यालय (हालको उच्च मा.वि.)लाई जग्गा प्रदान गरे र सोही विद्यालय दर्ता गर्ने क्रममा उल्लेख्य योगदान समेत गरेका थिए । २०२७ सालमा रत्नदेव शर्माकै सभापति□वमा सम्पन्न लेखनाथको जन्म जयन्ती समारोहमा कास्कीको लेखनाथचोकमा कवि शिरोमणिको अर्धकदको प्रतिमा निर्माण गर्ने निर्णय भएको थियो ।[५८]

सो कार्य पूरा गर्नका लागि रत्नदेव शर्माको प्रेरणा र सहयोग थियो । यिनले खास कुनै सामाजिक संस्थामा आवद्ध रही विशिष्ट कार्य नगरेका भए पनि साहित्यका माध्यमबाट समाजलाई दिएको योगदान बिर्सन सकिँदैन । समाजमा रहेका तत्कालीन कुरीति, कुसंस्कृति र अन्धपरम्पराहरूलाई लक्षित गर्दै खुला चौरमा घण्टौँसम्म बसी भोकतिर्खा बिर्सेर बहस गर्दथे ।[५९] तत्कालीन जमिन्दारी प्रथा र त्यसले निम्त्याएको शोषणप्रति यिनले साहित्यको माध्यमबाट झटारो हान्ने काम गरेका छन् ।

## २.११ आर्थिक स्थिति

रत्नदेव शर्मा उच्च-मध्यमवर्गीय परिवारमा जन्मेकाले उनको आर्थिक अवस्था राम्रो देखिन्छ । खान लाउनमा उनले कहिल्यै पनि अभावको महसुस गर्न परेन । रत्नदेवका हजुरबुबा पं बुद्धिसागर सम्भ्रान्त र शिक्षित थिए । संस्कृत शिक्षाका मूर्धन्य

[५८] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[५९] सत्यमोहन जोशीबाट प्राप्त जानकारी ।

व्यक्तित्व बुद्धिसागर जङ्गबहादुरकी कान्छी छोरीकहाँ दरवारिया पण्डित थिए । पुर्ख्यौलीरूपमा सम्पन्न बुद्धिसागरका छोरा जयदेव सरकारी जागिरे थिए । पुर्ख्यौली रूपमै सम्पन्न, हजुरबुबा र बुबा पनि सरकारी जागिरे भएकाले रत्नदेवको बाल्यजीवन सुखसयलमा बितेको थियो । शिक्षा-दीक्षाका क्रममा पनि रत्नदेवले कहिल्यै आर्थिक अभावको सङ्कटमा पर्नुपरेन । काठमाडौं र पोखरा दुबै ठाउँमा यिनी असम्पन्न छैनन् ।[६०]

रत्नदेव शर्मा शारीरिक र मानसिकरूपमा विक्षिप्त हुँदा उनलाई औषधी-उपचार गर्ने काममा कुनै कञ्जुस्याइँ गरिएको थिएन । त्यतिबेला घरमा आउने जाने सबैलाई राम्रो व्यवहार गर्ने गरेको पाइन्छ ।[६१] पुर्ख्यौली थलोमा रहेको सम्पूर्ण सम्पत्ति हालसम्म बेचबिखन गरिएको छैन ।[६२] याचना र सम्झौता यिनको प्रकृति थिएन ।[६३] पारिवारिक सुखसयलमा रहँदा रहँदै पनि जीवनमा अनेक दुर्घटना खेप्दै रहेको रत्नदेव शर्माले औषधी उपचारमा कुनै कमी भएको महसुस नगरी ८४ वर्षे जीवनलाई विश्राम दिएका छन् ।[टढ]

## २.१२ सम्मान तथा पुरस्कार

रत्नदेव शर्माले आफ्नो देश र जनताका लागि साहित्यका माध्यमले गरेको योगदानस्वरूप उनलाई विभिन्न संघ-संस्थाले पुरस्कार र सम्मान प्रदान गरे । २०२२ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सवमा तृतीय भई रु. ५००/- नगद र प्रमाणपत्र प्राप्त गरेका थिए ।

रत्नदेव शर्मालाई उनको कवि व्यक्तित्वको मूल्याङ्कन गर्दै लेखनाथ साहित्य प्रतिष्ठानले वि.सं. २०२७ सालमा अभिनन्दन गरेको थियो । यसबाहेक उनलाई अन्य दुई संस्थाले सम्मान गरेको सम्झना छ तर ती संस्थाको नाम र आफू सम्मानित तिथि

---

[६०] मुकुन्द शरण उपाध्याय, रत्नदेवशर्मा ............. पृ. आमुख २० ।

[६१] ऐजन, पृ. २४ ।

[६२] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[६३] ऐजन, पृ. २४ ।

[६४] प्रकाश पौडेलबाट प्राप्त जानकारी ।

मिति उनलाई थाह भएन । यी केही सम्मान र पुरस्कारबाहेक उनको यथार्थ मूल्याङ्कन र सम्मान हुन सकेको छैन । रत्नदेव शर्मा प्रति सामाजिक न्याय हुन सकेको छैन ।[६५]

## २.१३ साहित्य लेखन

साहित्य शास्त्रभन्दा बढी कला हो । सिर्जना शक्ति जन्मजात प्रतिभाको वरदान हुने भए पनि त्यसका निम्ति प्रत्येक साहित्यकारले बाह्य प्रेरणा पाएको र अग्रज समकालीन साहित्यकारबाट प्रभाव ग्रहण गरेको देखिन्छ ।[६६] रत्नदेव शर्माको साहित्यिक व्यक्तित्व निर्माणमा अग्रज साहित्यकारको प्रभाव र प्रेरणाले महत्त्वपूर्ण भूमिका खेलेको छ । आफ्नै हजुरबुबा पं. बुद्धिसागर पनि कवि भएको र बाबु जयदेव पनि शिक्षित रहेका, आमा पूर्णकुमारीले गीत, अध्यात्म रामायण लय मिलाएर वाचन गर्ने गरेको देखेकाले कविताप्रति उनको रुचि बढ्न गयो । साहित्यका काव्य, कविता, कथा, उपन्यास, नाटक आदि मध्येभावपूर्ण रचना विधाअन्तर्गत रत्नदेव कविता लेखनतिर लागे । आफ्नै छिमेकी र नाताले बन्धु लेखनाथ त्यस्तै गोपालप्रसाद रिमाल, माधव प्रसाद घिमिरे, सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा, वासु शशी जस्ता[६७] कविहरूको प्रभावले पनि यिनलाई साहित्यप्रति बढी अनुरागी बनायो ।

अङ्ग्रेजी साहित्यका सेक्सपियर, सेली, वर्डस्वर्थको प्रभाव र हिन्दी भाषाको तुलसीकृत रामायणको अध्ययनले यिनलाई साहित्यलेखनतर्फ अग्रसर बनायो । तत्कालीन समयका वरिष्ठ कविहरूको सामीप्य र घरपरिवारबाट प्राप्त शैक्षिक र साहित्यिक वातावरण रत्नदेवका लागि सौभाग्य साबित भए ।

उपर्युक्त प्रेरणा र प्रभाव ग्रहण गर्दै साहित्य साधनातर्फ अग्रसर भएका शर्मालाई निम्नवर्गीय नेपाली जनजीवनको यथार्थ, नेपाली प्रकृतिका विविध रूप, रङ्ग र बान्कीहरू, तत्कालीन नेपाली राजनीतिमा देखिएका विकृति र विसङ्गतिहरू एवं आफ्नै

---

[६५] मुकुन्द शरण उपाध्याय, रत्नदेवशर्मा, पृ. आमुख २० ।

[६६] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. ९९ ।

[६७] मुकुन्द शरण उपाध्याय, आमुख, पृ. २० ।

जीवनमा परेका पत्नीवियोग, पितृवियोग र भ्रातृवियोग जस्ता घटनाले साहित्य सिर्जनातर्फ लगायो । हृदयको अन्तर तहसम्म लुकेर बसेकी प्रथम पत्नी 'बुलु' ले अचानक छोडेर परलोक लागेपछि रत्नदेव शर्मा बेसाहारा बन्न पुगे । बुलुको विछोड र पीडाबाट बगेका आँसुलाई रत्नदेवले अक्षर बनाउने निधो गरे । रत्नदेव शर्मा नेपाली साहित्यमा सुरुमा स्वच्छन्दतावादी र पछि प्रगतिवादी क्रान्तिकारी साहित्यकारकोरूपमा चिनिन्छन् ।

## २.१४ लेखन प्रारम्भ

रत्नदेव शर्माका कविताहरू 'शारदा'देखि नै प्रकाशित हुन थालेका हुन् ।[६८] प्राध्यापक घटराज भट्टराईको नेपाली साहित्यकोश अनुसार यिनको प्रथम कविता 'उद्योग' नामक पत्रिकामा छापिएको थियो तर सो कविता हाल अप्राप्त छ ।[६९]

वि.सं. २००४ सालपछि नेपाली कवितामा कलम चलाएका रत्नदेव शर्माका कविताहरू रूपरेखा, मधुपर्क, हिमानी, रमझम, गोरखापत्र, साहित्यस्रोत, कवितालगायतका पत्र-पत्रिकामा प्रकाशित भएका थिए । हृदयको अन्तर तहसम्म लुकेर बसेकी जीवन सङ्गिनी 'बुलु' को विछोडको पीडाबाट बगेका आँसुले उनलाई कवितातिर लाग्न प्रेरित गऱ्यो । 'बुलु' कै स्मृतिमा उनले 'नौली' नामक खण्डकाव्यको रचना गरे । शास्त्रीय वर्णमात्रिक अनुष्टुप छन्दमा लेखिएको प्रस्तुत नौली खण्डकाव्यको पहिलो प्रकाशन वि.सं. २०११ मङ्सिरमा भएको हो ।[७०] बागेश्वरी छापाखाना, झोँछेमा मुद्रित र तीर्थराज बी.ए.को प्रकाशकत्वमा प्रकाशित विप्रलम्भ शृङ्गारको उत्कृष्ट नमुनाकारूपमा 'नौली' खण्डकाव्य रहेको छ । आफ्नी स्वर्गीय प्रणयिनीमा समर्पित यो कृति लघु खण्डकाव्य हो । अभिव्यञ्जनापरक र मार्मिक पङ्क्तिहरू भएको यो कृति

---

[६८] मुकुन्द शरण उपाध्याय, आमुख, पृ. २८ ।
[६९] ऐजन ।
[७०] ऐजन, पृ. २९ ।

कविको अत्यन्त प्रिय थियो ।[७१] नेपाली साहित्यमा 'नौली' खण्डकाव्यले राम्रै स्थान जमाइसकेको पाइन्छ । कवि र कृति दुबैका लागि नौली खण्डकाव्य राम्रो थियो । त्यसैले रत्नदेव शर्माका त्यसपछि प्रकाशित सम्पूर्ण कृतिहरूमा यसलाई समेत मिसाएर छाप्ने गरेको देखिन्छ । 'नौली र अरू कविता' नामक कृति वि.सं. २०२७ मा प्रसिद्ध साहित्यकार वासुदेव शर्मा लुइँटेलको प्रकाशकत्वमा जगदम्बा प्रेस, ललिपुरबाट छापिएको देखिन्छ । 'नौली र अरू कविता'मा तीन दर्जन जति फुटकर कविता र पुछारमा 'नौली' खण्डकाव्य अक्षरशः छापिएको छ ।[७२]

**प्रकाशित कृतिहरू**

१. वि.सं. २००४ सालमा 'उद्योग' पत्रिकामा पहिलो कविता प्रकाशित

२. 'नौली (खण्डकाव्य' २०११)

३. 'नौली र अरू कविता' (कविता सङ्ग्रह २०२७)

४. 'हिमशिखा' (कविता सङ्ग्रह २०२८)

५. 'ज्यूँदो आँखा'बाट काव्य र कलाको सम्मिश्रण भएको विशिष्ट कविता कृति (कवितासङ्ग्रह २०३५)

२०११ सालमा प्रकाशित 'नौली' खण्डकाव्यमा रत्नदेव शर्माले शास्त्रीय लय र अनुष्टुप छन्दको प्रयोग गरेका छन् । यस कृतिमा रत्नदेव शर्मा शास्त्रीय वर्णमात्रिक छन्दमा सफल छन् । सहज र सरल ढङ्गमा लेखिएको 'नौली' खण्डकाव्य लयात्मक श्रुतिरम्यताका दृष्टिले उत्कृष्ट छ । रत्नदेवको अर्को फुटकर कवितासङ्ग्रह 'नौली र अरू कविता' मा ३६ ओटा कविताहरू सङ्गृहित छन् । गद्य र पद्य दुबै छन्दमा लेखिएका यी कविताहरूमा प्रकृतिको सुन्दर र मनोहर रूपका साथै विद्रोह र क्रान्तिका ज्वारभाटाहरू समेत विषयवस्तुकारूपमा रहेका छन् । कवि रत्नदेव शर्माको प्रणयवादी

---

[७१] ऐजन, पृ. ३० ।

[७२] ऐजन, पृ. ३०, ३१ ।

र स्वच्छन्दतावादी चेतनाले राम्रैसँग फल्ने र फूल्ने मौका यस सङ्ग्रहमा पाएको छ । यिनको विद्रोही स्वर जति शसक्त छ प्रणयी स्वर पनि कम तिख्खर छैन ।[७३] पद्य कविताबाट गद्य कवितातिर लागेका रत्नदेवले गद्य कवितामा चलाएको कलमले मानवजीवनका विविध पक्षहरूका साथै प्राकृतिक, सामाजिक, सांस्कृतिक र धार्मिक पक्षहरूलाई राम्रैसँग उद्घाटित गर्न सकेको छ । यिनको सामाजिक विद्रोह यस सङ्ग्रहमा तिखारिएर प्रस्तुत भएको छ । वि.सं. २०२८ मा प्रकाशित 'हिमशिखा' कविता सङ्ग्रह प्रकाशनका दृष्टिले उनको तेस्रो कृति हो । यस सङ्ग्रहमा पनि विद्रोहका उत्कृष्ट बिम्ब र क्रान्तिका स्वरहरू घन्केका छन् । विसङ्गति, विभेद, शोषण र अन्यायले भरिएको नेपाली समाजको आवाजलाई रत्नदेवका कविताले प्रतिनिधित्व गरेका छन् ।[७४] यस कृतिको प्रकाशन कवि केदारमान व्यथितद्वारा स्थापित नेपाली साहित्य संस्थानले गरेको हो ।

'ज्यूँदो आँखाबाट' नामक कृति २०३५ मा काव्य र कलाको सम्मिश्रणसहित शर्माको चौथो कृतिकारूपमा प्रकाशित भएको छ । नेपालका वरिष्ठ चित्रकार तथा सम्मानित प्राज्ञ उत्तम नेपालीको अमूर्त अभिव्यक्तिमा मुछिएर छापिएको यस कृतिले भावनाको अन्तस्तलसम्म स्पर्श गर्न सकेको छ । वर्णनातीत भावहरूलाई अमूर्त कलाले टिप्ने प्रयास कलाकारबाट भएको छ ।[७५] कविताको गम्भिर अभिव्यञ्जनालाई ठाडा र तेर्सा रेखा र अन्य विविध अमूर्त कलाको सहारा लिएर पढ्न खोज्नेका लागि नेपाली काव्य विधामै एउटा नौलो र अद्भुत प्रयोग[७६] हो भन्न सकिन्छ । नेपाली साहित्यका समकालीन प्रतिभा रत्नदेव शर्मा र उत्तम नेपालीले स्थापित गरेको कविता कलाको दोभानले नेपाली पाठकहरूका लागि मनन्योग्य र अध्ययनयोग्य सामग्री पस्केको छ ।

---

[७३] ऐजन, पृ. ३६ ।
[७४] ऐजन, पृ. ३६ ।
[७५] ऐजन, पृ. ४० ।
[७६] ऐजन, पृ. ४० ।

## २.१५ साहित्यिक मान्यता

साहित्य समाजको दर्पण हो । समाजले आफ्ना सेता र काला, असल तथा खराब अनुहार ऐनारूपी साहित्यमा देख्न पाउनुपर्छ भन्ने धारणा राख्ने रत्नदेव शर्मा साहित्यले समाजको यथार्थ चित्र उतारेको हुनुपर्दछ भन्दछन् । कुनै पनि लेखकले आफ्ना रचनाहरू कुनै वाद र प्रणालीरहित बनाउन चाहे पनि त्यसमा एउटा न एउटा वाद प्रवाहित भएकै हुन्छ भन्ने रत्नदेव शर्मा सामाजिक यथार्थ नै नेपाली साहित्यको मार्गदर्शक भएको कुरा व्यक्त गर्दछन् । उनी जीवन-जगत्‌को यथार्थता साहित्यमा भित्रिनु पर्छ; कलामा भित्रिनु पर्छ भन्ने धारणा राख्छन् । उनी सामाजिक जीवनका उकाली-ओराली सुख-दुःख, आँसु-हाँसो, घाम-छाया आदिलाई साहित्य-सर्जकहरूले साहित्यमा कलात्मकरूपमा दिन सक्नुपर्छ भन्ने मान्यता राख्दछन् । प्रेमजनित पीडाबाट भोग्नु परेका तीता यथार्थ, धनी वर्गबाट थिचिएका गरिबहरूको निरीह अवस्थाको अभिव्यक्ति, तत्कालीन राजनैतिक अवस्थाले सिर्जना गरेको विसङ्गत अवस्था र स्थितिप्रतिको यथार्थ चित्रण यिनका कृतिहरूमा गरिएको छ ।

## २.१६ मृत्यु

जीवनको अन्तिम समयतिर रत्नदेव शर्मालाई खुट्टा सुनिने, शरीर फुल्नेजस्ता रोगले सताएपछि उनलाई शिक्षण अस्पताल महाराजगञ्ज लगिएको थियो । उनलाई भेट्न विभिन्न साहित्यिक व्यक्तित्वहरू र पारिवारिक व्यक्तित्वहरू पुग्दा उनी सबैसँग राम्रैगरी बोलीराखेका थिए । यसरी बोल्दा बोल्दै उनलाई अस्पतालबाट घर फिर्ता गरियो ।[७७] २०६४ वैशाख १५ गते श्रीमती राधादेवी अधिकारी, छोरा प्रकाशलगायत परिवारका व्यक्तिहरूसँग बोल्दाबोल्दै राति ८:४५ बजे उनको निधन भएको थियो । त्यसपछि पशुपति आर्यघाटमा हिन्दू परम्पराअनुसार उनको अन्तिम दाहसंस्कार गरियो ।

---

[७७] प्रकाश पौडेलबाट प्राप्त जानकारी ।

# अध्याय तीन

# रत्नदेव शर्माको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

व्यक्तिका जीवनका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्व निर्माणमा कुनै पनि मानिसका जीवनका भोगाइका क्रममा आउने विविध घटना, आरोह-अवरोह, घात-प्रतिघात, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-उपमोड, क्रिया-प्रतिक्रियाहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । "...... व्यक्ति-व्यक्तिका समस्या जैविक जन्मजात विन्यास, उद्वेग, झुकाव, क्षुधा, मूल प्रवृति तथा अर्जित विन्यास एवं प्रवृत्तिहरूको समूह हो । यसबाट व्यक्तित्व वंशपरम्परागत जैविक वृत्तिपुञ्जकारूपमा सृजित हुन्छ र शिक्षा-दीक्षा सङ्गत र वातावरणका आलोकबाट प्राप्त वा आर्जित अनुभवद्वारा संमृद्ध बन्छ ।"[७८] परिस्थिति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्ति हो ।[७९] सार्वजनिक र निजी गरी कुनै पनि व्यक्तिको व्यक्तित्वलाई मूलतः दुई प्रकारले हेर्न सकिन्छ ।

व्यक्तिका निजी व्यवहारसँग सम्बद्ध विषयलाई निजी व्यक्तित्व भनिन्छ जसमा आन्तरिक र बाह्य व्यक्तित्व पर्दछन् । कुनै पनि व्यक्तिको सार्वजनिक व्यक्तित्वको स्पष्ट जानकारीका लागि पनि उसको निजी व्यक्तित्व सहयोगी हुन्छ किनभने निजी व्यक्तित्वका स्पष्ट छवि उसका सार्वजनिक व्यक्तिका चरण-चरणमा पसेको हुन्छ । समाज अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नुलाई सार्वजनिक व्यक्तित्व भनिन्छ ।

सार्वजनिक व्यक्तित्वलाई पनि साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई भागमा राख्न सकिन्छ । साहित्यिक व्यक्तित्वलाई पनि स्रष्टा व्यक्तित्व र द्रष्टा

---

[७८] केशवप्रसाद उपाध्याय, "मोतीरामको व्यक्तित्व र योगदान", मोती स्मृति ग्रन्थ, (काठमाडौं : नेपाली शिक्षा परिषद्, २०३९) पृ. ३९ ।

[७९] दशरथ ओझा, समीक्षा शास्त्र (दिल्ली : राजपा एण्ड सन् ई. १९७५) पृ. ३१ ।

व्यक्तित्व गरी दुई भागमा विभाजन गर्न सकिन्छ । स्रष्टाभित्र सिर्जना गरिएका साहित्यिक विधाहरू पर्दछन् भने द्रष्टाभित्र समालोचना, समीक्षा, सम्पादन जस्ता कार्यहरू पर्दछन् । साहित्यसँग सम्बद्ध नरहे पनि समाजका विभिन्न कार्यहरूको आधारमा देखिने व्यक्तित्व साहित्येतर व्यक्तित्व हो । जीवनमा उसले देखाएका क्रियाशीलता र योगदान नै उसको व्यक्तित्व निर्माणको आधारशिला बनेको मानिन्छ । यिनै आधारमा रत्नदेव शर्माको व्यक्तित्व चिनाउने काम यहाँ गरिएको छ ।

## ३.२ निजी व्यक्तित्व

मानिसको वैयक्तिक व्यवहारिकताबाट प्रकाशित हुने निजत्वलाई उसको निजी व्यक्तित्व स्विकार्नु पर्दछ । व्यक्तिको आनीबानी र व्यवहारसँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । निजी व्यक्तित्वले सार्वजनिक व्यक्तित्वमा प्रभाव पार्दछ । व्यक्तित्वको सही ज्ञानका लागि व्यक्तित्वको बाह्य (बाहिरी) आकार प्रकार र उसको शीलस्वभाव, आचरण र प्रवृत्तिका सापेक्षतामा अवलोकन गर्नु उपर्युक्त हुने हुनाले रत्नदेव शर्माको निजी व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजित गरेर यहाँ केलाउने प्रयास गरिएको छ ।

### ३.२.१ बाह्य व्यक्तित्व

शरीरको बनावट, आकार-प्रकार नै बाह्य व्यक्तिसँग सम्बन्धित छन् । पातलो शरीर होचो कदका रत्नदेव शर्मा कालो टोपीमा कोट जुत्ता र सेतो मयलपोस सुरुवालको पहिरनमा सजिने र कहिले खास्टो ओडी बस्ने रत्नदेव जीवनका सोपानहरू चढ्दाचढ्दा थाकेका देखिन्थे । उनलाई आफ्ना कविताका पुस्तकहरू पल्टाएर हेर्ने रहर लाग्थ्यो तर उनको बृद्ध र कलान्त शरीरले साथ दिँदैनथ्यो ।[८०] घर परिवारसँग भन्दा बढी बाह्य व्यक्तिसँग बोल्न रुचाउने गम्भीर र शान्त स्वभाव भएका रत्नदेव मधुरो आवाजमा बोल्थे, सोंचविचार गरेर थोरै शब्द मात्रै बोल्थे । अर्काका साधारण कुराप्रति

[८०] मुकुन्द शरण उपाध्याय, आमुख, पृ. १४ ।

चासो नगर्ने, अनावश्यक वादविवाद र झैझगडामा नजाने, सानैदेखिको बानी रहेको पनि बताउने रत्नदेव शर्मा[८१] उच्चस्तरीय साहित्यिक पत्रपत्रिका पढ्न रुचाउँथे तर आँखाले उनलाई साथ दिदैनथ्यो । सबैसँग मित्रता र सौहार्द्रता गाँस्ने, कसैको कुभलो नचिताउने, कसैको चियो चर्चा नगर्ने उनको स्वभाव थियो । रत्नदेवका साँइलो छोरा प्रकाशको २ वर्षे छोरा (नाति) प्रणवको बाल्यपनसँग तातेताते गर्दै ८४ वर्षे उमेरमा स्वर्गवास भए ।

### ३.२.२ आन्तरिक व्यक्तित्व

रत्न्देव शर्माको आन्तरिक व्यक्तित्वलाई बुझ्दा यिनी सानै उमेरदेखि गम्भीर र अन्तर्मुखी स्वभावका थिए भन्ने बुझिन्छ ।[८२] सम्भ्रान्त परिवारमा हुर्केकाले रत्नदेव शर्माको बाल्यकालमा बालसुलभ चञ्चलेपन त थियो तर अध्ययनलाई निरन्तरता दिँदै साहित्यिक क्षेत्रबाट प्राप्त भएको अनुभवले उनलाई शान्त र गम्भीर स्वभावमा परिणत गरिदियो । समाज र राष्ट्रमा देखापरेका विकृतिप्रति उनी चिन्तित देखिन्थे । सामाजिक र राष्ट्रिय स्वार्थका लागि आफ्नो जीवनको सदुपयोग गर्नुपर्छ भन्ने भावना उनमा थियो । वैचारिकरूपमा साहित्यिक हिसावले प्रगतिवादी धाराप्रति आस्था राखे पनि अन्य विचार राख्ने मानिसहरूप्रति उत्तिकै सम्मान गर्दछन् । कसैलाई दु:खकष्ट परेको बेला सहयोग गर्ने क्रममा जुनसुकै आस्था र विचार राख्ने व्यक्ति भए पनि उनले सबैलाई सहानुभूति प्रकट गरेका छन् । यही गुणले गर्दा यही समर्पणभावले गर्दा यिनी सबैका लोकप्रिय रहे । ब्राह्मण परिवारका भए पनि कट्टर बाह्मणवादी विचारमा उनको आस्था देखिँदैन धार्मिक र आध्यात्मिक क्षेत्रमा उल्लेख्यरूपमा सहभागी पनि भएनन् र धर्मप्रति गरिने विश्वासमा अरूलाई तगारो पनि लगाएनन् । रत्नदेव शर्माले जीवनको मध्यान्तरमा पत्नीवियोगबाट सृजित अवस्थाले मानसिक र शारीरिक विक्षिप्तता

---

[८१] रत्नदेव शर्माबाट प्राप्त जानकारी ।

[८२] दुर्गादेवी घिमिरे ।

अँगाल्नु पर्दा पनि आफ्नो स्वाभिमानलाई कहिल्यै गुम्न दिएनन् ।[८३] यसरी आन्तरिक व्यक्तित्वको अध्ययन गर्दा रत्नदेव शर्माका सहयोगी कर्मयोगी स्वालम्बी, स्वाभिमानी जस्ता आन्तरिक विशेषताहरू भेटिन्छन् ।

## ~~३.३ सार्वजनिक व्यक्तित्व~~

मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमा घुलमिल भएर बस्न चाहन्छ । व्यक्तिले समाजलाई जुन प्रभाव र प्रेरणा प्रदान गर्दछ त्यही नै सार्वजनिक व्यक्तित्वभित्र पर्दछ । रत्नदेव शर्मा पनि नेपाली साहित्यका एक सृजनशील व्यक्तित्व हुन् । विशेष गरी समाजका अन्य क्षेत्रमा भन्दा बढी योगदान उनले साहित्यिक क्षेत्रमा गरेका छन् । समाज हितका लागि यिनले गरेका सामाजिक कार्यहरूमा कास्की सिसुवाको लक्ष्मी आदर्श माध्यामिक विद्यालय (हालको उच्च मा.वि.)लाई जग्गा दान र सोही विद्यालयको दर्ता प्रक्रियाका क्रममा गरेको सहयोग उल्लेख्य छ । यसैगरी कास्की लेखनाथ चोकमा निर्मित लेखनाथ पौड्यालको सालिक निर्माणका क्रममा यिनले दिएको प्रेरणा र गरेको सहयोग स्तुत्य छ । साहित्यका माध्यमले समाजका निम्नवर्गीय श्रमजीवीहरूको दयनीय अवस्थाको उदाहरण गर्दै तिनीहरूको उत्थानका लागि क्रान्तिकारी भावना व्यक्त गरेका छन् भने अर्कातिर समाजका कुरीति र कुप्रथाप्रति विद्रोह गरेका छन् ।

## ३.४ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनैपनि व्यक्तिको साहित्यिक व्यक्तित्व पत्ता लगाउन त्यस व्यक्तिका साहित्यिक कृतिको अध्ययन गर्नुपर्ने हुन्छ । साहित्यका विभिन्न विधामा गरिएको योगदानबाट साहित्यिक व्यक्तित्व प्रकट हुन्छ । साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टा गरी दुई भागमा वर्गीकरण गरेर राखिने भए पनि रत्नदेव शर्माको द्रष्टा व्यक्तित्व नभएकाले उनको स्रष्टा व्यक्तित्वको बारेमा मात्र यहाँ चर्चा गरिन्छ । वि.सं. २००४ देखि साहित्य सिर्जनामा लागेका रत्नदेवले एउटा खण्डकाव्य र तीन वटा

[८३] रत्नदेव शर्माबाट प्राप्त जानकारी ॥

फुटकर कविता सङ्ग्रह प्रकाशित गरेका छन् । साहित्यका कविता, कथा, नाटक, उपन्यास र निबन्धमध्ये रत्नदेवले कविता विधामा मात्र कलम चलाएका छन् ।

रत्नदेव शर्माले खण्डकाव्य र  फुटकर कविताहरूको सिर्जना गरेकाले उनको स्रष्टा व्यक्तित्वलाई र कवि व्यक्तित्व र खण्डकाव्यकार व्यक्तित्व गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ३.४.१ कवि व्यक्तित्व

रत्नदेव शर्माले वि.सं. २००४ देखि कविता लेख्न प्रारम्भ गरेका हुन् । 'उद्योग' पत्रिकामा प्रकाशित पहिलो कवितापछि उनका कविताहरू रमझम, शारदा, रूपरेखा, गोरखापत्र, मधुपर्कमा प्रकाशित भएका छन् । २०२७ सालमा प्रकाशित 'नौली र अरू कविता' शीर्षकको कविता सङ्ग्रहमा ५३ वटा कविताहरू सङ्ग्रहित छन् । २०३५ सालमा प्रकाशित 'ज्यूँदो आँखा'बाट काव्य र कलाको सम्मिश्रण भएको विशिष्ट कविता कृति प्रकाशित भएको छ । यी बाहेक उनका पाँच दर्जन जति कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको कुरा शर्मा बताउँछन् । रत्नदेवका यिनै कविताहरूका आधारमा कवि व्यक्तित्वको चित्रण गर्न सकिन्छ ।

रत्नदेव शर्माका साहित्यिक कृतिहरूलाई सङ्ख्यात्मक दृष्टिले हेर्दा उनको उर्वर विधा कविता नै हो । अरूका कविताहरूमा सामाजिक तथा सांस्कृतिक विकृति, विसङ्गतिप्रति तीव्र व्यङ्ग्य, अन्याय अत्याचारको विरोध, समसामयिक राजनीतिप्रति रोष व्यक्त गरिएको पाइन्छ । त्यसैगरी शर्माका कवितामा प्रकृतिचित्रण, देशभक्तिको भावना, प्रेमप्रणय, स्वदेशी संस्कृतिको गायन, विश्वबन्धुत्वको भावना तथा मानवतावादी चिन्तन आदि प्रकट भएको छ । उनका कविताको स्वरगत प्रवृत्तिलाई हेर्दा स्वच्छन्दातावादी-प्रगतिवादी स्वर मुखरित भएको देखिन्छ । शर्माका कवितालाई लयगत दृष्टिले हेर्दा अन्त्यानुप्रासयुक्त खण्डित लोकलय र अन्त्यानुप्रास मिलाएर समान पङ्क्तिमा लेखिएका अन्तरलयात्मक गद्य कविताहरू सहज र सम्प्रेष्य भाषामा रचना गरिएको पाइन्छ । यिनका अधिकांश पद्य कविताहरू अनुप्रासयुक्त तुक्बन्दीको प्रयोग

भएका पाइन्छन् । साथै कतैकतै बिम्ब, प्रतीक र अलङ्कारको नियोजित प्रयोग पनि भएको देखिन्छ । शर्माका प्रकाशित तीन कविता सङ्ग्रहका आधारमा हेर्ने हो भने यिनलाई देशप्रेमी कविकारूपमा राख्न सकिन्छ । उनका कवितामा देशप्रेमको छाप स्पष्टसँग देख्न सकिन्छ ।

कवितात्मक सिर्जनाका यही अन्तःप्रेरित भावनाका प्रतिबद्धतासामु समर्पित रत्नदेवलाई कविताले नै जीवन दिएको छ । सरल भाषामा सामान्य जनताले पनि बुझ्न सक्ने शर्माका कविता जनचेतना जगाउने खालका छन् । उनका कविताहरू सरल, गेयात्मक छन् । कविता लेखनको पहिलो चरणमा उनले रोमान्टिक धारालाई पछ्याएर कविता लेखेका थिए । लेखनाथको शैलीलाई आत्मसात गर्दै पूर्वीय साहित्य सिद्धान्तलाई अधिकाधिक प्रयोग गर्दै भावनात्मक तरङ्गहरूको गङ्गालाई उनले प्रवाहित गर्दै गए । यी सम्पूर्ण कार्यहरू तथा प्रकृतिहरूलाई हेर्दा उनको कवि व्यक्तित्व गरिमामय र सम्मानयोग्य देखिन्छ ।

### ३.४.२ खण्डकाव्यकार व्यक्तित्व

रत्नदेव शर्माले आफ्नो भोगाइबाट आर्जित अनुभूतिमा भावनाका कोमल अभिव्यक्तिद्वारा 'नौली' खण्डकाव्यको सिर्जना गरेका छन् । नेपाली साहित्यका प्रसिद्ध साहित्यकारहरूका सीमित र ती साहित्यकारका कृतिहरूमार्फत् अध्ययन गर्ने अवसर पाएका रत्नदेवको सिर्जनशील प्रतिभाले कविता र खण्डकाव्य मार्फत प्रस्फुटन हुने सौभाग्य पायो र यिनी सफल कवि हुन सकेका छन् । सफल खण्डकाव्य हुनका लागि शीर्षक, भाषाशैली, लय, संरचना, अल्पकथानक, भावको सरल र सहज अभिव्यक्ति बिम्ब प्रतीकको प्रयोग व्यञ्जना एवं विधागत आयाम जस्ता कुराहरूमा ध्यान दिइएको हुन्छ ।

'नौली' खण्डकाव्यले रत्नदेव शर्माको वास्तविक जीवनलाई व्यक्त गरेको छ । २२ वर्षे भर्भराउँदो उमेरमा भएको पहिलो विवाहले उनलाई दुई वर्ष पनि सुखी रहन दिएन । हृदयको अन्तरतहसम्म लुकेर बसेकी जीवन सङ्गिनीबुलुको विछोड पीडाबाट

बगेका आँसुलाई अक्षरमा बदल्ने क्रममा प्रस्तुत 'नौली' खण्डकाव्यको सिर्जना हुन पुगेको हो । बुलुको स्मृतिले जन्माएको 'नौली' खण्डकाव्य रत्नदेव शर्माको पहिलो र अन्तिम खण्डकाव्यसमेत हो ।

खण्डकाव्यको भाषाशैली सहज र सरल हुनु आवश्यक छ ।[८४] कविताको सफलता-असफलता भाषाशैलीले निर्धारण गरेको हुन्छ । शर्माका कवितामा अन्त्यानुप्रास र उपमा अलङ्कारको प्रशस्त उपस्थितिले गर्दा 'नौली' खण्डकाव्यका कविताहरू सुन्दर र सुकोमल, मर्मस्पर्शी र हृदयस्पर्शी बन्न पुगेका छन् । प्रकृति प्रयोगका दृष्टिले 'नौली' खण्डकाव्य रत्नदेव शर्माका अन्य कृतिहरूमा उत्कृष्ट मानिन्छ । प्रकृतिको कोमल र मनोरम दृश्यको प्रतिबिम्बका साथै नेपाली जनजीवन, नेपाली धर्ती र नेपाली वातावरणको सजीव चित्र पनि 'नौली' खण्डकाव्यमा आएको छ । प्रकृतिमा रहेका सूर्य, हावा, पानी, घाम, फूल, घाँस, वन-जङ्गल, छहरा, झरना आदिलाई पनि खण्डकाव्यकार शर्माले 'नौली'मा प्रयोग गरेका छन् । नारी सौन्दर्यको वर्णनमा र विप्रलम्भ शृङ्गारको प्रभावकारी संयोजनमा शर्माको खण्डकाव्यकार व्यक्तित्वले फुल्ने र फल्ने मौका पाएको छ । 'नौली' खण्डकाव्यलाई रत्नदेव शर्माले छ वटा (नौली, स्वप्न, बिहान, प्रतीक्षा, यात्री फेरि आउँछ, नौली र चन) उपशीर्षकमा विभाजन गरेका छन् । झट्ट हेर्दा खण्डरूपमा देखिए पनि यो अखण्डित छ । खण्डकाव्य बीचबाट उठी बीचैमा टुङ्गिएको केही अल्पकथानक लिएर क्रमबद्ध भए पनि पूर्णरूप नदेखिएको छोटो आकारको हुन्छ[८५] भन्ने संस्कृत खण्डकाव्य सिद्धान्तसँग 'नौली' ले बढी मात्रामा सामञ्जस्य राख्दछ ।

कवि एवं खण्डकाव्यकार रत्नदेव शर्माको खण्डकाव्यकार व्यक्तित्व नेपाली कविताका फाँटमा सशक्त रहेको छ । पूर्वीय साहित्यिक मान्यतालाई अधिकतम उपयोग गर्ने शर्माले लेखेको 'नौली' खण्डकाव्य शीर्षक, छन्द र लय, बिम्ब

---

[८४] मोहन हिमांशु थापा, साहित्यिक परिचय, चौथो संस्करण, (काठमाडौ : साझा प्रकाशन, २०५०) पृ. ५९ ।
[८५] सोमनाथ सिग्द्याल, साहित्यप्रदीप, दो.सं. (काठमाडौं : पुस्तक संसार, २०२८) पृ. १०७ ।

प्रतीकविधान, अन्तर्कथात्मक संरचना, प्रकृतिको प्रयोगमा विशिष्टता आयामगत सन्तुलन भाषाशैलीमा सरलता र सहजता भावको पोखाइमा सहजता आदि खण्डकाव्यात्मक गुणले गर्दा नेपाली खण्डकाव्य परम्पराकै उत्कृष्ट खण्डकाव्य हुन पुगेको छ ।

### ३.४.२.१ राष्ट्रियता

कवि रत्नदेव शर्माले आफ्ना कविताहरूमा देशभक्ति, राष्ट्रिय स्वाभिमान, राष्ट्रिय एकता, सहिदहरूको सम्मान, नेपालीहरूको वीरता जस्ता राष्ट्रियताका स्वरहरू अभिव्यक्त गरेका छन् । राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाह राष्ट्रपिता त्रिभुवन लगायतका व्यक्तिहरूको राष्ट्रप्रतिको समर्पणभावलाई उल्लेख गर्दै राष्ट्रहितका लागि उनीहरूले दिएको बलिदानलाई, खर्चेको रगत पसिनालाई कवि शर्माले यथार्थरूपमा आफ्ना कवितामा अभिव्यक्त गरेका छन् । पृथ्वीनारायण शाहले एकीकरण गरेको सुन्दर नेपालको नागरिक हुन पाएकोमा गर्व गरिएको छ । राष्ट्रपिता त्रिभुवनले राष्ट्रका लागि, नेपाली जनताको अधिकार र स्वतन्त्रताको रक्षाका लागि राजगद्दीलाई समेत तिलाञ्जली दिएकोले उनी नेपाली मात्रका लागि श्रद्धेय र सहृदयी बनेका छन् । राक्षसले पाताल मुनि लगेर लुकाएको पृथ्वीलाई खोसेर ल्याएझैँ राणा शासकहरूले आफ्नो मुट्ठीमा लिएको शासन सत्तालाई त्रिभुवनकै सहयोगले जनाताको हातमा ल्याउन सकिएको हो भन्ने यथार्थलाई 'त्रिभुवनप्रति' कवितामा कविले देखाएका छन् । मणि हराएको सर्पझैँ भएर बसेका नेपालीहरूमा नवीनताको किरण उनै त्रिभुवनले ल्याएका थिए । त्यसैले गौतम बुद्ध, जनक, कौशिक आदि जस्ता राष्ट्रिय विभूति र राष्ट्रभक्तलाई जसरी नेपालीहरूले आफ्नो हृदयको युगौँयुगसम्म राज गर्ने छौं भन्ने अभिव्यक्ति दिइएको छ । राणाहरूको दानवीय व्यवहार र क्रुर यातनाको ज्वालामा पिल्सिएका नेपालीहरूलाई त्रिभुवनले ल्याएको प्रजातन्त्रको कोशेलीले शीतलता प्रदान गरेको छ । उनको कोशेलीको तुलना केही चित्रसँग पनि गर्न नसकिने कुरा प्रस्तुत 'त्रिभुवनप्रति' कवितामा व्यक्त गर्दै राष्ट्रप्रेमीहरूको उचित सम्मान गर्न सक्नु नै राष्ट्रप्रेम हो भन्ने कुरा व्यक्त गरिएको छ । यसबाट कविको राष्ट्रिय भावना ज्यूँदोरूपमा प्रकट भएको

छ । 'पृथ्वीनारायण एक आलोक' शीर्षक कवितामा कविले पृथ्वीनारायण शाह जस्ता वीर पुरुषका प्रजा हुन पाउनु हाम्रा लागि वरदान हो, गद्गद्को क्षण हो भनेका छन् । उत्तरी सागरको गम्भीर आभास, हरियाली र सुरम्य नेपाल भूमिको, पर्वत परिवारहरूको धुरी सगरमाथाको काखमा बस्न पाउनुलाई कविले धन्य सम्झेका छन् । 'छोरालाई स्मरण पत्र' शीर्षक कवितामा कवि रत्नदेव शर्मा राष्ट्रियता र स्वतन्त्रताका कुराहरू गरेका छन् । बाल्यकालदेखि थिरिथिरी गर्दै हुर्केका हाम्रा खुट्टाले राष्ट्रकै सहारा पाएको कुरा व्यक्त गर्दै मुटु र राष्ट्रको माटोलाई उत्तिकै संवदेनशील सम्झेका छन् । राष्ट्रियताप्रतिको आस्था र ममत्व जागृत गर्ने क्रममा कवि रत्नदेव शर्माको 'सेतीको आवाज' शीर्षक कविताको उत्तिकै महत्त्वपूर्ण स्थान रहेको छ । जन्मभूमि र जन्मस्थलको रमणीयता र सुन्दरतालाई आफ्नो राष्ट्रको सम्पत्तिकारूपमा देखाउँदै नेपालको सुन्दर नगरी पोखरा र आफ्नो जन्मस्थलको बारेमा 'सेतीको आवाज' शीर्षक कवितामा चर्चा गरेका छन् । नेपाली धर्ती खोरिया र पाखा खन्दै आफ्नो पौरख पसिना खर्चेर यो सानो तर रमणीय टुक्रा नेपाललाई सुन्दर पार्नका लागि अहोरात्र लागेको कुरा व्यक्त गरेका छन् । 'वन र बस्ती' शीर्षक कवितामा धर्तीको टुक्रालाई सिँगारेर नेपालमातालाई चिटिक्क पार्ने अभियानमा लागेको कुरा बताएका छन् । आफ्नो राष्ट्रप्रेमको भावना पोख्ने क्रममा कवि रत्नदेव शर्माले नेपाललाई सुन्दर घरसँग तुलना गरेका छन् । जसरी एउटा घरलाई मानिसले परिपूर्ण बनाएको हुन्छ त्यसैगरी पुर्खाहरूको हाडमासुले बनेको पुर्खाहरूको पौरखले पोतिएको, इर्ष्यालु दुस्मनहरूलाई ढालेर बनाएको सानदार नेपाल हो भन्दै कवि शर्माले राष्ट्रप्रतिको अगाध मायाले ओतप्रोत भएको, पुर्खाले निर्माण गरेको सुन्दर भूमिमा अझै मेहनत र परिश्रम खर्चिने आफ्नो इच्छा रहेको कुरा व्यक्त गरेका छन् ।

प्रस्तुत 'नौली र अरू कविता' शीर्षक कविता सङ्ग्रहमा कवि रत्नदेव शर्माले आफ्नो राष्ट्रको भूमिकला, संस्कृति र सभ्यताप्रतिको आकर्षण, श्रद्धा र ममताको जीवन्त अभिव्यक्ति दिएका छन् । कवि शर्माले आफ्नो राष्ट्र, सभ्यता र स्रोतको सम्पन्ताको केन्द्र, सुन्दर र रमणीय राष्ट्र छ भन्ने अभिव्यक्ति प्रकट गरेका छन् ।

स्वदेशको मान-सम्मान, इज्जत-प्रतिष्ठा र मर्यादाप्रति खेलवाड गरी राष्ट्रिय गरिमा र आत्मसम्मानमा आँच आउने क्रियाकलाप कसैबाट हुन्छ भने त्यसका विरुद्ध लड्नुपर्छ भन्ने सन्देश उनका कविताले दिएका छन् । वैयक्तिक स्वार्थभन्दा राष्ट्रिय स्वार्थलाई सर्वोपरि मानेर आफ्ना गल्ती र कमजोरीहरूमा प्रायश्चित्त गर्दै सिङ्गो राष्ट्रलाई हानि नोक्सानीबाट सदासर्वदा बचाउनु र बचाउने कार्य गर्नु नै एउटा सच्चा राष्ट्रसेवकको कर्तव्य हो भन्ने भाव उनका कवितामा अभिव्यक्त भएको छ । यसरी राष्ट्रवादी भावनाले ओतप्रोत भएका उनका कविता सशक्त छन् । शर्माका राष्ट्रिय भावनाले ओतप्रोत भएका कविताका केही नमुना यस प्रकार छन् ।

- "तेहि हरियालीको आकाश हूँ मँ जहाँ पर्वत परिवार को धुरी बस्छ"
  - (रत्नदेव शर्माका कृतिहरू "पृथ्वीनारायण एक आलोक" पृ. ३५)
- "आकाश, धर्ती, लुकाएको पाताल मुनि लगी राक्षसले कथा छ हाम्रो खोसी फेरि बलसँग ल्याएको राजाले"
  - ("त्रिभुवन प्रति" पृ. ४६)
- "सिंगार्छ धर्तीको टुक्रा मानिस पैतलामनि"
  - ("वन र बस्ती", पृ.७६)
- अझै थप्न मँ चाहन्छु पोल्टो थाप तिमीहरू सजाई राम्ररी राखौँ बिरुवा, गमलाहरू
  - (मुटुको व्यथा, पृ. ८०)

### ३.४.२.२ विषयवस्तु

कविता कविको अनुभूतिको प्रस्तुति हो । कविले जीवन जगत्मा देखे भोगेका विभिन्न क्षेत्रबाट विषयहरू टिपी त्यसकै सेरोफेरोमा कविता सिर्जना गर्दछन् । कवि कुनै विषयसँग नजिक भई त्यसको सामीप्यले हृदयको गहिराइमा एउटा अनुभूतिजन्य भाव सिर्जना गर्दछ । त्यही भावनाको डुङ्गामा चढेर कवि कविताको समुद्रमा सयर गर्दछन् । कविताको विषयवस्तु चयन गर्ने क्रममा शर्माले सामाजिक विकृति निरङ्कुशता, राष्ट्रिय स्वाभिमान र विश्वास, क्रान्तिकारिता र विद्रोह, युद्ध र शान्तिका साथै राष्ट्रिय र अन्तराष्ट्रिय दुवै विषयवस्तुलाई समेत टिपेर ती विषयवस्तुलाई स्वच्छन्दतावादी भावधारामा प्रगतिवादी जलप लगाउँदै नितान्त व्यक्तिगत र प्राञ्जल

शैलीमा पौराणिक, प्राकृतिक सामाजिक, ऐतिहासिक, लगायतका बिम्ब र प्रतीकहरूको संयोजन गर्दै उत्कृष्ट कविताको सिर्जना गरेका छन् । विविध क्षेत्रबाट लिइएका विभिन्न विषयवस्तुभित्र कविले दिएको प्राञ्जल शैली र संरचनागत पृथक्ताले गर्दा उनका कविता गेयात्मक पनि हुन सकेका छन् ।

### ३.४.२.३ पङ्क्तिविधान

'नौली' खण्डकाव्यका प्रत्येक गुच्छकमा २-२ पङ्क्तिका दरले पङ्क्तिविधान गरिएको पाइन्छ । यस काव्यको पङ्क्तिविधान पद्धति अत्यन्तै सुन्दर र मनमोहक देखिन्छ । यस काव्यमा अनुष्टुप छन्दको प्रयोग गरिएको छ । यस छन्दको प्रत्येक पाउमा आठ-आठ अक्षर हुन्छन् । यस छन्दमा दुई पाउको एक पङ्क्ति र दुई पङ्क्तिको एक गुच्छकका दरले गुच्छकहरू अङ्कित गरिएका छन् । यसरी कविले आङ्ना मनमा उर्लिएका एक-एक भावपुञ्जहरूलाई एक-एक गुच्छकमा समेट्न खोजेको देखिन्छ । यस काव्यको सुरुदेखि अन्त्यसम्म प्रत्येक गुच्छकको पङ्क्तिविधानमा समानता पाइन्छ र सन्तुलित पङ्क्तिविधानको कौशलले गर्दा काव्यको बाहिरी सौन्दर्य बढी आकर्षक बन्न पुगेको पाइन्छ । यसरी यस काव्यका प्रत्येक गुच्छकहमा २-२ पङ्क्तिको आयोजना गरिएको छ र यस काव्यको पहिलो सर्गमा ८८ पङ्क्ति, दोस्रो सर्गमा २४ पङ्क्ति, तेस्रो सर्गमा ४० पङ्क्ति, चौथो सर्गमा १८ पङ्क्ति, पाँचौं सर्गमा ६२ पङ्क्ति, छैठौं सर्गमा १२८ पङ्क्ति गरी जम्मा ३६० पङ्क्तिसङ्ख्या रहेका छन् । काव्यका प्रत्येक सर्गका गुच्छकमा देखिएको असन्तुलनले गर्दा पङ्क्ति सङ्ख्यामा पनि असन्तुलन हुन गएको देखिए पनि प्रत्येक सर्गका प्रत्येक गुच्छकमा २-२ पङ्क्तिको आयोजना गरिएको हुँदा यस काव्यको पङ्क्तिविधान पक्ष अस्वाभाविक भने देखिँदैन र यही समान पङ्क्तिविधान पद्धतिले गर्दा काव्यका प्रत्येक गुच्छकहरूको आकार वा संरचना पनि सन्तुलित तथा आकर्षक बन्न पुगेको छ ।

### ३.४.२.४ छन्द विधान

कवि रत्नदेव शर्माका अधिकांश कविताहरू छन्दविहीन रहेका छन् । उनले पूर्वीय काव्यसिद्धान्तमा आधारित नभई मुक्त छन्दमा कविता लेखेका छन् । गद्य कवितामा प्रस्तुत हुने कविताको छन्दलाई मुक्त छन्द भनिन्छ । शर्मा त्यही मुक्त छन्दका प्रयोक्ता भई आफ्ना कविताहरू सिर्जना गर्न समर्थ भएका छन् । उनले छान्दिक चमत्कार र शाब्दिक क्लिष्टताभन्दा सरल सम्प्रेषणीयतामा ध्यान दिएका छन् । स्वच्छन्दतावादी र प्रगतिवादी कविताहरू कवि शर्माको 'नौली र अरू कविता' नामक कविता सङ्ग्रहमा सङ्कलित छन् । 'नौली र अरू कविता' कविता सङ्ग्रहको उत्तिकै महत्त्व छ । यस सङ्ग्रहमा परेका शास्त्रीय लयहरूमा उपजाति, मन्दाक्रान्ता, इन्द्रबज्रा र अनुष्टुप जस्ता वार्णिक र मात्रिक छन्दहरू एवं विविध लोकछन्दहरूको प्रयोग भएको छ । यसरी विविध छन्दहरूमा कलम चलाउने शर्माले सर्वाधिक प्रयोग गरेको छन्दचाहिँ अनुष्टुप छन्द नै हो । यद्यपि व्याकरणका दृष्टिले वार्णिक छन्दको प्रयोग यिनलाई केही अप्ठ्यारो लागेको हामी महसुस गर्न सक्छौँ तापनि अर्थका दृष्टिकोणले पाठकहरूलाई आफूसँगै तानेर लाने शिल्प यिनीसँग प्रशस्त भएकाले व्याकरणिक अव्यवस्थाका दृष्टिकोणले रसभङ्गको अनुभूति हुनै पाउँदैन ।

शास्त्रीय वर्णमात्रिक छन्दको सफल प्रयोग गरिसकेका कवि रत्नदेव शर्माले शास्त्रीय वर्णमात्रिकको पिँजडाभित्र आफ्ना भावनालाई स्वतन्त्र रूपले पोख्न नमिल्ने भएकाले र भावनाको अजस्र प्रवाहलाई शास्त्रीय छन्दको चौघेरामा अटाउन नसकिने भएकाले उनी गद्य कविताको लेखनतर्फ अग्रसर भएका हुन् । हुन पनि उनी कविकारूपमा स्थापित हुन गद्य कविताको प्रकाशनलाई पर्खनु पऱ्यो ।

निले रसको मह□वलाई स्वीकार्दै 'रसविना कुनै भावको प्रर्वतन हुँदैन'[८६] भनेका छन् । भावसहित शब्द र अर्थको संयुक्तरूप काव्य हो'[८७] भन्दै शब्द र अर्थयुक्त पदावलीलाई काव्य मानेका छन् । चौधौं शताब्दीका विश्वनाथले 'रसात्मक वाक्य काव्य हो'[८८] भन्दै भरतमुनिले झैं उनले पनि रसपक्षमा जोड दिएका छन् ।

### ४.१.१.२ पाश्चात्य परिभाषा

'पाश्चात्य साहित्यमा अरस्तुले कलाले प्रकृतिको अनुकरण गर्छ' भनेको पाइन्छ भने वर्डस्वर्थले कवितालाई सशक्त अनुभूतिको निस्वाच्छिन्न उच्छलता भनेको पाइन्छ ।[८९] पाश्चात्य साहित्यमा पहिले कुनै विषयको वर्णन गर्नेलाई कवि भनिन्थ्यो, भने पछि गएर छन्दमा काव्यनिर्माण गर्नेलाई र त्यसपछि सौन्दर्यपूर्ण रचनाका लेखकलाई कवि भनिएको पाइन्छ । अहिले पाश्चात्य साहित्यमा गद्य वा पद्यमा कविता लेख्नेलाई नै कवि भन्ने गरिन्छ ।[९०] जसरी पूर्वमा कविताको विधागत परिचय र विशिष्टितालाई समेट्ने गरी परिभाषा दिइएको छ, पश्चिममा त्यसरी परिभाषा दिइएको पाइँदैन ।

नेपाली साहित्यकारहरूको कवितासम्बन्धी धारणालाई हेर्दा बालकृष्ण सम, कविता भावनाको बौद्धिक कोमलता हो[९१] भन्दै वुद्धियुक्त कल्पना त□वमा जोड दिन्छन् भने लक्ष्मीप्रसाद देवकोटा 'आफूलाई सबभन्दा सच्चा तवरले छानेर सबभन्दा छर्लङ्ग तवरले देखाएर आङ्गनो आदर्शरूपलाई ठोस या ग्राह्य ढङ्गले हमेशा अनुभूत गराउनु व्यक्ति तथा जातिको कला र साहित्य हो ।[९२] भन्दै आत्मपरक अभिव्यक्ति र हार्दिक

---

[८६] भरतमुनि, नाट्यशास्त्र छैटौं अध्याय, पृ. २२७ ।

[८७] नगेन्द्र (सम्पा.) भारतीय काव्यशास्त्रको परम्परा काव्यलङ्कार १/१६ (दिल्ली नेशनल पब्लिसिङ्, हाउस, २०१३) पृ. ४१ ।

[८८] केशवप्रसाद, उपाध्याय, साहित्यप्रकाश तृ.सं. (काठमाडौं : साझा प्रकाशन २०४०) पृ. १५ ।

[८९] केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश (पुल्चोक : साझा प्रकाशन पाँचौ संस्करण २०४९) पृ. १३ ।

[९०] ऐजन ।

[९१] बालकृष्ण सम 'मेरो भन्नु' **आगो र पानी** दशौं सं. (काठमाडौं : साझा प्रकाशन, २०४९)

[९२] लक्ष्मीप्रसाद देवकोटा, लक्ष्मी निबन्ध संग्रह आठौं संस्करण (काठमाडौं : साझा प्रकाशन, २०४०) पृ. ७८ ।

पक्षलाई साहित्यका लक्षण मान्दछन् । माधव घिमिरेले शब्द र सङ्गीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ त्यही नै कविता हो[९३] भन्दछन् ।

कविता सम्बन्धी पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूको परिभाषामा समानता नपाइए तापनि कविता कविको अनुभूतिमूलक रचना हो भन्नेमा सबै सहमत देखिन्छन् । पूर्व र पश्चिममा कविताको निरवच्छिन्न परमपरा पनि पाइन्छ । यी विभिन्न विद्वान्हरूको परिभाषाको निष्कर्ष हेर्दा कविता भाषाका माध्यमले प्रस्तुत गरिने कविको स्वानुभूतिको कोमल, कलात्मक र रसात्मक अभिव्यक्ति हो ।

नेपाली कविताका क्षेत्रमा रत्नदेव शर्मा स्वच्छन्दतावादी कालीन कविको रूपमा देखापर्दछन् । त्यो स्वच्छन्दतावादीभित्र पनि दुईओटा विशेषता हुन्छन् । एउटा स्वच्छन्दतावादभित्र देखिने विद्रोहात्मक विचार र दृष्टिकोणको निर्वाह गरेको देखिन्छ । दोस्रो स्वच्छन्दतावाद भइकन पनि उनीमा लेखनको उत्तरकालतिर सर्वधा आफूलाई नौलो रूपमा प्रस्तुत गर्ने विशेष प्रवृत्ति देखिन्छ । त्यसको प्रतिनिधित्व या मौलिक रूप ज्युँदो आँखा बाट नामक शीर्षकको प्रयोगवादी कविता संग्रह हो । यसमा कविले मुख्य गरी शैली, प्रस्तुती र विचार तीनओटै क्षेत्रमा पूर्व परम्पराको परित्याग गरेको देखिन्छ । यसरी समग्रमा हेर्दा शर्माले तीन क्षेत्रको प्रतिनिधित्व गरेका छन् । एउटा छन्दवद्ध कविताको रूपमा नौली खण्डकाव्य हो । दोस्रो विद्रोहको रूपमा या प्रयोगको रूपमा नौलो दिशा समात्न अग्रसर भएको कृति ज्यूँदो आँखाबाट कविता संग्रह हो ।[९४]

---

[९३] माधवप्रसाद घिमिरे, 'कविता त[illegible]व' कविता, (३/३, २०३३ वर्ष) पृ. ३४५ ।

[९४] कृष्णचन्दसिंह प्रधानले रत्नदेव शर्माको बारेमा दिएको मौखिक जानकारी ।

## ४.२ "नौली र अरू कविता" सङ्ग्रहको विश्लेषण

### ४.२.१ भाषाशैली

भाषाशैली कविताको बाहिरी पक्षसँग सम्बन्धित भएर आएको हुन्छ । साहित्यकारको साहित्यिक कलाको परिचय गद्य र पद्य दुवै विधामा भाषाशैलीकै माध्यमले प्राप्त गर्न सकिन्छ । उखानटुक्का र ठेट नेपाली शब्दको प्रयोगले साहित्यमा पृथक् स्थान राख्दछ । शैलीगत निजात्मकता र भाषागत निजात्मकताले नै कविको चिनारी दिन्छ । साहित्यमा अरूभन्दा पृथक् हुनका लागि भाषामा नयाँपन, बिम्ब र प्रतीकमा नयाँपन, संरचनामा नयाँपन, शैलीमा नयाँपन हुनुपर्दछ । एउटै विषयवस्तुलाई फरकफरक कविले प्रस्तुत गर्दा फरकफरक विचार र फरकफरक दृष्टिले प्रस्तुत गरेको हुन्छ । यसरी फरक हुनुमा कविले प्रयोग गर्ने भाषा पनि महत्त्वपूर्ण हुन्छ ।

कविताको भाषा लयात्मक, सौन्दर्यात्मक, रमणीय, रागात्मक र आह्लादक हुन्छ । कविताको भाषा गद्यको भन्दा भिन्न र विशिष्ट हुन्छ । गद्य कवितामा प्रयोग हुने भाषाको रूप गद्यात्मक भए पनि असामान्य, गति भएको टुक्राटुक्रामा विभक्त, विशिष्ट, लयोत्पादक र अन्तसङ्गीतात्मक हुन्छ ।

समग्रमा कविताको भाषा अलङ्कृत, अनेकार्थक, लक्ष्यात्मक व्यङ्ग्यात्मक, जटिल, विशिष्ट, ध्वन्यात्मक, सौन्दर्यात्मक, कोशेतर, कलात्मक, अपूर्ण वाक्यात्मक, कसिलो र कतिपय अवस्थामा अमूर्त र अस्पष्ट समेत हुन्छ ।

"... छन्दले नबाँधिएको वाक्यांश लय र तालमा नपर्दानपर्दै पनि कविता हुन सक्तछ, लय र तालमै परेको वाक्यांश कविता नहुन पनि सक्तछ ।[९५] गद्य कवितामा स्वतः स्फूर्त एक प्रकारको लय, गति र प्रवाह हुन्छ, तर छन्दको शास्त्रीय रूप वा अनावश्यक छन्दको बन्धन हुँदैन ।

---

[९५] बालकृष्ण सम, मेरो भन्नु, "आगो र पानी" (काठमाडौं, प्र. श्री नयपाल राज्यलक्ष्मी देवी शाह, २०१२) ।

'रत्नदेव शर्माका कृतिहरू' नामक पुस्तकमा संग्रहित 'नौली र अरू कविता' शीर्षकको कविता सङ्ग्रहमा मानक नेपाली भाषाभन्दा भिन्न भाषाको प्रयोग भएको छ । विभक्ति जोड्ने नेपाली भाषाको परम्परा यसमा तोडिएको छ । यसैगरी तत्सम शब्दलाई जस्ताको तस्तै राख्ने काम यसमा गरिएको छ जसले भाषिक प्रयोग नवीनता झल्काउँछ भने पद्यमा देखिने ह्रस्व दीर्घको समस्यालाई समेत यसले केही मात्रामा सुल्झाउन खोजेको छ ।

कवि रत्नदेव शर्माले यस कृतिमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रशस्त प्रयोग गरेका छन् । तत्सम शब्दको प्रयोग गर्ने क्रममा सरल र छोटा शब्दको प्रयोग बढी मात्रामा गरेका छन् । यस अतिरिक्त उनले झर्रा शब्दहरूको प्रयोग बढी मात्रामा गरेका छन् । जसले गर्दा कवितात्मक लयमा ग्रामीणपनको मीठो अनुभूति गर्न पाइन्छ । उनले प्रयोग गरेका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको रूपरेखा यसप्रकार छ :-

| **सरल/छोटा** | **लामा/कठीन** | **आगन्तुक** | **अनुकरणात्मक** | **तद्भव** | **झर्रा** |
|---|---|---|---|---|---|
| शैल | मुकुलित | दिल | बर्रबरी | ओठ | बिँसी |
| जंगल | उदयस्थल | दुवार | भुल्भुलाएर | लाख | झ्याङ |
| वन | लताकुञ्ज | चिडिया | हुन्हुनाउँछ | जोवन | तिहीँ |
| केश | रोमाञ्चित | पयर | खट्खटाउँछ | आँसु | डुबुल्की |
| द्वार | अर्धनिद्रित | दूर | चहचहाउँछ | माछो | पधेर्नी |
| दुर्वा | प्रतिध्वनित | कंहिनु | कुल्कुलाउँथ्यो | कान | पखेरा |
| कण्ठ | मधुप्याला | | चक्मक | औंसी | बनेली |
| सन्ध्या | किरणावली | | झिल्मिल | लच्छिन | खोसेल्यो |
| यात्री | ग्रामसुन्दरी | | चकमन्न | सँगार | सेपिलो |
| सूर्य | लज्जानत | | | गोठ | खोल्सा |
| चन्द्र | हरितपल्लव | | | मानिस | आँसी |
| दिशा | सकम्पिल | | | हात | घँसिनी |
| नदी | दिवाकमल | | | भूइँ | कर्सा |
| रात्री | संगमस्थान | | | पत्ति | झिजरा |
| रुख | पुतलीपंख | | | पिरती | कुनु |
| वंशी | स्वप्न | | | आँखा | ध्वाँसो |

| | | | | | |
|---|---|---|---|---|---|
| शै□या | त्रिशूली | | | दायो | लेक |
| रूप | | | | | झर्ना |
| पर्वत | | | | | ओस |
| धनी | | | | | कात्रिनु |
| चित्र | | | | | झ्याउ |
| नजर | | | | | |
| गङ्गा | | | | | |
| फूल | | | | | |

### ४.२.२ भावविधान

रत्नदेव शर्मा मूलतः स्वच्छत्दतावादी कवि हुन् । 'नौली र अरू कविता' शीर्षक कविता सङ्ग्रहमा शर्माले विभिन्न विषयहरूलाई स्वच्छन्दतावादी स्वरले सजाएका छन् । कवि शर्माले शास्त्रीय वर्ण मात्रिक; मात्रिक र गद्यशैलीमा आत्मपरक चित्रण गर्दै मानवीय मूल्य र मानवीय अस्ति□वको खोजी गरेका छन् । परिष्कारउन्मुख स्वच्छन्दतावादी कवि शर्माका कवितामा प्रगतिवादी चेतनासमेत मुखान्तरित भएको छ । कवि शर्माले वीरता, क्रान्तिकारिता, स्वतन्त्रता, समानताको चर्चा गर्दै सामाजिक, राजनीतिक, ऐतिहासिक, कुरीति र विसङ्गगतिप्रति प्रहार गर्दै सभ्यता, नैतिकता र संस्कृतिको विकास गर्दै मानवता, र विश्वबन्धुत्वको भावना जागृत गर्नुपर्ने कुरा व्यक्त गरेका छन् । उनका कविताहरूको केन्द्रीय भाव राष्ट्रियता, मानवता, गरिबी, कृति स्वतन्त्रता र समानता, क्रान्तिकारिता, सामाजिक विसङ्गतिको उद्घाटन, युद्ध तथा शान्ति र युगीन यथार्थलाई कलात्मक, व्यङ्त्यात्मक र क्रान्तिकारी ढङ्गले प्रस्तुत गर्नु हो । विपन्नता र असमानता हटाउनु र समानता ल्याउनु, अनैतिकता र विद्रोह हटाएर नैतिकता र शान्ति ल्याउनु पर्ने सन्देश उनका कविताले दिएका छन् ।

कवि रत्नदेव शर्माका स्वच्छन्दतावादी प्रगतिवादी स्वरमा आधारित कवितामा मूलभावकारूपमा राष्ट्रियता, समानता, स्वतन्त्रता, क्रान्तिकारिता, सामाजिक विसङ्गतिको प्रस्तुति, मानवता एवं शान्ति र उत्साह आएका छन् । पाँच पङ्क्तियुक्त

छोटा कवितादेखि १०-१२ श्लोकसम्म मध्यम आकृतिका कविताहरूभित्र कवि शर्माले यथार्थ अनुभूतिपूर्ण भावलाई सरल र सुबोध्यरूपमा प्रकट गर्न सकेकाले उनका पद्यात्मक र गद्यात्मक दुवै खाले कविताहरू गेयात्मक छन् । कवि शर्माका कवितामा केन्द्रीय भाव सरल एवं सरस गरिएको छ ।

### ४.२.३ लयविधान

लयले कवितालाई गद्यबाट छुट्याउँछ । यसले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । गीत र कविताको आन्तरिक सौन्दर्यको संरक्षण र सम्बर्द्धन हुन्छ । यसले गर्दा कवितामा सुमधुरताको प्रार्दुभाव हुन्छ । यस दृष्टिले गर्दा संस्कृत साहित्यमा काव्यलाई श्रव्यकाव्यअन्तर्गत राखिएको छ । छन्दकै संयोजनले गर्दा काव्य विद्या श्रव्य हुन्छ । पढेर वा सुनेर पनि काव्यको आस्वादन गर्न सकिन्छ ।

कवि रत्नदेव शर्माको 'नौली र अरू कविता' सङ्ग्रहमा पद्य र गद्य दुवै थरी कविताहरू समाविष्ट भएका छन् । वर्णमात्रिक र मात्रिक जस्ता छन्दका पद्य कविताबाहेक मुक्त लयमा संरचित उनका गद्य कवितामा पनि सहजरूपमा लय, भाव र भाषाका बीचमा तादाम्य पाइन्छ । साङ्गीतीक र सुन्दर भाषा प्रयोगले कवितालाई समधुर र गेयात्मक बनाएको छ । कवि रत्नदेव शर्माका कविताहरूमा अनुप्रासको सहजरूपमा प्रयोग भएको छ र त्यसले भावगत स्तरमा कवितालाई गम्भीर र तीब्र बनाएको छ । यसको पुष्टिका लागि अन्त्यानुप्रासीय लय विधान प्रयोग भएका उदाहरणहरू प्रस्तुत गर्न सकिन्छ :

"भुल्भुलायो आयो पानी माथीमाथी सम्मन्
भुल्का हल्का लहर उठाई पुग्यो टाढा सम्मन्
बन्दैछ अझै त्यो गाढा गाढा टाढा टाढा सम्मन्,
खल्बलायो आज समुद्र छोयो किनार सम्मन् ।"
कविता : लक्ष्य - भेदन गरिसकेको (पृ. ३७)

प्रस्तुत कवितामा अनुप्रासका विविध प्रयोगअन्तर्गत वृत्यानुप्रास, छेकानुप्रास र अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ । यसमा प्रयोग भएका ल, म, ह, न जस्ता वर्णले कवितालाई लयात्मक बनाएका छन् । यसैगरी अर्को उदाहरण :

"जञ्जाल थियो धेरैमा मेरा परिवार थिए, थिएँ मँ,
धन थियो, घर थियो, इज्जत प्रतिष्ठा धेरै धेरै थिएँ म ।
लुटियो घर बाँकी बचें मँ बिरानू देशमा छू मँ,
आँखा - भाषा संकोच मलाई लाचार शरणार्थी हूँ मँ ।"

यसैगरी कवि रत्नदेव शर्माले अन्तर लयात्मकताको सिर्जना गर्ने अन्तर अनुप्रासीय विधानसमेत आफ्ना गद्य कवितामा प्रयोग गरेको पाइन्छ । यसको पुष्टिको लागि केही उदाहरणहरू प्रस्तुत गर्न सकिन्छ ।

काखमा लिई सुम्सुम्याई धूलो झारिदिउँ झैं
मुरीमुरी भनेर आशीर्वाद दिउँ झैं ।
पैसा माग्यो केटा ले,
मेरै जस्तो छोरा ले ।
पैसा भाग्यो केटा ले मेरै जस्तो छोरा ले (पृ. ६९)

बच्चा एकदम बूढो हुन्छ,
बीच जवानी लोप हुन्छ,
प्रयोगशाला घुम्दा-घुम्दै,
आफ्नै दर्शन धूलिन्छ ।
- आजकल (पृ. ५१)

माथिको उदाहरणमा आएको पहिलो कवितामा दिउँ झै दिउँ झै ले अन्त्यानुप्रासको, मुरी, मुरीले छेकानुप्रासको, र यसैगरी मुरीमुरी भरेर आशीर्वाद दिउँ झैंमा वृत्यनुप्रासको प्रयोग भएको छ भने यसै श्लोकमा आएका म, ल, र जस्ता वर्णको पुनरावृत्तिले अर्न्तलयको सिर्जना गरेका छन् । यसै दोस्रो श्लोकमा आएको हुन्छ,

हुन्छ, अन्त्यानुप्रास, यसैगरी छेकानुप्रास अलङ्कारको प्रयोगले लयात्मकता ल्याएको छ भने यसमा प्रयोग भएको 'ग' वर्णको पुनरावृत्तिले अन्र्तलय र साङ्गीतिकता सिर्जना गरेको छ ।

### ४.२.४ स्वतन्त्रता र समानता

कवि रत्नदेव शर्मा स्वतन्त्रता र समानताका पक्षपाती कविकारूपमा देखिन्छन् । कवि शर्माले राष्ट्रिय स्वतन्त्रता र समानताका कुराहरू आफ्ना कवितामा व्यक्त गरेका छन् । उनका कवितामा स्वतन्त्रता मानवका लागि अपरिहार्य छ र संसारका सबै मानव समान छन् भन्ने भावना अभिव्यञ्जित भएको छ । यसरी स्वतन्त्रता र समानताका कुराहरू व्यक्त गर्ने क्रममा कवि शर्माले प्रतीकात्मक र बिम्बात्मक अभिव्यक्ति दिएका छन् । नेपालको राष्ट्रिय परिवेशमा देखिएका तत्कालीन शोषणयुक्त प्रशासनिक क्षेत्र र गाउँका ठूलाबढा भनिनेहरूले गर्ने आर्थिक शोषणको अन्त्य गर्दै स्वतन्त्रता र समानताको नयाँ बिहानीको आह्वान कवि रत्नदेव शर्माले गरेका छन् । त्यस्ता विकृतपूर्ण र शोषणयुक्त कार्यलाई छाँटकाँट गर्दै तिनमा लागेका दागहरूलाई मेट्दै र नयाँ-नयाँ वृक्षहरूको कलमी गर्दै स्वतन्त्रताको जँघार तर्ने चाहना कवि रत्नदेव शर्माले राखेका छन् । जस्तै :

> बूढा रुखको कलमी गरे ठूला फल्छन् फल,
> + + + + + + + +  + + +
> ए ! गौंडा तमसूकहरू हो ए ! चक्रबृद्धिका खोटा चल्न,
> अऋणी बनाउँछु मान्छेलाई डाकी नौलो स्वर्ण बिहान,
> (भूमिसूधार हुँ - ३१)

आएँ आएँ  मँ हुँकार लिई झ्याल र दैलो खोल,
जंगल झस्क, पहिरा धर्क पहाड पहरा धच्क
यो बाटो ली जान्छ म टाढा टो यो यौटा मोड,
रोकी हावा ! जघार मँ तर्छु गंगा बाटो छोड ।

### ४.२.५ भावविधान

रत्नदेव शर्मा मूलतः स्वच्छन्दतावादी कवि हुन् । 'नौली र अरू कविता' शीर्षक कविता सङ्ग्रहका शर्माले विभिन्न विषयहरूलाई स्वच्छन्दतावादी स्वरले सजाएका छन् । कवि शर्माले शास्त्रीय वर्णमात्रिक, मात्रिक र गद्यशैलीमा आत्मपरक चित्रण गर्दै मानवीय मूल्य र मानवीय अस्ति□वको खोजी गरेका छन् । परिष्कार उन्मुख स्वच्छन्दतावादी कवि शर्माका कवितामा प्रगतिवादी चेतनासमेत मुखरित भएको छ । कवि शर्माले वीरता क्रान्तिकारिता, स्वतन्त्रता र समानताको चर्चा गर्दै सामाजिक, राजनीतिक, ऐतिहासिक कुरीति र विसङ्गतिप्रति प्रहार गर्दै सभ्यता, नैतिकता संस्कृतिको विकास गर्दै मानवता र विश्ववन्धुको भावना जागृत गर्नुपर्ने कुरा व्यक्त गरेका छन् । उनका कविताहरूको केन्द्रीय भाव राष्ट्रियता, मावनता, गरिबी, प्रकृति, स्वतन्त्रता र समानता, सामाजिक विसङ्गतिको उद्घाटन, युद्ध तथा शान्ति र युगीन यथार्थलाई कलात्मक व्यङ्ग्यात्मक र क्रान्तिकारी ढङ्गले गरेको छ ।

विपन्नता र असमानता हटाउनु र समानता ल्याउनु स्वरमा आधारित कवितामा मूलभावकारूपमा राष्ट्रियता समानता, स्वतन्त्रता, प्रकृति, क्रान्तिकारिता, सामाजिक विसङ्गतिको प्रस्तुति, मानवता एवं शान्ति र उत्साह आएका छन् । पाँच पङ्क्तियुक्त छोटा कवितादेखि १०-१२ श्लोकसम्मका मध्यम आकृतिका कविताहरूभित्र कवि शर्माले यथार्थ अनुभूतिपूर्ण भावलाई सरल सुसंवेद्यरूपमा प्रकट गर्न सकेकाले उनका पद्यात्मक र गद्यात्मक दुवैखाले कविताहरू गेयात्मक छन् । कवि शर्माको कवितामा प्रकट भएको केन्द्रीय भाव सुवोध्य सरल, सरस ढङ्गमा प्रस्तुत भएकोले लयात्मक मिठास भेटिन्छ ।

### ४.२.६ शीर्षक र संरचना

शीर्षक कविताको नामाकरण हो । शीर्षक कविता/कृतिको नामकरणमात्र नभएर केन्द्रीय भावको सूचक र उद्घाटक पनि हो । शीर्षक जुनसुकै कृति/रचनाका लागि पनि अनिवार्य हुन्छ । शीर्षकको चयन गर्ने क्रममा लेखकले कृतिभित्रको आख्यान,

भाव, पात्र, परिवेश, उद्देश्य, आदिको आधार लिएको हुन्छ । शीर्षक अभिधार्थक र व्यञ्जनात्मक पनि हुन सक्दछ । शीर्षक छोटो र अर्थपूर्ण हुनुलाई राम्रो मानिन्छ ।

कवि रत्नदेवशर्मा 'नौली र अरू कविता' शीर्षक कविता सङ्ग्रह अन्तर्गत रहेका कवितामा अभिधार्थक र व्यञ्जनात्मक गरी दुईथरी शीर्षक रहेका छन् । बिम्ब र प्रतीकलाई पनि उनले शीर्षक बनाएका छन् । 'टाकुरी' भूमिसुधार हूँ, दुलही बिहान, हाँस, कलम वाण, धरती उठे झैँ, मुटुको व्यथा, जस्ता कविताको शीर्षक प्रतीकात्मक रहेका छन् । यसैगरी पृथ्वीनारायण एक आलोक, त्रिभुवनप्रति, नैतिकता, विश्वमानव लेलिन, बालकप्रति जस्ता कविताका शीर्षक अभिधात्मक रहेका छन् । यसरी उनका कतिवाहरूलाई हेर्दा कतै शीर्षक र भावबीच प्रतीकात्मक सङ्गति र असङ्गतिका सफल कविका रूपमा उनलाई लिन सकिन्छ ।

कविताको संरचना भन्नाले एउटा साहित्यिक कृतिको बनोट भन्ने बुझिन्छ । हरेक कृतिको आफ्नै संरचना हुन्छ । यसविना कृतिको निर्माण हुन सक्दैन । कविताको संरचनाका दृष्टिले रत्नदेव शर्माको 'नौली र अरू कविता' शीर्षक कविता सङ्ग्रहमा रहेका ३६ कविताहरूको संरचना फरकफरक रहेको छ । 'टाकुरी' शीर्षकको पाँच पङ्क्ति (एक श्लोक) को छोटो कवितादेखि ३० श्लोक ६० पङ्क्तियुक्त लामो कवितासम्मको संरचनागत स्वरूप यस सङ्ग्रहमा देखिन्छ । यस सङ्ग्रहमा शास्त्रीय वर्णमात्रिक र मात्रिक छन्दका २ पङ्क्ति र ४ पङ्क्तिका कविताका साथै गद्य छन्दमा लेखिएका कविताहरू रहेका छन् । कविता शीर्षकहरू पदगत (टाकुरी, माग्ने, मुक्तक, हाँस, नैतिकता), पदावलीगत (यो बाटोमा, जुनको डायल, बुलु रानी, तलमाथि, कलम वाण) र वाक्यगत (दिएको बिख आफैंले प्यूँछ, सेतीको अवाज, तिमी आराम रहू, छिर्दछ कि तैपनि हात्ती), रहेका छन् । शर्माका लघुतम र लघु कविताहरूको सङ्ग्रह 'नौली र अरू कविता' मा परेका कविताहरू उनका प्रारम्भकालीन कविता भएकाले संरचनागतरूपमा केही फितला देखिएका छन् । आफ्नो जीवन भोगाइका अनुभूतिहरूलाई कवितात्मकरूपमा गेयात्मक बनाएर अभिव्यक्त गर्नु कवि शर्माको संरचनात्मक वैशिष्ट्य हो ।

### ४.२.७ सामाजिक विसङ्गति

रत्नदेव शर्माका कविताहरूले समाजमा भएका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै समाजमा भएका खराब पक्षहरूको जरैदेखि उन्मूलन गर्न आग्रह गरेको छ । परम्परागतरूपमा चलिआएका संस्कृति र त्यसले निम्त्याएका उल्टा प्रवृतिहरूको विनाश गर्नुपर्ने कुरा उनका कवितामा अभिव्यक्त भएको छ । कवि शर्माले आफ्ना कविताहरूमा सभ्यता, धन सम्पत्ति र शिक्षा लगायतका विविध पक्षमा हुने गरेका व्यभिचार आवेग जस्ता नराम्रा प्रकृतिहरूको उद्घाटन गर्दै यसप्रति सचेत हुन आग्रह गरेका छन् । परम्परितरूपमा रहेका सामाजिक शोषण र दमनबाट सिर्जित विसङ्गतिले मानवीय जीवनलाई कठोर र चरम यान्त्रिकतातिर धकेलिरहेको उनका कवितामा पाउन सकिन्छ । हाम्रा सामाजिक मूल्य र मान्यताहरू परम्पराका साँघुरा घेराभित्र कैदी बनेको कुरा उनका कविताहरूमा अभिव्यक्त भएको छ । देशप्रेम, भातृत्वप्रेम व्यक्तिगत प्रेमजस्ता अभिव्यक्ति शर्माका कविताहरूमा छताछुल्ल भएका छन् ।

रत्नदेव शर्मा नेपाली समाजमा जरो गाडेर रहेका कुलत र शोषणप्रति पनि त्यत्तिकै चिन्तित छन् । राजनीतिक क्रान्ति र समाजको असमानताको विरुद्ध आवाज उठाइएको छ । दोस्रो विश्वयुद्धका कारण संसार ध्वस्त भए पछि यसका प्रभावले बुद्धिजीविहरूमा आएको नैराश्य उनका कविताहरूमा प्रस्तुत भएका हुन्छन् । सामाजिक, आर्थिक विषमता, ठूलाले सानाप्रति गरेको अत्याचारको विरोध प्रगतिवादी स्वर, मानवतावादी स्वर र आधुनिक युगबोधका दृष्टिले यिनका कविताहरू सशक्त र सबल छन् । विसङ्गत परिस्थितिको विद्रोह प्रकट भएका उनका कविताभित्र आन्तरिक द्वन्द्व र वैचारिक यथार्थताका साथै नैतिक आदर्शका कुराहरू पनि यिनका कविताले मुखरित गरेका छन् ।

समाज-सापेक्ष घटनाहरूको प्रस्तुति सामाजिक जीवनका घात-प्रतिघातलाई व्यक्त गर्ने क्रममा कवि शर्माले सामाजिक बिम्ब र प्रतिबिम्बहरूलाई पनि प्रयोग गरेका

छन् । नेपाली समाजमा जुन परिवर्तन, सुधार र विकासका आवश्यकताहरू थिए जुन अभाव थियो, जुन सङ्कट थियो त्यसलाई भोगेर र त्यस्तै सङ्कटमा जिउन बाध्य नेपाली समाजका व्यथाहरूलाई उनका कविताले जीवन्तरूपमा व्यक्त गरेका छन् ।

प्रजातन्त्रको प्राप्तिपछि समाजका विविध पक्षहरूमा हुने दमन र अत्याचारहरूबाट मुक्त भएको आभाष नेपाली जनताले गर्न पाउनुपर्थ्यो तर परम्परितरूपमा जरा गाडेर बसेको अन्धविश्वास, कुप्रथा, बेमेल जस्ता कुरीतिहरूलाई पन्छाएर समाजमा स्वतन्त्रता र समानताको आभाष गर्न पाउनुपर्छ भन्ने धारणा राख्ने कविले आफूले कल्पना गरेको समाजको निर्माण नहुँदा चिन्तित छन् । युगीन सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्न प्रतीकात्मक शैलीको प्रयोग गरेका छन् । समाजमा देखिएका व्यक्तिवादी स्वार्थी प्रवृतिहरूको उद्घाटन गर्दै सामाजिक परिवर्तनको आग्रह उनका कवितामा तीब्ररूपमा भएको छ ।

- बूढा रुखको कलमी गरे ठूला फल्छन् फल

- (भूमिसुधार हूँ पृ.३१)

- आएँ, आएँ मँ हुँकार लिई झ्याल र दैलो खोल (पृ. ३१)
- वर्षनुपर्थ्यो अमृत नसके खतिन पर्थ्यो विषै पनि
- देउता यहाँ जन्मन नसके जन्मनुपर्थ्यो राक्षस पनि ।
- नातिशीतोष्ण यो जल वायु मा कठै ! केहि उम्रन सकेन
- उच्चा मान्य चकित आँखा एउटा तागत उठ्न सकेन ।

### ४.२.८ प्रकृतिको चित्रण

कवि रत्नदेव शर्माले लेखेको 'नौली र अरू कविता' सङ्ग्रहमा प्रकृतिको मनमोहक चित्रण गरेका छन् । कविले आफ्नो जन्मभूमि, अर्घौं र सो नजिकै रहेको नेपालको सुन्दर नगरी पोखराको भौगोलिक प्रकृतिको चित्रण सरल र सहज ढङ्गले गरेका छन् । पोखराको मध्य भागलाई चिर्दै बग्ने सेती नदी र त्यहाँ वरपरको रमणीय

प्रकृतिलाई कवि शर्माले मानवीकरण गरेका छन् । कोमल प्रकृतिको वर्णन गर्ने कवि शर्माले प्रकृतिसँग नजिकको साइनो गाँसेका छन् । जस्तै :

) हिउँ की छोरी ए सेती मेरी जीवन संगिनी

धर्ती भित्र धस्सिई बग्ने सीता की संगिनी ।

\+ + + + + +

किनार, पाखा, वन र चउर गीत ले भिजाउँछ्यौ

पोखरा लाई ढुङरो मा हाली बासुरी बजाउँछ्यौ ('सेतीको आवाज 'पेज ६५)

पोखरा वरपरकै अन्य ठाउँहरूको मनमोहक स्वरूपलाई पनि उनले आफ्ना कवितामा भि□याएका छन् । माछापुच्छ्रे र अन्नपूर्णजस्ता हिमचुलीहरूलाई साथै कास्कीको फाँटमा झुलेका अन्न वालीहरूलाई कविको अन्तर हृदयले गाएको छ ।

निस्केर हेर त्यो माछापुच्छ्रे आकाश तान्दछ,

त्यो रूपाताल काँचुली फेर्छ रंगीन पानीले - सेतीको आवाज (पेज ६६)

ग्रामीण प्रकृतिको चित्रण गर्ने क्रममा वन र बस्ती कवितामा कवि शर्माले प्रकृतिका नियमलाई मानिसले कहिल्यै उछिन्न नसक्ने कुरा बताएका छन् । प्रकृतिको कठोर रूपको वर्णन गर्न पनि शर्मा सफल छन् ।

कटाक्ष वन त्यो गर्छ पहिरो गड्गडाउँछ,

धराप थाप्छ ढुङ्गा ले हाउखोर सुसाउँछ ।

प्रकृतिको कलिलो रूपको वर्णन गर्ने क्रममा 'दुलही बिहान' कवितामा कवि शर्माले प्रकृतिलाई मानवीकरण गर्दै यसरी व्यक्त गरेका छन् ।

खोरिया खन्छ मान्छे ले कतै छलेर तै पनि

"सिंगार्छ धर्तिको टुक्रा मानिस पैतला मनि"

\- ("वन र बस्ती", पृ.७६)

कवि रत्नदेव शर्माले शान्ति, विश्रान्ती र ज्ञानको भण्डारकोरूपमा प्रकृतिलाई हेरेका छन् । प्रकृतिको अतिरञ्जनात्मक र रोमान्टिक चित्रणसमेत कवि रत्नदेव शर्माले गरेका छन् ।

ब्यूँझी पाएँ नयाँ सिन्दूर की नयाँ दुलही जस्ती बिहान । (दुलही विहान - ३२)

स्वच्छन्द ढङ्गले प्रकृतिको चित्रण गर्नु कवि शर्मा काव्य धर्म हो । विशेषतः शर्माका कवितामा पहाडी क्षणहरूलाई समात्ने कवि शर्माले प्रकृतिका सूक्ष्मातिसूक्ष्म निरीक्षण गरेका छन् । कवि शर्माको प्रकृति प्रयोग राष्ट्रियतासँग जोडिएर आएको हुन्छ । कवि शर्माले जसरी प्रकृतिको मनमोहक र सरल रूपको चित्रण गरेका छन् त्यसै गरी प्रकृतिलाई भीषण बाढी र विद्रोहकारूपमा प्रयोग गर्दै प्रकृतिलाई कठोर र रौद्र, भयावह र विद्रोहको आवाज उठाउने माध्यम बनाएका छन् । यसरी उनले प्रकृति मानवबीच सम्बन्ध देखाउँदै जीवन लहराउँनु तरङ्गिनु र गुन्गुनाउनु मात्रै नभएर प्रकृतिका त्रुटिहरूलाई समेत औल्याउने काम गरेका छन् ।

### ४.२.९ मानवतावाद र विश्वशान्तिको चाहना

प्रस्तुत 'नौली र अरू कविता' कविता सङ्ग्रहमा कवि शर्माले मानवतावादी विचारलाई सशक्तरूपमा प्रस्तुत गरेका छन् । शर्माका कविताले मानवतावादी सन्देश बोकेका छन् । संसारका सबै मानव एकै हुन् । ती सबैलाई एउटै रूपले हेर्नुपर्दछ भन्ने उनको धारणा रहेको छ । स्वतन्त्रतापूर्वक बाँच्न चाहेर पनि विभिन्न खालका परिस्थिति, बाध्यता र विवशताका साथमा परेर बन्दी भइरहनु परेको यथार्थहरूलाई प्रस्तुत कविता सङ्ग्रहमा देखाइएको छ । आफूभन्दा कमजोर राष्ट्रप्रति हैकम जमाउन उद्दत देखिने राष्ट्रहरूले गर्दा राष्ट्र-राष्ट्रबीच र मानव-मानवबीच फाँटो पलाएको छ । शक्तिसञ्चय र शक्तिप्रर्दशनीको होडबाजी चलेको छ । मानवजीवन विवशता र बाध्यताको जालोमा जेलिएर दिन प्रतिदिन जटिल र दुरुह बन्दै गइरहेको छ । राजनीतिमा देखिएका दुर्गन्धका चक्रव्यूहमा मानवता निरीह र निष्प्राण हुन पुगेको छ । राष्ट्र-राष्ट्रबीचको भाइचाराको सम्बन्ध शत्रुतामा परिणत भइरहेको छ । जसले गर्दा

युद्धका र द्वन्द्वका ज्वालाहरू दन्किरहेका छन् । धैर्य, प्रेम र सहनशीलता जस्ता कुराहरूलाई पन्छाएर मानव लडाइँमा मात्र जुट्नु हुँदैन, मृत्युका खेलहरू बन्द गर्नुपर्दछ भन्ने सन्देश यिनका कविताले दिएका छन् । मानिसमा रहेको व्याप्त दोष र ईर्ष्याको कारण मान्छे मान्छेकारूपमा नभएर दानवकारूपमा देखापरेका छन् भन्ने भाव यिनका कविताहरूले प्रकट गरेका छन् । राष्ट्रका साँघुरा सीमाहरूले निम्ताएको युद्धका कारण नरसंहार भएको कुरा उनका कवितामा व्यक्त भएको छ ।

कवि रत्नदेव शर्माले 'नागासिकी हिरोसिमा निगालाको बस्ती' शीर्षक कवितामा मान्छे मान्छेकोरूपमा नदेखिएको कुरा व्यक्त गरेका छन् । मानिसले मानिसलाई हेर्दा कहाली लाग्ने स्थितिको सिर्जना भएकोमा कवि चिन्तित छन् ।

जस्तै :

यहाँ मान्छे देखिदैंन किन किन बाँका,

सेलाएका मान्छे त्यसै लोलाएका आँखा,

टाढादेखि यात्री आउँछन् मुख मुद्रा ओराली,

जहाँ मानिसलाई हेर्दा खेरी कहाली,

'नागासाकी हिरोसिमा निगालाको बस्ती' (पेज ६७)

'विश्व मानव लेलिन' शीर्षक कवितामा सम्पूर्ण विश्वलाई एउटै परिवार बनाएर लाखौंलाख सन्तानका एउटै पिता बन्ने लेलिनलाई एउटा उज्यालो दियालोकोरूपमा ज्ञानको ज्योति छर्ने प्रकाशकोरूपमा एउटा महान् र शक्तिशाली अत्याचारीहरूलाई पन्छाएर किनार लगाएर मानव-मानवबीच भाइचाराको सम्बन्ध गाँस्न वरदान दिने महान् व्यक्तित्व लेलिनलाई अत्याचारीको विरोधीकोरूपमा उनले हेरेका छन् ।

मानव- पथमा दीप्त निरन्तर छौ तिमी एक दियाला

विश्व मानव लेलिन

(पेज- ६४)

अन्याय र अत्याचारको आगोमा पिल्सिएका जनताको उद्धारका लागि राजा त्रिभुवनले आफ्नो गद्दीको बाजी लगाउँदै सङ्घर्षको मैदानमा उत्रिँदै मानवताको आवाज सङ्खघोष गरेको कुरा त्रिभुवनप्रति कवितामा व्यक्त गरेका छन् । उनका काव्य कृतिहरूमा मान्छेले, मान्छे भएर बाँच्न पाउनुपर्ने चाहना व्यक्त गरेका छन् । मानवको उपकार नै सच्चा धर्म हो भन्दै मानवताको विनाशप्रति तीब्र असहमति व्यक्त गरेका छन् ।

**४.२.१० क्रान्तिकारिता**

कवि रत्नदेव शर्माका कविताहरूमा क्रान्तिकारी चेत प्रबलरूपमा रहेको पाइन्छ । कवि रत्नदेव शर्माले राजनीति, कृषि, आर्थिक, सामाजिक क्षेत्रमा परिवर्तनका लागि आफ्ना स्वरहरू प्रकट गरेका छन् । अन्याय, अत्याचार र दमनप्रति उनका कविताहरूले वकालत गरेका छन् ।

'भूमिसुधार हूँ' शीर्षक कवितामा परम्परितरूपमा रहेको शोषण र गाउँका ठूलाबडाहरूले गरिब र निमुखाहरूमाथि गर्ने आर्थिक शोषणका विरुद्धमा लाग्ने सन्देश दिएका छन्, आर्थिक बन्धनहरू, दुःखका बन्धनहरू ऋणका बन्धनहरू, चुँडालेर हल्का बन्नका लागि आग्रह गरेका छन् ।

निमुखा र निरीहको आवाजले बुलन्द गर्नुपर्ने र धर्तीका मानिसहरूले कसैमाथि शोषण र दमन गर्न नहुने कुरा बताउँदै धर्ती सबैको साझा हो भन्ने सन्देश दिएका छन् । सारा जग्गा जमिन कब्जा गरेर बस्ने जमिन्दारहरूप्रति उनको तीब्र असहमति छ र भन्छन्

आएँ आएँ मँ हुँकार लिई झ्याल र दैलो खोल,

जङ्गल झस्क पहिरा धर्क पहाड पहरा धच्क

भूमिसुधार हूँ (पेज- ३१)

आर्थिक व्याजका खराब चलनहरूलाई पनि पन्छाएर सबै मानिसलाई ऋणबाट मुक्त गर्दै नयाँ र नौलो स्वर्णिम बिहानीको निमन्त्रणा दिँदै सबैका दुःखहरूलाई चुँडाल्न, कम्मर कसेको कुरा अभिव्यक्त गरेका छन् ।

) ए ! गौंडा तमसुकहरू हो ए ! चक्रबृद्धिका खोटा चलन बनाउँछु मान्छेलाई
डाकी नौलो स्वर्ग बिहान (कविता- भूमिसुधार हुँ पेज - ३१)

परम्परितरूपमा रहेका रूढीवादी प्रवृत्ति र व्यवस्थाहरूलाई निर्मूल पार्दै ती व्यवस्थाहरूलाई छाँटकाँट गर्दै निमुखाहरूको आवाज र अर्न्तदृष्टिलाई मुखरित गर्ने सन्देश उनका कविताहरूले दिएका छन् ।

) बूढा रुखको कलमी गरे ठूला फल्छन् फल,
नरित्याईकन यौटालाई अर्कोलाई दिने बल ।

## ४.२.११ प्रेमसम्बन्धी दृष्टिकोण

कवि रत्नदेव शर्माको 'नौली र अरू कविता' कविता सङ्ग्रहमा प्रेमको हार्दिक पक्षको चित्रण भएको छ । प्रेम अन्तर्गत पनि मानवीय प्रेम, प्रकृतिप्रेम गरी दुईवटा पक्षको चित्रण गरेका छन् । प्रेमलाई सामाजिक, मूल्य-मान्यता, संस्कार, संस्कृति र परम्पराहरूले छेक्न नसक्ने कुरा उनका कवितामा प्रस्टिएको छ । प्रेमका विभिन्न पक्षहरूलाई प्रस्तुत गर्ने क्रममा कवि रत्नदेव शर्माले कतै प्रकृतिका बिम्ब र प्रतीकहरूको सहारा लिन पुगेका छन् । कतै नारी र पुरुषबीच हुने प्रेमलाई सृष्टिको सत्य कुरा हो भनेका छन् । नर-नारीका बीच परस्पर आकर्षणमा नै सृष्टिको प्रक्रियाले सार्थक हुने अवसर पाउँछ । उचित समयमा उचित निर्णय गर्न नसक्दा प्रेमले दुःखान्त अवस्था निम्त्याउने कुरा यिनका कवितामा अभिव्यक्त भएको छ । आफ्नो हृदयले स्विकारेको व्यक्तिलाई वरण गर्दा आइपर्ने समस्यासँग सङ्घर्ष गर्न सक्ने व्यक्तिले मात्र प्रणय यात्रामा सफलता पाउन सक्दछ । एक आपसको समझदारी र समर्पणमा नै प्रेमको वास्तविकता प्राप्त हुन्छ भन्ने कुरा प्रस्तुत सङ्ग्रहमा मूल रूपले अभिव्यक्त भएको छ । जस्तै :-

मेरो मेरो तिमी, भरपूर तिम्रो मेरो छाती भित्र
पोखियौ सारा तिम्रो गाढा रँगिलो दुनियाँ मैं भित्र ।      'नचाइरहेकी' (पेज ५२)

सुस्त भनेथें- छोडी जानू चीनो मलाई जाने बेला
उत्तर केही नदिई ओल्यौं कुहिरो लाग्यो त्यही बेलामा   'हाँस' (पेज ५६)

बिझाउँछ सानू छिनभर झस्का पीडा तीखो चस्कन्न यहाँ,
मनतातो चुम्बन पिरती राप अधर कहिल्यै डाम्दैन यहाँ । 'नातिशीतोष्ण' पेज ५७

कवि रत्नदेव शर्माले प्रेमको चर्चा गर्ने क्रममा बालकहरू प्रति गरिने प्रेमको स्वरूपलाई समेत झल्काएका छन् ।

छिटा छरिता कलिला कुमार
ती चारु कन्या हँसिला मुहार

## ४.२.१२ बिम्ब, प्रतीक, अलङ्कार

अप्रस्तुत वस्तुलाई बुझाउनु वा त्यसलाई मूर्तरूप दिनु प्रतीक हो । खासगरी साहित्यमा प्रतीक प्रकृतिको सम्पूर्ण मानवीकरणका रूपमा रूपक, उपमाको रूपमा र चरित्र, भाव, विचार विशेषको प्रतिनिधिका रूपमा बिम्बको प्रयोग हुन्छ । बिम्बको प्रयोगले कविताको भाव शसक्त र प्रबल बन्दछ । अन्तर्मनमा रहेका इच्छा र चाहनालाई फरकरूपमा प्रस्तुत गर्न प्रतीकको आवश्यकता पर्दछ । सोझो र अभिधात्मक भाषाको भनाइमा मिठास नपाइने हुनाले कवि एवं साहित्यकारले प्रतीक र बिम्बको माध्यमले धुमाउरो अभिव्यक्ति दिन्छन् । काव्य रचनाको क्रममा ठाउँठाउँमा आफ्नो भनाइलाई जोड दिनका लागि बिम्ब र प्रतीकको प्रयोग कविले गरेका छन् । मानिसले देखे भोगेका जीवन जगत्का विभिन्न क्षेत्रका नवीन पुरातन विविध बिम्ब तथा प्रतीकहरूलाई नयाँ शैलीमा प्रयोग गरेमा कविता बढी भाव गाम्भीर्य, रोचक र

स्तरीय हुन्छ । "नौली र अरू कविता" शीर्षक कविता सङ्ग्रहमा कवि रत्नदेव शर्माले राजनीतिक सामाजिक, आर्थिक र ऐतिहासिक क्षेत्रका विविध बिम्बहरू टिपेर आफ्ना कवितामा नवीन प्रयोग गरेका छन् । उनका बिम्ब प्रयोगका केहि उदाहरणहरू यस्ता छन् -

बूढा रुखको कलमी गरे ठूला फल्छन् फल,
+ + + + + + + + + + + +
ए ! गौंडा तमसूकहरू हो ए ! चक्रबृद्धिका खोटा चल्न,
अऋणी बनाउँछु मान्छेलाई डाकी नौलो स्वर्ण बिहान, (भूमिसूधार हूँ - ३१)

भुल्भुलायो आयो पानी माथिमाथि सम्मन्
भुल्का हल्का लहर उठाई पुग्यो टाढा सम्मन्
बन्दैछ अझै त्यो गाढा गाढा टाढा टाढा सम्मन्
खल्बलायो आज समुन्द्र छोयो किनार सम्मन् ।(लक्ष्य- भेदन गरिसकेको - ३७)

छेकानुप्रास र वृत्यानुप्रास अलङ्कारका दृष्टिले मात्र नभएर अन्त्यानुप्रास अलङ्कारको समेत राम्रो उदाहरणका रूपमा प्रस्तुत कवितालाई लिन सकिन्छ । जस्तै :

यहाँ मान्छे देखिँदैन किन किन बाँका
सेलाएका मान्छे त्यसै लोलाएका आँखा
टाढा देखि यात्री आउँछन् । मुख मुद्रा ओराली,
जहाँ मानिसलाई हेर्दा खेरी कहाली

"नागासिकी हिरोसिमा निगालाको बस्ती" यो कविता पनि प्रतीकात्मक रहेको छ । (पृ. ६७)

खच्खच् छन् घच्घच् छन् थिच्चिरहेछौं घिच्चिरहेछौं
जेल्टिङ खाने बाटो कच्चा उठबस गर्दै झुण्डिरहेछौं ।

यमक अलङ्कार (तिमी आराम रहू - ३८)

हवाई जहाजको पंखा जस्तै,

सुईहरूको चाल घुम्छ ।        (आजकल - ५०)

उपमा अलङ्कारको उत्कृष्ट नमुना प्रस्तुत कवितामा देखिन्छ । यसमा 'जस्ता' वाचक शब्दले उपमा अलङ्कारको धर्म निर्वाह गरेको छ । यसमा उपमान हवाईजहाजको पंखा, उपमेय सुई, धर्म घुम्नु वाचक शब्द 'जस्तै' रहेको छ ।

- छातिमाथि जोतिएको कलम मेरो वाणै हो । (कलम वाण - ६१)

## ४.३ हिमशिखा कविता सङ्ग्रहको विश्लेषण

### ४.३.१ प्रेमः

कवि रत्नदेव शर्माका काव्य प्रवृतिहरूमध्ये मुख्य प्रवृत्तिकारूपमा प्रेम रहेको छ । प्रेमअन्तर्गत मानवप्रेम, देशप्रेम, प्रकृतिप्रेम आदि पर्दछन् । कवि शर्माका कवितामा मानवीय प्रेमका विविध पक्षको अभिव्यक्ति पाइन्छ । एकातिर सशक्त विद्रोहको आवाज उठाउने शर्मा अर्कातिर सुमधुर रतिरागात्मक अभिव्यक्ति दिइरहेका हुन्छन् । विद्रोहका स्वरहरूलाई क्रान्ति र संघर्षका आवाजहरूलाई मुखरित गर्ने क्रममा पनि उनी रतिरागात्मकताबाट टाढिन सक्दैनन् । प्रेममा उनले सबैभन्दा बढी संयोग श्रृङ्गारलाई नै विषयवस्तु बनाएका छन् । कतै-कतै उनका कविताले श्लीलताको सीमा नाग्न खोजे पनि विविध प्राकृतिक बिम्ब र प्रतीकहरूको आयोजना गरेर अश्लीलतालाई छोपी राखेका हुन्छन् । शर्माको कवि व्यक्तित्व उन्मुख भएर बोली राखेका बेला उनी स्वच्छन्दरूपमा आफ्ना अन्तर-कुन्तरका भावनाहरूलाई छन्दको बन्धन बाहिरै बसेर प्रणयवादी स्वर घन्काउँदा यिनको कवि व्यक्तित्व आफैंमा एउटा श्रृङ्गारिक प्रेमी बनेर बोलिरहेको पाइन्छ । आफ्नै अनुभूतिलाई, आफ्नै प्रेमका छटपटीहरूलाई आफ्नै हृदयमा दन्केको रतिरागात्मकताको ज्वालालाई बिम्ब र प्रतीकको झिनो पर्दाले छेकेर कवितात्मकरूपमा प्रकट गरेका छन् । प्रेमका विविध पक्षहरूलाई र अनुभूतिहरूलाई उपमा, एवं नवीन बिम्ब र प्रतीकहरूद्वारा व्यक्त गर्न सक्नु कवि रत्नदेव शर्माको काव्यिक चमत्कार, र नेपाली गद्य कविता फाँटको एउटा ठूलो उपलब्धी पनि हो ।[९६]

धारामा नुहाई भरखर ऊ लुगा फेर्दै थिई

अकस्मात् झऱ्यो पेटीकोट

भई ऊ नाँगै

निर्वसना

---

[९६] मुकुन्दशरण उपाध्याय ऐजन ३८

राती भई ऊ सतर्कता साथ हेरी पल्याक् पुलुक्

पेटीकोट माथि तानी

छोपी सृष्टिको शुभारम्भ गुफा

जहाँबाट जीवन खुल्यो

(निर्वसना - १९७)

विगत रातको तिम्रो चुम्बनले

तिम्रो आलिंगन ले

तिमीभित्रै डुबुल्की मारेको स्नान ले

कति पवित्र थियो मेरो तन

(पखालिंदैन नुहाउँदा पनि - १३१)

पुनर्जीवनको आलिंगन हुन्छ

यो किनार मा उभ्भिएर

लठ्ठी धागो को हत्यौडी मिलाउँछू गँड्यौलो उन्छू

मँ तिम्रो तलाऊमा बल्छी खेल्छू

(मँ बल्छी खेल्छू - १७८)

### ४.३.२ विषयवस्तु

कविता कविको अनुभूतिको प्रस्तुति हो । कविले आफूले देखेभोगेका जीवन जगत्का विभिन्न क्षेत्रबाट विषयहरू टिपी त्यसकै सेरोफेरोमा कविता सिर्जना गर्दछ । कवि रत्नदेव शर्माले प्रकृतिप्रेम, राष्ट्रप्रेम, सामाजिक विकृति, क्रान्तिजस्ता विषयवस्तुलाई टिपी स्वच्छन्दतावादी भावधारामा, प्राञ्जल शैलीमा बिम्ब प्रतीकको

समायोजन गरी गेयात्मक गद्य कविताको सिर्जना गरेका छन् । कविले जीवन जगत्का कुनै पनि विषयसँग नजिक भई त्यसबाट हृदयमा आउने भावलाई ती विषयसँग जोडेर सुन्दर र कोमल अनुभूतिजन्य भावको सिर्जना गर्दछ । यसरी आउने अनुभूतिहरू मानवीय जीवन जगत् र मानवेतर जीवन जगत्का गरी दुई प्रकारका हुन सक्दछन् । कुनै पनि विषयमा कविले आफ्नो भाव गङ्गालाई शैलीका माध्यमले बगाएको हुन्छ । यसरी बगाउने क्रममा कविले चयन गर्ने विषयवस्तुमा विविधता पाइन्छ । ती विविधताहरूमध्ये कवि शर्माले प्रकृतिको मानवीकरण एवं प्रकृतिका विविध अवस्था,क्रान्तिकारीता, राष्ट्रियता विद्रोहात्मकता, नैतिकता, सामाजिक विकृति, विसङ्गति, रतिरागात्मकता, प्रेम, ऐतिहासिकता दार्शनिकता जस्ता कुरालाई हिमशिखा कविता सङ्ग्रहभित्रका कविताको विषयवस्तु बनाएका छन् ।

### ४.३.३ शीर्षक र संरचना

कवि रत्नदेव शर्माको सबैभन्दा ठूलो र मह□वपूर्ण कृतिकारूपमा 'हिमशिखा' कविता सङ्ग्रह रहेको छ । रत्नदेव शर्माका चारओटा कविता सङ्ग्रहमध्ये आकार र भावका दृष्टिले 'हिमशिखा' नै ठूलो कृति रहेको छ । यस सङ्ग्रहमा ५३ ओटा कविताहरू रहेका छन् । शीर्षकले कविताको मूल प्रतिपाद्य समेटेको हुन्छ । शीर्षक, अभिधात्मक, व्यञ्जनात्मक वा प्रतीकात्मक पनि हुन सक्छन् । शीर्षक भन्नु कृतिको नामकरण हो । जुनसुकै साहित्यिक कृतिका पनि नाम वा शीर्षक हुन्छन् । शीर्षक सकेसम्म छोटो र अर्थपूर्ण हुनु आवश्यक मानिन्छ । यस सङ्ग्रहको नामकरण "हिमशिखा" प्रतीकात्मकरूपमा रहेको छ । यस सङ्ग्रहमा सङगृहित कविताहरूमा अधिकांश शीर्षकहरू प्रतीकात्मक छन् ।

कविताको संरचना भन्नाले एउटा साहित्यिक कृतिको बुनोट भन्ने बुझिन्छ । हरेक कृतिको आफ्नो संरचना हुन्छ र यस बिना कृति निर्माण हुन सक्दैन । 'हिमशिखा' कविता सङ्ग्रहलाई संरचनागतरूपमा हेर्दा यो गद्य शैलीमा लेखिएको छ ।

शर्माले वाक्यगत र पदगत शीर्षकभन्दा पदावलीगत शीर्षकहरू नै बढी प्रयोगमा ल्याएका छन् । यस सङ्ग्रहमा रहेको नौ पङ्क्तियुक्त सबैभन्दा छोटो कविता 'कोजाग्रत' हो भने सबैभन्दा लामो कविता ११९ पङ्क्तियुक्त 'मञ्जुश्री भएर' नामक कविता हो । यस सङ्ग्रहमा निर्वसना, फागु, कोजाग्रत, अन्तर, जस्ता कविता एक पदी शीर्षकमा रहेका छन् भने 'बाजी ठोक्छौं?', बन्द वसन्त, सूर्य क्यामरा, नयाँ घर, शङ्खचक्र, आज दिनभर, आफ्नै आव्हान, हाम्री कुखुरी र बाँकी छ जस्ता शीर्षकहरू पदावलीयुक्त छन् । यी बाहेकका शीर्षकहरू वाक्यगतरूपमा देखिन्छन् । जस्तैः सितै खेर गएका दिन का उपहार, घाम-पानी को दिपावली, मँ वाघ सँग आँखा जुधाइरहेछू ।

## ४.३.४ प्रकृतिचित्रण

कवि रत्नदेव शर्माका विभिन्न काव्य प्रवृत्तिहरू मध्ये एउटा प्रवृत्तिकारूपमा प्रकृतिप्रेम रहेको छ । प्रकृतिको मानवीय चित्रण कवि रत्नदेव शर्माका कविताहरूमा भएको पाइन्छ । प्रकृतिलाई प्रतीक मानेर मानव जीवनका विभिन्न पक्षको सुन्दर चित्रण गर्दै प्रकृतिका माध्यमले जीवनको रहस्योघाटन समेत शर्माका कविताले गरेका छन् । स्वच्छन्द ढङ्गले प्रकृतिको चित्रण गर्ने कवि शर्माका कवितामा पहाडी जीवनसँगै पहाडी प्रकृति जीवन्त भएर प्रकट भएको छ । प्रकृति प्रयोगमा राष्ट्रिय सन्दर्भलाई प्रयोग गर्ने कवि रत्नदेव शर्मा प्रकृतिका सूक्ष्मातिसूक्ष्म पक्षहरूको निरीक्षण गर्न पुग्छन् । पौराणिक र ऐतिहासिक बिम्बका माध्यमले पवित्र प्रेमको मह□व दर्साउने क्रममा पनि प्रकृति चित्रणलाई कवि शर्माले त्यतिकै उल्लेखनीयरूपमा प्रस्तुत गरेका हुन्छन् । कविले प्रकृतिको चित्रण गर्ने क्रममा नेपाली जनजीवनका दैनिक जीवनमा प्रयोग हुने प्राकृतिक वस्तुहरूको उचित संयोजनले गर्दा उनका कवितामा मीठास थपिएको छ । यसरी प्रकृतिचित्रण हिमशिखामा सङ्ग्रहित कविताहरूमा, बन्द वसन्त, म सुकुमार यहीं सुत्छु, निर्वसना, सूर्य क्यामरा, एक वाष्पयुक्त श्वास, आफ्नो जवानी फिर्ता लेओ, घामपानी को दिपावली, कोजाग्रत, आज दिनभर, हाम्री कुखुरी, सोझै माथि ताकेर जस्ता कविताहरूमा प्रकृतिको सुन्दर चित्रण गरेका छन् । प्रकृतिको मानवीकरण गरिएको शर्माको एउटा कविता यस प्रकार छः

“जातजातका मौसम का फूलहरू

तेहाँ तिम्रै नक्शाले उभ्याएको धुरी छ

दुवै किनारा लाई जोड्ने

पानी को खेवा छ

बेग्लै छ बेग्लै आज रात हाम्रो

छोपी सृष्टि को शुभारम्भ गुफा

जहाँबाट जीवन खुल्यो

एक आँखा काँनो आँखा उघारेर”

(निर्बसना - पृ. ९७)

“सूर्य-चन्द्रका काँधमा जूवा नारेर

जोतेथें धुर्को मैले पृथ्वी को

रोपेथें सरा चेतना का मसीना

लहलहाउनेछन् रोपा भोली

कोजाग्रत को जून मा”

(कोजाग्रत, पृ. १५८)

“हरेक दिन लाई छोपी ओथ्रा बस्छन् रात

कुखुरी रात

सुटुक्कै गूँड भित्र पस्छन्

फूलचोर का हात

उछिट्याइन्छन् ताजा दिनहरू

घुर्लक्क- घुर्लक्क निलिन्छन् मौसमहरू”

(हाम्री कुखुरी, १८८)

कविले पहाडी जन्मभूमिको मनोहर जनजीवनमा सँगालेका अनुभवलाई प्राकृतिक बिम्ब र प्रतीकहरूका माध्यमले श्रृङ्गारिकरूपमा व्यक्त गरेका छन् । उनले गरेका प्रकृतिचित्रणमा मानवीय जीवनका श्रृङ्गारिक कारुणिक र मनोमुग्धकारी विषयवस्तुहरू समेटिएका हुन्छन् ।

### ४.३.५ सामाजिक विसङ्गति

कवि रत्नदेव शर्माले 'हिमशिखा' कविता सङ्ग्रहभित्रका कवितामा सामाजिक विकृति र विसङ्गतिका कुराहरूलाई अभिव्यक्त गरेका छन् । परम्परागत सामाजिक संरचनाभित्र देखिएका विकृति र विसङ्गतिको समूल उच्छेदन गर्नका लागि आग्रह गरेका छन् । सामाजिक, मूल्य मान्यता, परम्परा, संस्कृति र संस्कारका साँघुरा घेराभित्र बाँधिएका इच्छा आकांक्षाहरूलाई स्वतन्त्ररूपमा विचरण गर्न पाउने परिस्थितिको सिर्जना हुनुपर्ने कुरा उनका कविताले बोलेका छन् । विसङ्गति, विभेद, शोषण र अन्यायले भरिएको यस समाजमा कवि रत्नदेव शर्माका आवाजहरूले पीडितहरूको प्रतिनिधित्व गरेका छन् र यस अर्थमा यो कृति विश्व भरिकै पीडित मानवहरूको मुखर अभिव्यक्ति हो भन्दा पनि फरक पर्दैन ।[९७] कवि शर्माका कविताले सामाजिक दुष्प्रवृत्तिको उद्घाटन गर्दै तीनबाट मुक्तिका लागि सुधारको सन्देश दिएका छन् भने अर्कातर्फ कवि शर्माले सामाजिक विकृतिको तीव्र विरोधको आव्हानसमेत गरेका छन् । नेपाली समाजमा विद्यमान शोषण र दमनको पर्दा उघार्दै आर्थिक दूरावस्था र दारुण यातनाको कारण पिल्सिनु परेका प्रवृत्तितर्फ कविले व्यङ्ग्यात्मक प्रहारसमेत गरेका छन् । समाजमा रहेका परम्परागत अन्धविश्वास रुढिबुढी र कुरीतिको विरोध गर्दै सामाजिक समुन्नतिको चाहना राख्ने कवि शर्माका साहित्यिक रचनाले विषमतामा आधारित समाजमा निम्नवर्गीय मानिसहरूको दयनीय अवस्थाको उद्घाटन गर्दै तिनीहरूको समुत्थान हुनुपर्ने भावना व्यक्त गरेका छन् । सामाजिक भावना र दृष्टिकोण व्यक्त भएका उनका कविताहरूका केही उदाहरणः

---

[९७] मुकुन्दशरण उपाध्याय ऐजन पृष्ठ ३८ ।

"सुसभ्य लुगाहरू, सिँगारहरू, रोबहरू, रवाफहरू
आबाद छन् रे भनी अझै जनावरहरू
जनावरै त भयौं हामी आखिर
हो, तमाशै त भयौं हामी आखिर"

(हामी भावना का छिद्रहरू - पृ. १०४)

"मानिस बेला बेलामा
पशु भन्दा बढ्ता रुन्छ छट्पटाउँछ
पशु बाट मानिस मानिस हुन्छ
मानिस बाट पशु ।"

(पशु बाट मानिस मानिस बाट पशु - पृ. १२२)

"एउटा समस्या खोच्याइरहेछु
एउटा घाउ जिइरहेछु
दुःखान्त काव्यको उलझनपूर्ण पात्र मँ
जो अक्सर आत्महत्या गर्न सक्छ ।

(दुःखान्त काव्यको उलझनपूर्ण पात्र मँ, पृ. १८५)

"हाम्रो अस्ति□व थियो गाँजिनु मा
एक हैन अनेकौं सरा थियौं हामी
हुरीले फुक्थ्यो हामीभित्र सास"

(खै ती हाम्रा जुगादिकथा, पृ. २००)

### ४.३.६ युगीन यथार्थ

कवि रत्नदेव शर्माका कविताहरूमा राजनीतिक परिवर्तनका लागि आशावादी स्वर, तत्कालीन राजनीतिक परिवेश, तत्कालीन सामाजिक स्थितिको चित्रण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक सन्दर्भ आर्थिक विपन्नता भोगेका नेपालीहरूको अवस्थाको राम्ररी चित्रण गरेका छन् । उनका कवितामा युगबोध र वास्तविकतामा आधारित अनुभूति पाइन्छ । उनले आफ्ना कवितामा प्रेम र विछोडको पनि चित्रण गरेका छन् :

"स्कुल छुट्छ, अड्डा छुट्छ, घण्टाघरले पाँच हान्छ
नयाँ सडकको अगल बगल मा जब मानिसको घुइँचो हुन्छ ।
दिवंगत मेरी बुलु रानीको लिई ज्यूँदो अनुहार
यौटी सानी केटी हिँड्छिन् छोइ मेरो दिलको तार ।"

(बुलुरानी - पृष्ठ - ३४)

कवि शर्माले आफ्ना कविताहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय इतिहासलाई उद्घृत गर्दै युगीन यथार्थको राम्रो चित्रण गरेका छन् ।

"आकाश घर्ती लुकाएको पाताल मुनि लागि राक्षसले,
कथा हाम्रो खोसी फेरि बलसँग ल्याएको राजाले"

(त्रिभुवन प्रति - पृ. ४६)

"नागासिकी हिरोसिमा निगालाको बस्ती
कविता यहाँ बिर्सिन्छू म भाव जान्छ उल्टी"

(नागासिकी हिरोसिमा निगालाको बस्ती, पृ. ६७)

### ४.३.७ क्रान्तिकारिता

कवि रत्नदेव शर्माका कविताहरूमा क्रान्तिकारी चेत प्रबलरूपमा पाइन्छ । शर्मा क्रान्तिकारी कवि हुन् । उनी राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा

आमूलपरिवर्तनको अपरिहार्यता ठान्दछन् । अन्याय, अत्याचार, शोषण र दमनबाट निरीह जनतालाई मुक्ति दिन एउटामात्र बाटो संघर्षलाई मान्दछन् । क्रान्तिको चेतनालाई दमन गर्न नसकिने अभिव्यक्तिहरू उनका कवितामा प्रस्तुत भएका छन् । कवि शर्मा आदर्शवादी कवि नभएकाले उनका कवितामा विद्रोहको आव्हान तीव्ररूपमा भएको पाइन्छ । निमुखा, पीडित र असहायहरूले भोग्नुपरेका दारुण यातनाका विरुद्ध प्रहार गर्दै जानुपर्ने कुरा उनका कवितामा अभिव्यक्त भएका छन् । अन्याय र अत्याचारको विरोधका अभिव्यक्तिहरू, विद्रोहका अभिव्यक्तिहरू, झुटा आश्वासन प्रतिका अभिव्यक्तिहरू र संघर्षका अभिव्यक्तिहरू उनका कवितामा पोखिएका छन् । स्वच्छन्दतावादी छवि प्रस्तुत भएको 'हिमशिखा' कविता सङ्ग्रहमा प्रगतिवादी स्वर र विद्रोही स्वर पनि सशक्तरूपमा अभिव्यक्त भएको छ । कवि शर्माको सामाजिक विद्रोह प्रस्तुत 'हिमशिखा' मा तिखारिएर प्रस्तुत भएको छ । कवि शर्मा घरी बज्र कठोर र घरी कुसुमकोमल भएर बोलिरहेका भेटिन्छन् ।

"पाखा पाखामा कोदो पाक्यो
दह्रिँदै आएका छन् तिनका पाखुरा
कस्सिएका छन् अब मुट्ठीमा
तिनका अंगुलीहरू
उठिरहेछन् कोदोका हजार हजार मुट्ठी
आकाशको रिक्तताप्रति
सोझै माथि ताकेर"
(सोझै माथी ताकेर - १९९)

"तैले फोहोर्‍याएको पानाभन्दा
मैले नलेखेको हरफ गाढा

तैंले चिच्याएको आवाज भन्दा

मेरो भाव स्पष्ट छ

तेरो जयघोष भन्दा

मेरो हार गम्भीर छ”

(तैले फोहोऱ्याएको पाना भन्दा - पृ. १२५)

“सम्भव असम्भव

हिजो चोभार काट्ने मैं हुँ

आज बाँध ठोक्ने मैं हुँ”

(मञ्जुश्री भएर - १३९)

“मँ बाघसँग आँखा जुधाइरहेछु

झलझलाकार बाघका आँखा सित

आफ्ना रिट्ठे आँखा

न ऊ आँखा चिम्लन्छ

न म नै आँखा चिम्लन्छु”

(मँ बाघ सँग आँखा जुधाइरहेछु - पृ. १४७)

“शान्ति र हतियारका दावा

मुठ्ठी कसी केहि छ भनी हिँडेथें

खोतल्दा घुनपुत्लेछन् दुवै

चुनौती छ आज ताजा अनुहारको

नयाँ इतिहासको”

(छोराको भुमरी आँखा १६६)

### ४.३.८ स्वतन्त्रता र समानता

कवि रत्नदेव शर्मा स्वतन्त्रता र समानताका पक्षपाती कवि हुन् । उनका कवितामा मानवमात्रका लागि स्वतन्त्रता अपरिहार्य हो अनि संसारका मानव सबै समान हुन् भन्ने भावना अभिव्यञ्जित भएको पाइन्छ । समानता सँगसँगै मुक्त वातावरणको खोजी हुने अनि वेदना र विह्वलताबाट स्वतन्त्रता जन्मिने भएकाले स्वाभिमान र स्वतन्त्रताको लागि जस्तो सुकै मूल्य चुकाउन तयार रहनुपर्ने कुरा उनका कवितामा व्यक्त भएका छन् । प्रस्तुत ‘हिमशिखा’ कविता सङ्ग्रहमा कवि शर्मा उन्मुक्त भएर बोलिरहेका छन् र अन्य कृतिका तुलनामा यसमा बढी खुलेका छन् । शोषण र अन्यायबाट भरिएको समाजबाट उन्मुक्तिको आकांक्षा कवि शर्माका कविताले गरेका छन् । मुक्त वातावरण र अस्ति□वको खोजी गर्ने कवि शर्माले धर्तीको सम्पत्ति तेरो मेरो नगरी, धेरै थोरै नगरी समानरूपले बाँडेर सबैले उपभोग गरौं भन्ने समतावादी विचार व्यक्त गरेका छन् ।

“झिकूँ भन्छू झन् गड्छ काँडो मर्ममा

कसुँ भन्छू मुठ्ठी फुस्की जान्छ हावा मा”

(दु:खान्त काव्य को उलझनपूर्ण पात्र मँ - १८४)

“यो पनि देश धेरै-धेरैको देश

भूत को देश वर्तमान को देश

छन् यहाँ बाउ को बुढ्याइँ ओढ्ने”

(मँ पनि अनौठो एउटा मान्छे, पृ. १४६)

"हावा मा बत्तिइरहेका ती समय लाई
हात उठाएर मठ्ठी मा बाँधूँ मँ
जोड सँग मुट्ठी कसूँ मँ
र भन्न सकूँ दुनियाँ मा आदब लिएर
यो क्षण, यो समय महान् अंक को कोख हो
मेरो हो, सबैको हो ।"

(बाक्कल को टोपी, पृ. १३०)

"हैन मैले बोल्नै पर्छ
मैले मेरो मन्तव्य प्रकाशित गर्नैपर्छ
एसमा तिम्रो जिद्दी छ भने
तिमी तिम्रो दुनियाँ कोर
म मेरो सपना लेख्छू"

(बाजी ठोक्छौ ? पृ-९०)

"नडराउन सखी, नडराउ
नाँगै हुन देउ हाँगाहरू लाई
हलूका हुन देउ छायाँ का भारहरू लाई"

(बन्द वसन्त, पृ. ९२)

### ४.३.९ राष्ट्रियता

कवि रत्नदेव शर्माका कविताहरूमा राष्ट्रवादी स्वर प्रबलरूपमा रहेको पाइन्छ । आफ्नो राष्ट्र, राष्ट्रियता, जाति, संस्कृति, भाषा, साहित्यजस्ता कुराहरूमा उनको राष्ट्रवादी भाव अभिव्यक्त भएको पाइन्छ । कवि शर्माले राष्ट्रिय महिमा गान र राष्ट्रिय

समस्याको उद्घाटन आङ्ना कवितामा विशिष्ट प्रकारले गरेका छन् । 'मन्जुश्री भएर' कवितामा उनको राष्ट्रवादी भावना प्रबलरूपमा व्यक्त भएको छ । यसैगरी 'यो मेरो बालक' कवितामा पनि उनको राष्ट्रवादी चेतना सल्बलाएको छ । देश र जनताको लागि आङ्नो जीवन अर्पने राष्ट्रप्रेमीहरूप्रति श्रद्धा सुमन अर्पेका छन् । राष्ट्रिय एकता, वीरता, पौराणिकता र आत्मबलिदानजस्ता कुराहरूमा आस्था राख्दै राष्ट्रप्रेमको वर्णन गरेका छन् । स्वदेशको मान-सम्मान, इज्जत, प्रतिष्ठा र मर्यादाप्रति खेलबाड गरी राष्ट्रिय गरीमा र आत्म-सम्मानमा आँच आउने क्रियाकलाप कसैबाट हुन्छ भने त्यसका विरुद्ध लड्नुपर्छ भन्ने सन्देश यिनका कविताले दिएका छन् । वैयक्तिक स्वार्थभन्दा राष्ट्रिय स्वार्थलाई सर्वोपरी मानेर कार्य गर्नु नै एउटा सच्चा राष्ट्रसेवकको कर्तव्य हो भन्ने भाव उनका कवितामा अभिव्यक्त भएको छ ।

जस्तै :

- मेरो कालीगण्डकी का शालिग्रामहरू
  बसाइँ आएर
  अद्भुत कालिगडी का नमूनाहरू
  परदेशी शालीग्रामहरू
  (कंगो काली काली कंगो-१६१)
- गौचर को गोदाम घर त्यो हिमाल मा
  गौचर, वन, फाँट सडकहरू मा
  शहर, गाउँ र बस्तीहरू मा
  एकनास घाम लाग्यो
  उदांगिएको घाम
  (आज दिनभर-१७५)
- हिजो चोभार काट्ने मै हूँ
  आज बाँध ठोक्ने मै हूँ

हेर, नागदह तालिएको एकपल्ट फेरि

(मञ्जुश्री भएर - १३९)

- घर गाउँ सजाउँछू ती भीटीं ले

स्वप्रेरित कर्तव्य ले

गर्छू एउटा नमूना पेश

कर्तव्यै पनि भोली

(प्रहरी हूँ मँ - १६४)

- यो पनि देश धेरै-धेरै को देश

भूतको देश वर्तमान को देश

छन् यहाँ बाउ को बुढ्याइँ ओढ्ने

जवानी दिने आफू खुम्चिने छोरा

छन् सिद्धार्थ का पाइला राजप्रसाद बाट बाहिर

जंगलतिर रात मा एक्लिएका

(मँ पनि अनौठो एउटो मान्छे - पृ. १४६)

### ४.३.१० भावविधान

कवि रत्नदेव शर्मा मूलतः स्वच्छन्दतावादी, प्रगतिवादी कवि हुन् । उनको 'हिमशिखा' कविता सङ्ग्रहमा विभिन्न विषयहरू स्वच्छन्दतावादी स्वरले सजिएका छन् । 'हिमशिखा' कविता सङ्ग्रहमा कवि शर्माले आत्मपरक चित्रण गर्दै मानवीय मूल्यको खोजी गरेका छन् । यिनका कविताहरूको केन्द्रीय भाव मानवता, स्वतन्त्रता, समानता, क्रान्तिकारिता, सामाजिक विसङ्गतिको उद्घाटन, युगीन यथार्थता, स्वदेशको महिमा व्यक्त भएका छन् । प्रगतिवादी स्वर जसरी मुखरित गरेका छन् । त्यसभन्दा बेसी तिनका प्रणयवादी स्वर मुखरित भएका कविताहरू 'हिमशिखा' कविता सङ्ग्रहमा संग्रहित छन् । त्यसैले यिनको विद्रोहीस्वर जति सशक्त छ प्रणयी स्वर पनि कम

तिख्खर छैन । थुप्रै शीर्षक भएको यस कृतिले रत्नदेवका मनभित्र भएका उकुसमुकुस र छट्पटीलाई सहज रूपले अभिव्यक्त गरेका छन् । रत्नदेव शर्माले यस कृतिमा व्यक्त गरेका आवाजहरूले पीडितहरूको समेत प्रतिनिधित्व गरेको छ । यस अर्थमा यो कृति विश्वभरिकै पीडित मावनहरूको मुखर अभिव्यक्ति हो भन्दा पनि फरक पर्दैन ।[९८]

कवि शर्माले दाम्पत्य प्रेम वा स्त्री पुरुषको प्रणय भावनालाई व्यक्त गर्नुका साथै जातिप्रेम, देशप्रेम, मावनप्रेम विश्वप्रेमका रूपमा पनि व्यक्त गरेका छन् । स्वच्छन्दतावादी प्रगतिवादी कवि शर्माका कविताहरूमा विपन्नता र असमानता हटाइ सम्पन्नता र समानता ल्याउन उनी भविष्यप्रति आशावादी छन् भन्ने कुरा देखिन्छ । भावुकता भित्र यथार्थ समेट्न सफल कवि शर्माका कृतिहरूमा लघुसंरचनायुक्त अनुभूतिपूर्ण सुसम्बन्ध र मुक्तलयको निर्वाहले गर्दा गेयात्मक बनेका छन् ।

## ४.३.११ भाषाशैली

कविताका बाहिरी पक्षसँग सम्बन्धित भएर भाषाशैली आएको हुन्छ । साहित्यका गद्य, पद्य दुवै विधामा रचनाकारको साहित्यिक कलाको परिचय पनि भाषाशैलीबाटै पाइन्छ । भाषाशैलीले रचनालाई सरल, जटिल, निरस, क्लिष्ट र सुबोध जे पनि बनाउन सक्छ । कविता कृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध भाषिक विकल्प मध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो ।[९९] विचार अभिव्यक्त गर्ने ढङ्ग हो । कवि रत्नदेव शर्माका कवितामा प्रयुक्त भाषाशैली सरल, सहज र सुबोध्य हुँदाहुँदै पनि कतिपय ठाउँमा दुर्वोध्यको अनुभूति हुन्छ । मानक व्याकरणका रूपमा स्वीकार गरिएको नेपाली व्याकरणको नियमलाई “रत्नदेव शर्माका कृतिहरू” भित्रको ‘हिमशिखा’ कवितासङ्ग्रहमा पालना गरिएको छैन । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग अनुप्रासीय र आलङ्कारिक भाषाको

---

[९८] मुकुन्द शरण उपाध्याय ऐजन, पृ. ३८ ।

[९९] नेपाली कविता भाग ४, वासुदेव त्रिपाठी, काठमाडौं, साझा प्रकाशन, २०५८ पृ. १९ ।

प्रयोगका कारण उनका कविताहरू गेयात्मक र कोमल छन् । 'हिमशिखा' कविता सङ्ग्रहमा कवि रत्नदेव शर्माले आलङ्कारिक, साथै सरल र वर्णनपरक, गद्यात्मक भाषाको प्रयोग गरेका छन् । कविले तत्सम, तद्भव आगन्तुक र झर्रा नेपाली शब्दको समूचित प्रयोग गर्दै भावपक्षलाई सबल पारेका छन् ।

कवि रत्नदेव शर्माको अभिव्यक्ति सरल सुस्पष्ट, स्वभाविक हुनका साथै सरल, संरचनाभित्र कथ्य भावको समायोजन भएको पाइन्छ ।

| आगन्तुक | तत्सम | झर्रा |
|---|---|---|
| टेबिल | दार्शनिक | ओराल्न |
| होटल | शीर्षासन | झाँगिएका |
| बाबरलेट | नतमस्तक | गुण |
| पेन्टिङ | सन्ध्या | घ्याम्पा |
| ब्रस | सृष्टि | लछार्न |
| डिजाइन | लज्जा | किरिङ्मिरिङ् |
| साइनबोर्ड | धर्ती | ठुङ्मारी |
| थर्मामिटर | सूक्ष्म | चिनारी |
| रेडियो | सुदर्शनचक्र | घुइँकिन |
| ट्रक | पाञ्चजन्य | साइँसाइँ सुइँसुइँ |
| जोमेट्री | वाणी | चिम्सो |
| रेलिङ्ग | मानव | तल्र्याङ्तुर्लङ् |
| हिप्पी | महाअग्नी | |
| यार्लिङ् | स्रष्टा | |
| हिप्सी | उष्णता | |
| भैयाद | सपिण्डी | |
| टेनिसूज | | |

### ४.३.१२ छन्दविधान :

कवि रत्नदेव शर्माले गद्य र पद्य दुवैखाले कविता लेखेका छन् । रत्नदेव शर्माका प्रकाशित ४ (चार) कृतिहरू मध्ये सबैभन्दा ठूलो आकारको कृति 'हिमाशिखा' कविता सङ्ग्रह हो । शिल्प र अभिव्यक्तिका दृष्टिले पूर्व सङ्ग्रहभन्दा स्तरीय छ ।[१००] र छन्द प्रयोगका दृष्टिले समेत भिन्न छ । उनले पूर्वीय काव्य सिद्धान्तमा आधारित नभई मुक्त छन्दमा कविता लेखेका छन् । गद्य कवितामा प्रस्तुत हुने कविताहरूको छन्दलाई मुक्त छन्द भनिन्छ । सामान्यरूपमा गद्यमा लेखिएको कवितालाई गद्य कविता भनिन्छ । यसमा शास्त्रीय छन्दको बन्धन हुँदैन अर्को शब्दमा गद्य कविता शास्त्रीय छन्ददेखि मुक्त हुन्छ ।[१०१] मुक्तछन्दमा लेखिएको कविताको आत्मनिहित आकृति हुन्छ अर्थात् यस छन्दको आविष्कारभित्र नै यसको नियम र आकृति अन्तर्निहित हुन्छ ।[१०२]

कवि शर्माले यस सङ्ग्रहमा छान्दिक चमत्कारभन्दा भावको सहज पोखाइतिर गएका छन् । समग्रमा यिनका कविता सहज सम्प्रेष्य भए पनि कतैकतै क्लिष्ट र असंप्रेषणीयता जस्ता कमजोरी देखिन्छन् ।

### ४.३.१३ बिम्ब/प्रतीक/अलङ्कारयोजना :

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[१०३] बिम्बको प्रयोगले कविता सशक्त र भाव प्रबल बन्दछ । बिम्ब र प्रतीकको उचित प्रयोगले कविका अन्तर्हृदयका भावाभिव्यञ्जनालाई स्थूल र मूर्तरूप दिने गर्छ , भावना अमूर्त हुन्छ । जीवनजगत्का विविध सन्दर्भ र सागम्रीबाट बिम्ब विधान हुन सक्छ र अर्थालङ्कारहरू बिम्ब विधानकै उपक्रम हुन् ।[१०४] अन्तर्हृदयका भावहरूलाई प्रकटीकरण गर्न कुनै वा कुनै साधनको

---

[१००] मुकुन्द शरण उपाध्याय ऐजन, पृ. ३५ ।

[१०१] युदुनाथ खनाल छन्द, "समालोचना सिद्धान्त" (काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति २००३) पृ.४२ ।

[१०२] जगदीश शमशेर, मुक्तक छन्द, "रूपरेखा" (मासिक) ४:११ पूर्णाङ्क ३५ पृ. २६ ।

[१०३] वासुदेव त्रिपाठी (संपा.) नेपाली कविता भाग ४ काठमाडौं : साझा प्रकाशन, २०५४ पृ २० ।

[१०४] ऐजन, पृ. २१ ।

आवश्यकता पर्दछ । बिम्ब र प्रतीक तिनै भावहरूलाई सबलरूपमा प्रकटीकरण गर्ने आवश्यक त□व हुन् । मानिसले देखेभोगेका जीवनजगत्का विभिन्न क्षेत्रका नवीन पुरातन विविध बिम्ब तथा प्रतीकहरूलाई नयाँ शैलीमा प्रयोग गरेर भावाभिव्यक्ति दिएका कविता बढी भावगाम्भीर्य, रोचक र स्तरीय हुन्छन् । यस सङ्ग्रहका कवितामा कवि शर्माले सामाजिक, आर्थिक, ऐतिहासिक क्षेत्रका विविध बिम्बहरू टिपेर आफ्ना कवितामा नवीन प्रयोग गरेका छन् ।

प्रतीक विधान कविताको सशक्त पक्ष हो । सफल कविले प्रतीक विधान तर्फ विशेष ध्यान दिएको हुन्छ । कवि रत्नदेव शर्माले सामाजिक यथार्थ, सामाजिक विकृति, कुप्रवृत्ति प्रेमजस्ता पक्षको उद्घाटन गर्न सहजरूपले आफ्ना कवितामा प्रतीक विधान चयन गर्दछन्, प्रतीक विधानका दृष्टिले 'हिमशिखा' कविता सङ्ग्रह उत्कृष्ट छ ।

अलङ्कार पनि कविताको सशक्त कलापक्ष मानिन्छ । अलङ्कारका माध्यमले कविता भाव संवेद्य बन्दछ । शब्दालङ्कार र अर्थालङ्कारले कविताको आन्तरिक र बाह्य दुबैपक्षलाई सिंगारेको हुन्छ । साहित्यमा सार्थक, आकर्षक र प्रभावकारी सिर्जनाको लागि सौन्दर्यको अर्थमा अलङ्कारको विशिष्ट भूमिका छ ।[१०५] अलङ्कारको प्रयोग काव्यात्मक चमत्कारप्रदर्शन गर्नका लागिमात्र नभई भावसम्प्रेषणकारूपमा स्वतः सिर्जित भएको पाइन्छ । कवि शर्माले आफ्ना कवितामा छेकानुप्रास, वृत्यानुप्रास जस्ता शब्दालङ्कार र उपमा, रूपक र वक्रोक्तिजस्ता अलङ्कारको प्रयोग गरेका छन् ।

(क) राती भई ऊ सतर्कता साथ
हेरी पल्याक् पुलुक्
पेटीकोट माथी तानी
छोपी सृष्टिको शुभारम्भ गुफा
जहाँबाट जीवन खुल्यो

---

[१०५] मोहन हिमांशु थापा, साहित्य परिचय ते.सं. (काठमाडौं : साझा प्रकाशन), २०४७ पृ २५२ ।

एक आँखा कानो आँखा उघारेर

(निर्वसना- ९७)

(ख) एक पोल्टो वसन्त दिएर

आकाश चर्काएर

मुटु मुटुमा चट्याङ् दिएर

एक सिंगो मृत्यु बोकेर

मँ पनि थप्न चाहन्छु, प्रिय

तिम्रो चुक्चुकाई माथि अर्को एक चुक्चुकाई

(म हैन मइन- पृ. ११५)

(ग) विगत रात को तिम्रो चुम्बन ले

तिम्रो आलिंगन ले

तिमीभित्रै डुबुल्की मारको स्नान ले

कति पवित्र थियो मेरो तन

कति सङ्लो थियो मेरो मन

कति हलूका थियो त्यो निद्रा

थियो पूरा रातै एक पलक समान

चगा छन् आज दिशा-सूर्य

(पखालिंदैन नुहाउँदा पनि, पृ. १३१)

(घ) मँ च्याँखे हूँ

पाखा मा बस्छू

च्याँखे थाप्छू

अक्सर बख्खू मा पर्छू

म सधैं हार्छु ।

(मँ सधैं हार्छु - पृ. १५५)

(ङ) फूल पार्छे कुखुरी

फूल कुर्छे कुखुरी

आज अघि कसैले नदेखेको

सपना टेक्छे कुखरी

(हाम्री कुखुरी - १८९)

अन्त्यानुप्राशका दृष्टिले उत्कृष्ट कविताकोरूपमा यस कवितालाई लिन सकिन्छ,

ताल्चा फोरून्

लाहाछाप तोडून्

बन्द खाम खोलून्

पढून, खूब पढून्

सोचून्, खूब सोचून्

(बाजी ठोक्छौ ? - ९१)

हिमशिखा कवितासङ्ग्रहमा प्रयोग भएको वृत्तानुप्राश अलङ्कारको एउटा उत्कृष्ट उदाहरण यसप्रकार छः

कराऊन् टिकट, हेर्न आऊन् टाढा-टाढा बाट

सुसभ्य लुगाहरू, सिंगारहरू, रोबहरू, रवाफहरू
आबाद छन् रे भनी अझै जनावरहरू
जनावरै त भयौं हामी आखिर
हो, तमाश त भयौं हामी आखिर ।
(हामी भावनाका छिद्रहरू, पृ. १०४)

### ४.३.१४ लयविधान :

लयले कवितालाई गद्यबाट छुट्याउँछ, कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । कवि रत्नदेव शर्माको "हिमशिखा" कविता सङ्ग्रहमा चार दर्जनभन्दा बढी गद्य कविताहरू संग्रहित छन् । यस सङ्ग्रहका सबै कविताहरू गद्यलयमा संरचित छन् । जसलाई मुक्तलय पनि भनिन्छ । मुक्तलयमा संरचित शर्माका कवितामा सहजरूपमा लय, भाव र भाषाका बीचमा तादाम्य पाइन्छ । कवितामा वर्ण र मात्राको गणनाको अतिरिक्त गति र यतिको पनि संयोजन हुन्छ । यसबाट कवितामा लयात्मक र सङ्गीतात्मक स्थितिको सिर्जना हुन्छ । कविताको मुख्य विधागत परिचायक स्वरूप त□व लय विधान नै हो ।[१०६] पङ्क्ति पङ्क्तिबीच कम नियमितता वा दुई, तीन, चार वा बढी पङ्क्तिको कमै नियमित अनुच्छेद ढाँचा चाहि मुक्तलयको स्थिति हो । साङ्गीतिक र सुन्दर भाषा प्रयोगले कवितालाई सुमधुर र गेयात्मक बनाएको छ । गद्य कविता भए तापनि उनका कविताहरूमा अन्तर अनुप्रासीयता र अन्य विविध अनुप्रासीय प्रयोग भएको छ । यसले कवितालाई गम्भीर र तीब्र बनाएको छ ।

"कोइली उड्यो भन्दै मा
फूल झऱ्यो भन्दै मा
नडराउन सखी, नडराउ
नाँगै हुन देउ हाँगाहरू लाई

---

[१०६] वासुदेव त्रिपाठी, ऐजन पृ. १८

हलूका हुन देऊ छायाँका भारहरूलाई”

(बन्द वसन्त, पृ. ९२)

“फूल पार्छे कुखुरी
फूल कुर्छे कुखुरी
आज अघि कसैले नदेखेको
सपना टेक्छे कुखरी”

(हाम्री कुखुरी, पृ. १८९)

“तिमी मँ बाट अग्लिदै जानेछ
यो जहाँबाट पनि देखिनेछ
यो जहाँबाट पनि छोइनेछ
यो जहाँबाट पनि सुनिनेछ
यो जहाँबाट पनि बुझिनेछ

**४.३.१५ मानवतावाद**

कवि रत्नदेव शर्माका कविताहरूमा मानवतावादी सन्देश पाइन्छ । कवि शर्माले आफ्ना काव्य कृतिमा मानवले मावन भएर बाँच्न पाउनुपर्छ भन्ने चाहना व्यक्त गरेका छन् । मानवीय मूल्यमा देखिएको ह्रासप्रति ‘मेरो झिनो अस्ति□व’ शीर्षकको कवितामा दिनप्रतिदिन मानव अस्ति□वविहीन मूल्यविहिन भएर यान्त्रिक जीवन जिउन बाध्य छ, न ऊ मर्नुको अर्थ छ न बाँच्नुको । वास्तवमा मानिस मानिस भएर बाँच्नका लागि सकिराखेको छैन । कसैको बचाइको अनिवार्य आवश्यकता छैन, कोहि बाँचेकोमा गर्व छैन, कोही मरेकोमा चिन्ता छैन । कसैसँग कसैको सम्बन्ध छैन, संसारका सम्पूर्ण मानवहरू एकै हुन् । सबै मानवलाई समानरूपले हेर्नुपर्दछ भन्ने उनको धारण रहेको छ ।

अन्याय, अत्याचार, शोषण र अमानवीय व्यवहारलाई कवि शर्माले शोषणविरुद्ध संघर्ष गर्नुपर्ने कुरालाई कविताको माध्यमबाट व्यक्त गरेका छन् ।

मानिसका लागि स्वाधिनता अत्यन्तै प्यारो हुन्छ । ऊ कुनै पनि परिस्थितिमा बन्दी हुन चाहँदैन, सृष्टि कालदेखि नै मानिस स्वतन्त्रतापूर्वक बाँच्न चाहेर पनि विभिन्न खालका परिस्थिति विवशता र बाध्यताका चापमा परेर बन्दी हुनुपरेको यथार्थलाई कवि शर्माले अभिव्यक्त गरेका छन् । आजको मान्छे दुःखमा रुन र सुखमा हाँस्न पनि पाइरहेको छैन भन्ने सन्देश कवि शर्माका कविताहरूमा पाइन्छ ।

"पाखा-पाखा मा कोदो पाक्यो
दह्रिदै आएका छन् तिनका पाखुरा
कस्सिएका छन् अब मुठ्ठीमा
तिनका अंगुलीहरू
उठिरहेका कोदो का हज्जार हज्जार मुठ्ठी"

(सोझै माथि ताकेर, पृ. १९९)

"मेरो मानव बुद्धि र विवेकले
यो परमाणु भेदन गर्न सक्ने
सूक्ष्म शक्ति ले
मलाई उकास्तै लान्छ
उजिल्याउँदै लान्छ"

(पशुबाट मानिस मानिस बाट पशु, पृ. १२१)

**हिमशिखा कवितासङ्ग्रहको सारांश**

शास्त्रीय वर्णमात्रिक छन्दमा साहित्यरचना गरेर आफूलाई एउटा सफल छन्द कविका रूपमा उभ्याएका रत्नदेव शर्माले आफ्नो लेखनकार्य गद्य तर्फ लगाए । शर्माको गद्य लेखनको उत्कृष्ट कृतिका रूपमा 'हिमशिखा' कविता सङ्ग्रह रहेको छ । विषयवस्तुका दृष्टिले प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक र क्रान्तिकारी

विषयवस्तुलाई यस कविता सङ्ग्रहमा समेटेका छन् । भाषाशैलीका दृष्टिले संस्कृतनिष्ठ शब्दहरू बढी प्रयोग भएपनि आगन्तुक र झर्रा शब्दहरूको उत्तिकै मात्रामा प्रयोग भएको छ । संरचनाका दृष्टिले सबैभन्दा छोटो कविता कोजाग्रत ५ पङ्क्तियुक्त देखि सबैभन्दा लामो कविता ११९ पङ्क्तियुक्त 'मञ्जुश्री भएर' भन्ने कविता रहेको छ । बिम्ब, प्रतीक र अलङ्कारयोजनाका दृष्टिले यस अघिका कविता सङ्ग्रहमा भन्दा, नवीन र भिन्न देखिन्छन् । अत्यधिक मात्रामा प्रेमको चर्चा गरिएको यस सङ्ग्रहमा कवि शर्मा धेरै शृङ्गारिक पनि बनेका छन् । कवि शर्माले हिमशिखा कविता सङ्ग्रह मार्फत परम्परागत सोचाइ र चिन्तनभन्दा अलि पर पुगेर समाजका, अन्धविश्वास कुरिती आदिलाई पन्छाउदै नयाँ सिर्जना तर्फ लाग्ने सन्देश दिएका छन् ।

## ४.४ 'ज्यूँदो आँखाबाट' कविताको विश्लेषण

### ४.४.१ पृष्ठभूमि

कवि रत्नदेव शर्माका प्रकाशित चार कविता सङ्ग्रहहरू मध्ये उत्कृष्ट र नौलो प्रयोग भएको कविता सङ्ग्रहकारूपमा यस कविता सङ्ग्रहलाई लिन सकिन्छ । वि.सं. २०३५ सालमा प्रकाशित भएको यस कृतिलाई कविको अमूर्त अभिव्यक्ति र कलाकारको अमूर्त कलालाई एकसाथ मिसाएर यस कृतिमा अभिव्यक्त गरिएको छ । यस कृतिलाई कला भर्ने काम कलाकार उत्तम नेपालीबाट भएको छ । नेपालीले सर्वप्रथम कवितामाथि कलाको नौलो प्रयोग गरेका छन् । नेपाली कविताको फाँटमा कविता र कलाको त्रिवेणी बनेर यो कृति तयार भएको छ । कविताको गम्भीर अभिव्यञ्जनालाई ठाडा र तेर्सा रेखा तथा अन्य विविध अमूर्त कलाको सहारा लिएर यस किसिमको कवितात्मक कलाले नेपाली साहित्य अत्यन्तै नवीन पद्धतिको सुरुवात विजारोपण गरको छ । नेपाली काव्यविधामै यो एउटा नौलो र अद्भुत प्रयोग हो र त्यसले विशेष मह□व बोकेको छ ।

कवि रत्नदेव शर्माको 'ज्यूँदो आँखाबाट' शीर्षक कविता सङ्ग्रहअन्तर्गत रहेका कवितामा व्यञ्जनात्मक प्रतीकात्मक कविताहरू रहेका छन् । यस सङ्ग्रहमा रहेका सम्पूर्ण कविताहरू शीर्षकविना नै रहेका छन् । कविताका पङ्क्तिसँगै रहेका अनेक ठाडा, तेर्सा र गोला चिन्हहरूले कवितामा कलाको सङ्केत गरेको छ । यस कृतिमा कवितामाथि कलाको नौलो प्रयोग भएको छ । नेपाली कविताको फाँटमा कविता र कलाको त्रिवेणी बनेर यो कृति पाठकसामु आएको छ । कविताको गम्भीर अभिव्यञ्जनालाई प्रस्तुत गर्ने क्रममा ठाडा र तेर्सा रेखा तथा अन्य अमूर्त कलाको सहारा लिएर यस कृतिलाई तयार पारिएको छ । साहित्य, कला र सङ्गीत एउटै भान्साका व्यक्ति हुन् । यिनीहरूको सम्बन्ध नङ र मासु जस्तो अत्यन्त निकट रहेको हुन्छ । प्रारम्भमा साहित्यको विकास नै कलाबाट भएको हो ।[१०७]

---

[१०७] उत्तम नेपालीबाट प्राप्त जानकारी ।

### ४.४.२ विषयवस्तु

कविता कविको अनुभूतिको प्रस्तुति हो । कविले आफूले देखेका भोगेका जीवन जगत्का विभिन्न क्षेत्रबाट विषयवस्तु टिपी त्यसकै सेरोफेरोमा कविता सिर्जना गर्दछ । कवि रत्नदेव शर्माले राष्ट्रप्रेम, सामाजिक विकृति, क्रान्तिकारिता जस्ता विषयवस्तुलाई टिपी स्वच्छन्दतावादी भावधारामा प्राञ्जल शैलीमा बिम्ब प्रतीकको समायोजन गरी गेयात्मक गद्य कविताको सिर्जना गर्दछ, त्यसरी आउने अनुभूतिहरू मानवीय जीवन जगत् र मानवेतर जीवन जगत्का गरी दुई प्रकारका हुन सक्दछन् । कुनै पनि विषयमा कविले आङ्नो भावगङ्गालाई शैलीका माध्यमले बगाएको हुन्छ । यसरी बगाउने क्रममा कविले चयन गर्ने विषयवस्तुमा विविधता पाइन्छ । ती विविधताहरू मध्ये कवि रत्नदेव शर्माले प्रकृतिको मानवीकरण एवं प्रकृतिका विविध अवस्था क्रान्तिकारिता, राष्ट्रियता, विद्रोहात्मकता, नैतिकता, सामाजिक विकृति, विसङ्गति, गलत शासन व्यवस्थाका कारण मान्छेले मान्छेकोरूपमा बाँच्न नपाएको अवस्थालाई 'ज्यूँदो आँखाबाट' नामक कविता सङ्ग्रहको माध्यमबाट शर्माले प्रस्तुत गरेका छन् । शर्माका अन्य कविता सङ्ग्रहमध्ये यो भिन्न खालको काव्यकृति हो । यसमा कविता र कलाको सुन्दर मिश्रण भएको छ । नेपाली कविताको क्षेत्रमा यो प्रथम र नौलो प्रयोग हो ।

समाजमा वर्षौंदेखि जरा गाडेर बसेका सामन्तवादका कुकृत्य, दमन र शोषणदेखि लिएर भद्रभलाद्मीका विचारलाई समेट्दै दीनदुःखीहरूका आवाज, व्यथा र पीडालाई समेत यस कविता सङ्ग्रहले समेटेको छ । त्यती मात्र होइन कविले क्रान्तिकारी र विद्रोहात्मक भावले समाजमा परिवर्तन हुनुपर्दछ भन्दै मुलुकको विकास परिवर्तन र चेतनाको सन्देशसमेत कविले दिएका छन् । यस सङ्ग्रहभित्र रहेका सम्पूर्ण कविताले क्रान्तिकारी विषयवस्तुलाई ओगटेका छन् ।

### ४.४.३ भावविधान

घण्टाघर थामिएको छ
टक्क
समय अडिएको छ

कवि रत्नदेव शर्माले 'ज्यूँदो आँखाबाट' काव्य कलाको सम्मीश्रण भएको कवितामा देशको तत्कालीन समय र सन्दर्भको यथार्थलाई उल्लेख गरेका छन् । घण्टाघरलाई प्रतीक बनाएर प्राविधिक त्रुटिले बन्द भएको घडीजस्तै राष्ट्रका सम्पूर्ण गतिशील अङ्गहरू पनि सुतेका छन् । निष्प्राण भएका छन् । विश्वका उन्नतशिल देशमा दिनानुदिन विकासका कार्यहरू समय सापेक्षरूपमा भैरहे पनि हाम्रा आर्थिक, सामाजिक, राजनीतिक लगायतका सम्पूर्ण कार्यहरू बिग्रेको 'घण्टाघरको' घडी जस्तै ठप्प हुन पुगेका छन् । समयको गतिलाई हामीले बुझ्न सकेका छैनौं । घण्टाघरको घडी बिग्रेर पनि समय नतोकिएजस्तै देशमा भएको दिनप्रतिदिनको राजनीतिक अस्थिरताले गर्दा हाम्रा विकासका कार्यहरू रोकिएका छन् । देशमा जो हुनुपर्ने हो त्यो भएको छैन । हाम्रो देशले समयसँगै विकास गर्न नसकेको गुनासो कविको रहेको छ । हामीले धेरै चाहेका छौं । सामाजिक, सांस्कृतिक, आर्थिक, लगायतका सबै पक्षहरू अग्रगतिमा जाऊन् भन्ने चाहना भए पनि जानसकेका छैनन् । हाम्रा विकासका कार्यहरू बिग्रेको घण्टाघरको घडी जस्तै अडिएका छन् ।

यसमा उत्तम नेपालीले कवितालाई आठ पङ्क्तिहरूमा अट्ने गरी खाली ठाउँ देखाएका छन् । यी खाली कोष्ठकहरूको अर्थ राष्ट्रले कुनै नयाँ गति लिन नसकेको अर्थात् भन्न र देखाउन नमिल्ने कुनै ठोस कार्यहरू नभएको सङ्केत हो ।

हामीले गाएका बेसुरा गीत मा पहाडका सुस्केरा छन्

!!! !!! गाइनेका झिरिङ् मिरिङ छन् ।

जनताका रहरहरू स्वतर्फूतरूपमा राष्ट्र विकासका लागि तयार भइरहेका छन् तर आश्चर्य यो छ कि देशका शासक भनाउँदाहरू निरीह जनताका इच्छा र

चाहनालाई लत्याइरहेका छन् । भावनामाथि खेलवाड गरिरहेका छन् । जसले गर्दा दुःखी जनताका जीवन निरर्थक बनेका छन् ।

शासकहरूले जनतालाई प्रोत्साहन दिनुपर्नेमा उल्टै दमन गरिरहेको देश विकासका लागि जुर्मुराएका पाखुराहरूलाई लत्याइरहेकोमा आश्चर्य मान्दै विस्मयादिबोधक चिन्हको प्रयोग गरिएको छ । अस्तव्यवस्था र अस्वस्थताको प्रतीकात्मक अर्थकारूपमा यसको कलात्मक रूप आएको छ ।

### ४.४.४ संरचना

नवीन शैलीमा लेखिएको ‘ज्यूँदो आँखाबाट’ कतिताको संरचना पक्ष अत्यन्तै नवीन छ । पूर्वीय र पाश्चात्य जगतमा पाइने साहित्यिक मान्यताहरूभन्दा अत्यन्तै फरक रहेको यस ‘ज्यूँदो आँखा’बाट नामक कविता नेपाली साहित्यमा मात्र होइन विश्व साहित्यकै सन्दर्भमा हेर्दा एउटा महान् उपलब्धी ठहरिन्छ । झट्ट हेर्दा कविताको स्वरूप नदेखिने, भर्खरै केहि कुरा लेख्न सिकेको व्यक्तिले जस्तै कनिकुथी एकदुई लाइन लेख्दै धर्का तान्दै चित्र बनाउँदै एकदुई पेज छोड्दै, फेरि अर्को पेजमा गएर कतै शून्य कतै तारा, कतै प्रश्नवाचक, कतै आश्चर्यबोधक, पूर्णविराम, अर्धविराम, अल्पविराम दिएको देख्दा पाठकलाई बुझ्न कठिन पर्दछ । प्रारम्भ कहाँबाट भयो र कहाँ पुगेर टुङ्गियो यसको लम्बाई कति हुनुपर्ने हो विषयवस्तुलाई कतिसम्म फुकाउनु पर्ने हो भन्ने मान्यतालाई यसले चटक्कै बिर्सेको छ ।

एउटै कविताका पङ्क्तिहरूले एउटा खण्डकाव्यको काम गर्ने शक्ति र क्षमता प्रदर्शन गरेका छन् । एउटा कविताको पङ्क्तिभित्र त्यती धेरै विषयवस्तुलाई समायोजन गरेर राख्नसक्नु सानो कुरा होइन । पाठकले आफ्नै किसिमले, अर्थ्याउनुपर्ने खालका वाक्यहरूको प्रयोगलाई पनि सङ्केतका सहायताले अर्थबोधमा सरलता थपिदिएको पाइन्छ ।

अमूर्त चित्रहरूलाई अर्थ्याउन खोज्नु मूर्खता होइन तर कलाकारले जस्तो सोचेर चित्र कुदेको हुन्छ, त्यसको ठीक उल्टो तरीकाले अर्थाउन खोज्छन् पाठकहरू । ‘जिउँदो

आँखा' बाटको संरचना पक्ष अत्यन्त नयाँ देखिनु भनेको एक पङ्क्तिको मुक्त रचनादेखि १२ पङ्क्ति सम्मका विविध टुक्राहरू यसमा रहनु हो ।

अन्त्यमा यस सङ्ग्रहभित्र रहेका कविताहरूको संरचनालाई निचोडमा हेर्दा अत्यन्त नवीन र मौलिक शैली रहेको पाइन्छ ।

**४.४.५ लोकोक्तिको प्रयोगः**

हेर बाँदरले घर छाइसकेको

यस कवितामा लोकोक्तिको कुरा आएको छ । बाँदरले घर बनाउनु नै आश्चर्यजनक कुरा हो । यस कविताले प्रतीकात्मक अर्थ दिएको छ । पूर्वीय आध्यात्मिक चिन्तकहरूले पश्चिमी राष्ट्रका नागरिकहरूलाई परम्परा र पुर्खाका कुराहरूलाई अन्धभक्त भएर सम्मान गर्नुको सट्टा बाँदरले अरूको घर भत्काए झैं सबै कुराका रहस्यलाई ओल्टाइपल्टाइ गरेर खोज्ने भएकाले बाँदरकोरूपमा हेर्ने गर्दछन् । त्यसैले वैज्ञानिक खोजबारे अनभिज्ञ पूर्वीय दर्शनलाई पूजामात्र गर्नेहरू प्रति व्यङ्ग्य गरिएको छ । असम्भव कुरालाई पश्चिमी जगतले सम्भव बनाउँदै लगे तर आफूलाई सभ्य र भलाद्मी सम्झने अरूलाई असभ्य सम्झनेहरू जहाँको त्यही रहेको कुरा अभिव्यक्त छ ।

आज हामी ! कवि - सम्मेलन मा गयौं ......... र ......

कराइरहेको सुन्यौं ..................

जतातातै अर्थहीन कुराहरूमात्र भइरहेको छ । कवि सम्मेलनले बौद्धिक र प्राज्ञिक व्यक्तिको संगमलाई बुझाएको छ । कवि सम्मेलनमा सामेल भएका कविहरू शिक्षित र चेतनशील भए पनि अर्थहिन कुरामात्रै गरेर दिन बिताएका छन् । सत्य तथ्य र उपलब्धीपूर्ण कुराहरू कतै पनि सुनिदैन भन्ने भाव यसमा अभिव्यक्त भएको छ ।

जिब्रो थुती पात मा राखी बोल्ने लहड ......................

........................ तातो झीरले आँखा फोरी हेर्ने रहर ?

अर्काको बुद्धिको भरमा शासन गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । अरूको आश्रय र भरमा नाच्नेहरूले कुनै पनि कुरा गर्न सक्दैनन् । भिरले रोपिएको आँखा भन्नाले आँखा फुटेका र जिब्रो थुतिनुले केही बोल्न नजान्ने भन्ने हुन्छ । केहि देख्नै नसक्ने र केही बोल्ने नजान्नेले पनि रहरको भरमा शासन गर्न खोजेको कुरा यसमा अभिव्यक्त भएको छ ।

कोट, टाई हिँडिरहेछ
एउटा पाइन्ट हिँडिरहेछ
एकजोर जुत्ता हिँडिरहेछ
बाटो तन्किरहेछ
खै यो बाटो मा पाइतला को छाप ?
सुनसान खै आवाज ?
कहाँ यो बाटो मा मानिस हिँडिरहेछ ?

मनुष्य हुनुको अर्थ जन्मुनु बाँच्नु र मर्नुमात्र होइन । मनुष्य जीवन लिएर जन्मिएपछि केही नौलो कुरा दिन सक्नुपर्दछ । कुनै बाटोमा मान्छे हिँडेपछि त्यहाँ पैतालाको छाप छोड्नुपर्दछ । त्यस्तो छाप छोड्न नसकेकोमा, नयाँपन र नयाँचीज दिन नसकेकोमा कवि दिक्क छन् । यसमा कोरिएको कलामा आफूलाई कोट टाइमा सजिएर महान् सम्भनेहरूले किन समाजमा नयाँपनको अनुभूति गराउन सकेनन् भन्दै प्रश्नैप्रश्न उठाएका छन् । कवि आश्चर्य चकित छन् । मान्छे हिँडेको बाटोमा आवाज हुनुपर्ने हो तर सुनसान छ । उनी प्रश्न गर्दछन्, सोध्छन् खै यो बाटामा पैतालाको छाप ? बाटोमा कोहि हिँड्यो कि हिँडेन पत्तै भएन । पदचाप विनाको हिँडाइको कुनै मूल्य हुँदैन ।

त्यो टेबिलको ग्लोबलाई फनन घुमाऊ र
अनुसन्धान गर..................................
.......................................................

यो पींढी मा एस्ता अनुहार आएका छैनन्, नपत्याए

हामी झुकिरहेछौं,

तिमी आ-आफ्ना टिलिक्क जुत्ता मा हाम्रा चेहरा जाँचिहेर ।

देशमा शासन सत्ताहरू चलिरहेका छन् ती निरर्थक र शून्य छन् । महान् र उच्च विचार भएका व्यक्तिहरू एकातिर छन् जसको सोंच र विचारले राष्ट्रलाई केही दिन सक्थ्यो तर तिनीहरूको विचार र ज्ञानलाई जुत्ताले दबाएर राखिएको थियो । देशको शासन सत्ता सम्हालेकाहरूको न त नवीन विचार छ, न त उद्देश्यहरू छन्, न त लक्ष्य नै तिनीहरूका सबै कुराहरू अर्थरहित र शून्य छन् अनि नितान्त व्यक्तिगत स्वार्थमा लुट्पुटिएका छन् ।

पृथिवीको चित्र देखाउने ग्लोबको बाहिरी, संरचना गणितीय शून्यसँग मिल्छ । निरर्थकरूपमा धेरै पटक घुमिरहेको ग्लोबलाई देखाउन कविताको एक पङ्क्ति नै शून्यले ओगटेको छ । तेस्रो पङ्क्तिमा रहेको अर्धविरामले नटुङ्गिएको अनुसन्धान र कहिल्यै नटुङ्गिने कर्मशैलीलाई प्रतीकात्मकरूपमा लिएको छ । त्यसैगरी चौथो पङ्क्तिमा रहेका विन्दुहरूले निरर्थक अनुसन्धान र रित्तोपन बुझाउन खोजेका छन् । तत्कालीन शासकहरूका आस्वासनहरू बोलीमा मात्र सिमित रहेको र सातौं पङ्क्तिमा राखिएको खाली ठाउँ शासकहरूको अकर्मन्यतालाई लेख्न छोडिएको छ ।

विभिन्न चिन्हहरूको प्रयोग गरेर यस कविताले सामन्तवादलाई चुनौति र हाँक दिएको छ । हामी जनताहरूलाई जसरी झुकाएका छौं । अब तिम्रो पनि झुक्ने बेला आएको छ तिमी पनि झुक भनेर अबसान प्रतीककारूपमा सामन्तवादलाई हाँक दिएको छ ।

टीठलाग्दा बालकहरू इतिहासका काला पाना उत्तसिदै घोकिरहेका

जनशक्ति कोइलाखानी मा जोत्तिएको,

तत्कालीन शासकहरूले आफ्ना कुकर्म दमन शोषणजस्ता कार्यलाई लुकाउन रचेका षड्यन्त्रहरूलाई सेतो पर्दाले छोपी निर्दोष बालकहरूलाई सत्य इतिहासकारूपमा जबरजस्ती घोकाइरहेका छन् । यसरी उत्पादन भएको जनशक्ति कोइलाखानीमा काम गर्ने बुद्धु मजदुरहरू समान छन् ।

बुद्धु जनशक्तिबाट समाजले र राष्ट्रले केही प्राप्त गर्न सक्दैन भन्ने कुरा कवितामा खाली ठाउँ छोडेर देखाउन खोजिएको छ ।

विकृत मुलुक र त्यसमा हुर्केका जनताले भोगेका पीडालाई छर्लङ्ग्याउन खोजिएको छ । अस्वस्थ वातावरणमा हुर्केका जनताबाट केही पाउन सकिन्न भन्ने देखाउन धेरै शून्यको प्रयोग गरिएको छ । जस्तै :

o o o o o o o o o o o o o o o o o o
o o
o o o o o o o o o o o o o o o o o o
o o o o o o o o o o o o o o
o o o o o o o o o o
o o o o o
o o o o o o o o o o o o o o o o o
o o o o o o o o o o o o o o
o o o o o o o o o o
o o o o o o
★★★★★★

हा हा हा हा

मी मी मी

ति

ति रै रै रै

रंगीन प्वाँख, पुच्छर फिजाउँदै नाच्दै, हेर ऊ मयूर हामीतिरै आयो, कस्तो चित्र विचित्र शीपको कताई बुनाई सुन को जलप लगाएको बुट्टादार धनुः काणको ठोक्रो नहोस् त्यो ।

व्यक्तिगत स्वार्थ पूरागर्नका लागि शासनसत्ता लम्याउने शासकहरूले जनताका अगाडि रङ्गिन आश्वासन बाँड्ने क्रममा मयुरले जस्तो नाङ्गो नाच देखाउन पनि पछि नपरेको भन्दै त्यस्ता निर्लज्ज शासकहरूप्रति व्यङ्ग्य गरिएको छ । सुनको जलप लगाएका फलामका सामग्री जस्तै झुट्टा र कृत्रिम आस्वासनहरू बाँड्ने शासकहरूलाई प्रहार गर्न खोजिएको छ ।

✯✯✯

यस्ता तारा चिन्हले शासकहरूले बाँडेका रङ्गीन आस्वासनलाई बुझाउँछन् भने पटकपटक दोहोरिएका अर्थरहित शब्दहरूले जस्तै :

फि फि फि

ना ना ना ना ना ना

हे है हे है

हा हा हा हा

तत्कालीन शासक बोलीमा रत्तिभर पनि सत्यता र इमान्दारीता नभएको देखाउँछ ।

### ४.४.६ बिम्बप्रतीक

पूर्वीय र पाश्चात्य दुवै शैलीभन्दा फरक ढङ्गमा उनिएको यस काव्यमा कवि रत्नदेव शर्माले बिम्ब र प्रतीकको प्रयोग गर्दा परम्परागत बिम्ब प्रतीकभन्दा अलि माथि उठेर नयाँनयाँ बिम्ब र प्रतीकहरूलाई यसमा प्रयोग गरेका हुनाले सामान्य पाठकका लागि क्लिष्ट बनेको छ । उनका बिम्बले २, ३ पेजमा भन्ने कुरालाई एउटै पङ्क्तिमा भन्न सकेको छ । सम्पूर्ण सिन्धुको सारलाई एउटा बिन्दुमा समेट्न सक्नु उनले प्रयोग गरेका बिम्ब र प्रतीकका चमत्कारले नै हो । रत्नदेव शर्माको कविताका साथसाथै उत्तम नेपालीले दिएका कलात्मक आरेखले कवितालाई सजिलै अर्थ्याउन नसकिने बनाएको छ । कला र काव्यको संयोजबाट निकालिने अर्थ कतिपय ठाउँमा

अमूर्त देखिन्छन् । तिनलाई बिम्ब र प्रतीकका सहाराले अर्थ्याउन जरुरी देखिन्छ । उनका खाली छोडिएका पेजको पनि छुट्टै अर्थ छ भने कतै तारै तारा बनाएर छोडिएको आरेख मात्रै पनि अर्थ पूर्ण गर्न सक्दैन । नत कविताकै पङ्क्तिबाट पूर्ण अर्थबोध हुन्छ । यो कला र काव्यको दोभानबाट जसरी काव्यको वास्तविक अर्थबोध गर्न सकिन्छ । त्यसैगरी यसमा प्रयोग भएका मूर्त र अमूर्त बिम्ब प्रतीकहरूको दोभानले त्यो अर्थ बोधमा यसमा प्रयोग भएका मूर्त र अमूर्त बिम्बको दोभानले सहयोग गरेको छ ।

### ४.४.७ निष्कर्ष

'ज्यूँदो आँखा' कवि रत्नदेव शर्माको अन्तिम काव्य कृति हो । परम्परागत ढाँचाभन्दा भिन्न ढङ्गमा लेखिएको यो कृति २०३५ सालमा प्रकाशित भएको हो । कवि रत्नदेव शर्माको अमूर्त अभिव्यक्ति र कलाकार उत्तम नेपालीको अमूर्त कलालाई एकै ठाउँमा मुछेर प्रकाशित भएको यस कृतिले भावको अन्तस्थलसम्म पुग्न सकेको छ । वर्णनानीत भावहरूलाई अमूर्त कलाका माध्यमले टिप्ने प्रयास गरिएको यो काव्य जति कविता प्रेमीका लागि लेखिएको छ त्यत्तिकै मात्रामाकला पारखीका लागि समेत ग्राह्य छ । कविताको एउटा गुच्छा टिपेर घोत्लिने, व्यक्तिले धेरै बेर त्यसमा विचरण गर्न पाउँछ । थोरैमा धेरै दिन सक्ने कविले जति अरू काव्य कृतिहरूमा परम्परागत ढङ्गले आफूलाई पोखे यस कृतिमा आफ्नै ढङ्गले कवि शर्मा मनलागि पोखिएका छन् । तत्कालीन शासक र ठूलाबडाहरूलाई समाजको एउटा सचेत व्यक्तिले कतिसम्म भन्न मिल्ने हो कतिसम्म गाली गर्न मिल्ने हो त्यसको कुनै कसर बाँकी राखेका छैनन् । उनले कविताका एउटादेखि बाह्र तेह्र ओटा पङ्क्तिसम्मका गुच्छामा आफ्ना विचारलाई फरकफरक ढङ्गले राखेका छन् ।

"जालसाजी वुन्दै छ माकुरो"

---

यो एउटा पङ्क्तिले तत्कालीन सासकहरूले देखाएका कर्तूतहरूलाई उदाङ्ग पारेकको छ । तत्कालीन शासकहरूलाई गाली गर्ने क्रममा उनले नयाँ-नयाँ बिम्ब र

प्रतीक प्रयोग गरेका छन् । कुनै पनि कुरालाई उनले अविधा अर्थमा नभई लक्षणा र व्यञ्जनाका माध्यमले अभिव्यक्त गरेका छन् । नेपाली झर्रा शब्दहरूको प्रयोग प्रचलित उखानटुक्का र लोकोक्तिहरूको प्रयोग कवि शर्माले प्रशस्त मात्रामा गरेका छन् ।

कोट, टाई हिंडिरहेछ,

एउटा पाइण्ट हिडिंरहेछ,

एक जोर जुत्ता हिंडिरहेछ,

बाटो तन्किरहेछ,

खै यो बाटो मा पाइतला को छाप ?

सुनसान खै आवाज ?

कहाँ यो बाटो मा मानिस हिंडिरहेछ ?

? ? ? ? ? ? ? ? ? ? ? ? ? ? ? ? ? ? ? ? ?

मानवीय संवेदनालाई गहिराइबाट बुझेका शर्माले कोट र टाईलाई अथवा बाहिरी रूपरंगलाई मह□व नदिने ‘ज्यूँदो आँखाबाट’ नामक कृति रत्नदेव शर्माको सबैभन्दा मह□वपूर्ण कृति हो र कवि शर्मालाई नेपाली कविताका क्षेत्रमा पृथक् अस्ति□व दिएर बचाइराख्ने, काव्यकृति हो ।

## पाँचौँ परिच्छेद

# खण्डकाव्यकार रत्नदेव शर्मा र उनको नौली खण्डकाव्य

### ५.१ खण्डकाव्य

साहित्यका अन्य विधा भैंँ कविताको एक उपविधा हो खण्डकाव्य । खण्डकाव्यमा जीवन र जगतको कुनै एक पक्षको चित्रण र विश्लेषण गरेको हुन्छ ।[१०८] खण्डकाव्यमा एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थको विश्लेषण हुन्छ । यसरी खण्डकाव्यमा मानव जीवनको विराटस्वरूपको एउटा खण्ड विशेषको प्रस्तुति हुन्छ । खण्डरूपमा भए पनि खण्डित भने भएको हुँदैन । खण्डकाव्य कविताको मझौला रूपअन्तर्गत पर्दछ । यो फुटकर कविताभन्दा माथिल्लो र महाकाव्यभन्दा तल्लो कवितात्मक एकाइ हो । त्यसैले कविताका पाँच उपविधा मध्ये खण्डकाव्य मझौला आयामको कवितात्मक उपविधा मानिन्छ ।

पूर्वीय काव्यशास्त्रीय परम्परामा खण्डकाव्यसम्बन्धी चिन्तन धेरैपछिमात्र आएर देखापरेको हो । संस्कृत साहित्यमा खण्डकाव्य बारे चर्चा गर्ने प्रथम आचार्य विश्वनाथ हुन् । यिनले काव्यको एक देशकारूपमा खण्डकाव्यलाई चिनाएका छन् ।[१०९] उनीभन्दा पहिलेका आचार्यहरूले खण्डकाव्यको स्वरूपका बारेमा खासै चर्चा गरेको पाइँदैन । विश्वनाथको वर्गीकरण अनुसार पद्य वा श्रव्य काव्यलाई मुक्तक र प्रबन्ध गरी २ भागमा वर्गीकरण गर्दै प्रबन्ध काव्यका भेद अन्तर्गत काव्य, खण्डकाव्य, कोशकाव्य र महाकाव्यलाई राखेका छन् ।[११०] अनि एकदेश (एकअंश) को अनुशरण गरेर लेखिएको पद्यात्मक रचनालाई खण्डकाव्य भनेका छन् ।[१११] पूर्वीय साहित्य शास्त्रीय परम्पराको लामो इतिहासमा विश्वनाथको यही मत नै खण्डकाव्यसम्बन्धी उल्लेखनीय चिन्तनकोरूपमा स्थापित भएको छ ।

---

[१०८] मोहन हिमांशु थापा, साहित्य परिचय, तृतीय संस्करण, काठमाडौं : साझा प्रकाशन २०४३, पृ. ५२

[१०९] विश्वनाथ, साहित्य दर्पण, पाँ.सं. (वाराणसी : चौखम्बा विद्याभवन, १९०९) पृ. ५५५ ।

[११०] ऐजन, पृ ५४७ देखि ५५५ ।

[१११] ऐजन, पृ ५४९-५५१ ।

नेपाली साहित्यका सर्जक तथा समीक्षकहरूले पनि खण्डकाव्यसम्बन्धी आफ्ना दृष्टिकोणहरूलाई अगाडि सारेको देखिन्छ । सोमनाथ सिग्द्याल काव्यको एक टुक्रा जस्तो कथानक लिएर शृङ्खलितरूपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको, सर्गबन्धन, सन्धिबन्धनहरू नभएको, छोटो काव्यलाई खण्डकाव्य भन्दछन् ।[११२] केशवप्रसाद उपाध्यायले खण्डकाव्यमा जीवनको एक अंश विशेषको झलक प्रस्तुत गरिन्छ । यसमा एउटै सीमित कालखण्डमा वा अल्पावधिमा घटित एउटै घटना, एउटै चरित्र र एउटै प्रभाव उपस्थित हुन्छ, यसमा एउटै रसको अभिव्यक्ति, एउटै छन्दमा गरिनु अपेक्षित हुन्छ[११३] भनेका छन् । खण्डकाव्यसम्बन्धी अवधारणा व्यक्त गर्नेक्रममा मोहन हिमांशु थापाले खण्डकाव्यमा मानव जीवनको एकपक्षको चित्रण हुन्छ । एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण हुन्छ[११४] भनेको पाइन्छ । वासुदेव त्रिपाठीले खण्डकाव्यसम्बन्धी दृष्टिकोण प्रस्तुत गर्दै भनेका छन् खण्डकाव्य कविता विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद ठहर्छ जसले कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगत्को एकअंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट व्यक्त गर्दछ ।[११५]

माथिका खण्डकाव्यसम्बन्धी अवधारणाबाट नेपाली साहित्यमा पनि खण्डकाव्य-सम्बन्धी चिन्तन र अवधारणाको स्पष्ट विकास भएको पाइन्छ । उपर्युक्त चिन्तनहरू मध्ये वासुदेव त्रिपाठीको चिन्तन सबैभन्दा उत्कृष्ट देखापर्दछ । यस क्रममा उनले खण्डकाव्यको आकार प्रकार वा आयाम, विधागत भेद आख्यानात्मक वा आख्यान विकल्पी संरचना, जीवनजगतको एकदेशियता वा एकांशको प्रस्तुती क्रमबद्धता, मुक्त वा बद्ध भाषिक लयजस्ता कुरामा पनि दृष्टि पुऱ्याई खण्डकाव्यलाई चिनाउने प्रयास गरेका छन् । नेपाली समालोचकहरूले अभिव्यक्त गरेका उपर्युक्त विचारहरूलाई

---

[११२] सोमनाथ शर्मा, साहित्य प्रदीप (काठमाडौं : नेपाल एकेडेमी, २०१६), पृ. १०९ ।

[११३] केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, चौथो सं (काठमाडौं : साझा प्रकाशन २०४४), पृ. ११९ ।

[११४] मोहन हिमांशु थापा, साहित्य परिचय, चौ. सं. (काठमाडौं : साझा प्रकाशन, २०५०), पृ. ५७ ।

[११५] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग १ दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०४७), पृ ६ ।

केलाउँदा संस्कृत साहित्य शास्त्री विश्वनाथको खण्डकाव्यसम्बन्धी दृष्टिकोणलाई नै मूल आधार बनाएको देखिन्छ ।

कविताको लघुएकाइ फुटकर कविता हो भने दीर्घ एकाइ महाकाव्य हो । खण्डकाव्य चाहिँ फुटकर कविता र महाकाव्यबीचको रचना हो । कविताको अभिव्यक्तिका आयामका दृष्टिले पनि खण्डकाव्य मध्यमरूप हो । यसले जीवनको एक पक्षको चित्रण गर्दछ । यसमा कविले आख्यानको उपयोग गरेको हुन्छ र आख्यानको उपयोग नगरी कुनै खास वस्तु विषय, प्रसङ्ग, भावधारा, चरित्र वा दृष्टिकोणको केन्द्रीयतामा पनि खण्डकाव्यको रचना गर्न सकिन्छ । यसमा फुटकर कविताका तुलनामा अनुभूतिको प्रवाह केही विस्तृत हुन्छ । त्यसैले बाहिरी आकारका दृष्टिले फुटकर कविताभन्दा यो ठूलो पनि हुनसक्छ । यसरी महाकाव्यभन्दा सानो तर फुटकर कविताभन्दा ठूलो र यी दुई विधाबीचमा अवस्थित खण्डकाव्यलाई मझौला कवितात्मक एकाई मान्न सकिन्छ ।

## ५.२ "नौली" खण्डकाव्यको विश्लेषण

### ५.२.१ छन्द वा लयविधान

छन्दमा वर्णमात्राको क्रम तथा गति र यतिको नियम हुन्छ ।[११६] यसबाट कवितामा लयात्मक र सङ्गीतात्मक स्थितिको सिर्जना हुन्छ । संस्कृत काव्य विधामा छन्दको विशिष्ट र मह□वपूर्ण स्थान छ । नेपाली साहित्यको प्राथमिक र माध्यमिक कालमा छन्दलाई काव्यको अनिवार्य अङ्कोरूपमा लिएको पाइन्छ । आधुनिक कालमा छन्दको प्रयोग क्रमिक रूपले कम हुँदै आएको देखिन्छ[११७] तापनि रत्नदेव शर्माले वर्णमात्रिक छन्दको राम्रो प्रयोग गरेका छन् ।

प्रस्तुत "नौली" खण्डकाव्यमा अनुष्टुप छन्दको प्रयोग गरेका छन् । यस छन्दको प्रत्येक पाऊमा आठ-आठ अक्षर हुन्छन् । यसमा सबै पाउको पाँचौ अक्षर ह्रस्व र छैटौं अक्षर दीर्घ हुन्छ । साथै यसमा पहिलो र तेस्रो पाउको सातौं अक्षर दीर्घ तथा दोस्रो र

---

[११६] मोहन हिमांशु थापा, नेपाली साहित्य परिचय, तृतीय सं. (काठमाडौं : साझा प्रकाशन, २०४७), पृ. २०७६ ।
[११७] ऐजन् ।

चौथो पाउको सातौँ अक्षर ह्रस्व हुन्छ । यो वार्णिक छन्द हो ।[११८] अनुष्टुप छन्दमा आठ अक्षरको एक पाउ र चार पाउको एक श्लोक हुन्छ । प्रस्तुत काव्यमा कविले अनुष्टुप छन्दलाई अत्यन्त सफलताका साथ खेलाएका छन् । यसबाट अनुष्टुप छन्दमा कवि शर्माको पूर्ण अधिकार रहेको देखिन्छ । यहाँ छन्दले भावलाई अल्मलाएको छैन बरु छन्द स्वयम् भावका प्रवाहमा स्वतः प्रवाहित भएको छ । समुचित पदावलीको चयनले छन्दलाई आकर्षक बनाएको र छन्दविधानमा मोहकता सृजना भएको छ । यस काव्यमा छोटो छन्दको प्रयोग गरिएको छ । मानवीय मनका सूक्ष्मभावको अभिव्यक्तिका लागि लामा छन्दभन्दा छोटा छन्दको प्रयोग गर्नु राम्रो मानिन्छ । यस काव्यमा काव्य नायिकाका मानसिकताका सूक्ष्मातिसूक्ष्म भावहरूलाई केलाउने काम गरिएको छ र त्यस्ता भावहरूको लयात्मक उत्खननका लागि एउटा सानो हतियारका रूपमा अनुष्टुप छन्दलाई प्रयोग गरिएको हुँदा यस काव्यको लयविधान ज्यादै प्रभावकारी बन्न पुगेको देखिन्छ ।

### ५.२.२ सर्गविधान/सर्गयोजना

सर्गयोजना खण्डकाव्यको ऐच्छिक तत्व हो । सर्गयोजनाले कविका विचार र अनुभूतिहरूलाई सङ्गठित गर्न सहयोग गर्ने हुनाले खण्डकाव्यमा सर्गयोजना गर्नु औचित्यपूर्ण नै मानिन्छ । प्रस्तुत खण्डकाव्य विभिन्न सर्गहरूमा संरचित छ । यसमा कविले ६ सर्गको आयोजना गरेका छन् । यसको पहिलो सर्गमा ४४ गुच्छक, दोस्रो सर्गमा १२ गुच्छक, तेस्रो सर्गमा २० गुच्छक, चौथो सर्गमा ९ गुच्छक, पाँचौ सर्गमा ३१ गुच्छक र छैठौँ सर्गमा ६४ गुच्छक गरी जम्मा १८० गुच्छक रहेका छन् । प्रस्तुत खण्डकाव्यका ६ सर्गमा गुच्छकहरूको सङ्ख्यात्मक सन्तुलन देखिँदैन । सर्गका शिरानमा काव्यको वातावरण सन्दर्भ र नायिकाको अवस्था प्रस्तुत गरिएको छ । काव्य र भावको प्रासङ्गिक परिवर्तनलाई आधार मानी सर्गहरू परिवर्तन गरिएको छ । जसअनुसार प्रथमसर्गमा काव्य नायिका नौलीले यात्रीको दर्शन पाएपछि उसका मनमा

[११८] मोहनराज शर्मा र अन्य, नेपाली गद्य र भाषा साहित्य, (काठमाडौं : नवीन प्रकाशन, २०५५) पृ. ३३२ ।

पलाएको प्रेमभाव र त्यसले नौलीको मानसिकतामा ल्याएको परिवर्तन र आङ्गनै घरमा बास बसेको यात्री र नौलीका बीच अमूर्तरूपमा पलाएको प्रेमाङ्कुरको चित्रण छ । दोस्रो सर्गमा नौलीका घरमा बास बसेको यात्रीले देखेको सपना र उसको मनभित्र चलेको अन्तर्द्वन्द्वको चित्रण छ । नेपाली ग्रामीण प्रकृतिको चित्रणसँगै प्रारम्भ भएको तेस्रो सर्गमा 'नौली' का घरमा बास बसेको यात्री बिहानै उठेर आङ्गनो बाटो लागेपछि नौलीको मनमा छाएको अभावपनको उल्लेख छ । चौथो सर्गमा नौलीलाई छोडेर हिँडेको यात्री फर्कने प्रतिक्षामा बसेकी नौलीले यात्रीप्रतिको प्रेमभावलाई प्रकट गर्न नखोज्दा नखोज्दै पनि प्रकट भएको छ । यस्तो वियोगावस्थामा प्रकृतिले आफूलाई गिज्याइरहेकोमा र दुःख दिइरहेकोमा चिन्तित बनेको कुरा उल्लेख गरिएको छ । यात्रीको प्रतिक्षामा बसेकी नौलीको पर्खाइ सकिएको कुरा पाँचौ सर्गमा र छैठौं सर्गमा यात्रीको प्रतिक्षामा रहेकी नौलीलाई जसको प्रतिक्षा गर्दागर्दै सारा बैंश सकियो तर उसैले अन्त्यमा आएर नौलीलाई नस्वीकारेकोले नौलीको पर्खाई उद्देश्यविहीन भएको छ र नौलीको जीवन उत्सर्गतिर लागेको देखिन्छ ।

### ५.२.३ पद/पदावली योजना

'नौली' खण्डकाव्यमा विभिन्न भाषिक स्रोतका पदहरूको प्रयोग गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको प्रस्तुत काव्यमा आगन्तुक स्रोतका पदहरूको प्रयोग निकै कम देखिन्छ र यस काव्यमा तत्सम र तद्भव शब्दकै बाहुल्यता देखिन्छ । आगन्तुक र नेपाली अनुकरणात्मक पदहरूको सुन्दर प्रयोगले काव्यको सौन्दर्य काव्यको सौन्दर्य अभिवृद्धि गर्नुका साथै मावनीय मानसिकताको कलात्मक चित्रणमा सहयोग पुऱ्याएको देखिन्छ । प्रस्तुत काव्यमा प्रयोग भएका धेरैजसो तत्सम शब्दहरू नेपालीमा प्रचलित छन् । जसले गर्दा काव्यको मर्मलाई बुझ्न सजिलो भएको छ । यसमा प्रस्तुत भएका भाषा, भाव, संसार, शीत, तारा, आकाश, देवता, इच्छा, अन्धकार, प्रिति, मूर्ति, प्राण, रात्रि, वर्ष, वषन्त, शैल, जङ्गल, वन, पाउ, केश, द्वारा, दुर्वा, वंशी, शै□या, रूप, पर्वत, धनी, चित्र, नजर, गंगा, फूल जस्ता अनेकौं छोटा र सरल तत्सम शब्दहरूको प्रयोग पाइन्छ । यस काव्यमा प्रयोग भएका

ओजपूर्ण र लामा तत्सम पद पदावलीहरूमा मुकुलित, उदयस्थल, लताकुञ्ज अङ्कमाल, त्रिशुली, लज्जानत, रोमाञ्चित, अर्धनिद्रित, प्रतिध्वनित, मधुप्याला, वनश्री, किरणावली, ग्रामसुन्दरी, लज्जानत, हरितपल्लव, सकमपीत, दिवाकमल, भ्रमर, सङ्गमस्थान, पुतलीपङ्ख, स्वप्न, आदि पर्दछन् । यसरी यस काव्यमा छोटा र सरल तत्समपदका अतिरिक्त उच्च वर्गका चरित्र अनुकूल लाग्ने ओजपूर्ण तत्सम पदहरूको प्रयोग गरिनुले कवि रत्नदेव शर्मामा रहेको अपार शब्दभण्डार र त्यसको प्रयोग क्षमतालाई इङ्गित गर्दछ । यसका साथै यस काव्यमा नेपालीका प्रचलित सरल तद्भव शब्दको समूचित प्रयोग पनि पाइन्छ । यस काव्यमा प्रयोग भएका केही मह□वपूर्ण तद्भव पदहरू यसप्रकार छन् : ओठ, लाख, जोवन, आँसु, माछा, कान, औंसी, लच्छिन, संगार, गोठ, मानिस, हात, पिरति, आँखा, दियो, आज, कसको, मेरो, म, सपना, मन, पाइला, प्यारो, मीठो, छाल, पानी, राती, मुहार, सङ्गिनी, ठूलो, सबै, हरिया, पाउ, गाउँ, मुख मान्छे, चरी, बाटो, बिहानी, पात, हात आदि । नेपाली अनुकरणात्मक शब्दहरूको उचित सयोजन पनि यस काव्यमा गरिएको छ । प्रस्तुत काव्यमा प्रयुक्त, बर्वरी, भुल्भुलाएर, हुन्हुनाउँछ, खट्खटाउँछ, चहचहाउँछ, कुल्कुलाउँथ्यो, चमक्क, चक्मक्, झिल्मिल, चक्मन्न जस्ता अनुकरणात्मक शब्दहरूले काव्यको भाषिक प्रयोग भाव, अभिव्यक्ति, परिवेश चित्रणमा सशक्तता र जीवन्तता प्रदान गरेको देखिन्छ । यी तत्सम, तद्भव र अनुकरणात्मक पद विन्यासका अतिरिक्त प्रस्तुत काव्यमा अत्यन्त कम मात्रामा आगन्तुक शब्दहरूको प्रयोग भएको छ । यस काव्यमा प्रयोग भएका आगन्तुक शब्दहरू, बोधगम्यताका दृष्टिले पनि निकै सरल खालका छन् । यस काव्यमा प्रयोग भएका केही मह□वपूर्ण आगन्तुक शब्दहरू यसप्रकार छन् : नजर, दुनियाँ, मौसम, दिल, बगैंचा, बाँकी, हावा, जिन्दगी, दुवार, चिडिया, पयर, दूर, कहिनु आदि । यसका साथै कवि शर्माले काव्यमा नवीनता भर्ने क्रममा झर्रा नेपाली शब्दहरूको प्रयोग गरेका

छन् । यसमा प्रयोग भएका केही झर्रा शब्दहरूमा- बेँसी, झ्याङ, निँही, पधेर्नी, खोसल्यो, आँसि, घँसिनी, कर्सा, झिंझरा, झ्याउ, कात्रिनु, आदि छन् । यसरी कवि

रत्नदेव शर्माले तत्सम, तद्भव, आगन्तुक स्रोतका साथै नेपाली अनुकरणात्मक शब्दहरूको चयनमा पनि सचेतता अपनाएको देखिन्छ । संयमित र सन्तुलित तरिकाले पदहरूको विन्यास गरिएको प्रस्तुत काव्यमा आक्षरिक समानुपातिक वा उत्रैउत्रा र कतिपय पङ्क्तिमा उस्तै, उस्ता समाक्षरी पदविन्यासको प्रयोग निम्नसर्गका निम्न पङ्क्तिहरूमा पाइन्छ । जस्तै :

परेला[३] उनका[३] ढल्थे[२] एक[२] संसार[३] ढल्दथ्यो[३] ।
परेला[३] उनका[३] खुल्थे[२] एक[२] संसार[३] बल्दथ्यो[३] ।

नौली/ १/६

बत्ती[२] राखिन्[३] पिँढी[२] छेउ[२] हेरिनन्[४] उसको[३] मुख[२] ।
लेख्न[२] लाग्यो[२] झुकी[२] यात्री[२] बत्ती[३] मा दिल को[३] दुःख[२] ।

१/३७

ढलेको दिन को छायाँ फर्केर आउँदैन रे ।
ओरालो पाइलो मायाँ लागेको आउँदैन रे ।

३/१७

जति गाए पनि गीत यात्री को सिद्धिदैनथ्यो ।
जति आँसु गिरून् पोल्टो नौली को भरिदैनथ्यो ।

६/२०

यसका अतिरिक्त यस खण्डकाव्यमा आदि, मध्य र अन्त्यानुप्रास योजनाको लागि कविले पङ्क्तिका आदि, मध्य र अन्त्यमा समानखालका स्वर व्यञ्जन वर्णको प्रयोग पनि गरेका छन् । जसले गर्दा काव्यको बाह्य सौन्दर्य वृद्धि हुनका साथै श्रुति रमणीयतामा पनि सहयोग पुगेको छ । जस्तै :

परेला[३] उनका[३] ढल्थे[२] एक[२] संसार[३] ढल्दथ्यो[३] ।

परेला$^{३}$ उनका$^{३}$ खुल्थे$^{२}$ एक$^{२}$ संसार$^{३}$ बल्दथ्यो$^{३}$ ।

नौली/ १/६

छायाँ पर्दछ तारा को जल मा शान्त रात मा

छायाँ पर्दछ नौली को पँधेरा मा बिहान मा

नौली/ १/६

### ५.२.४ कथनपद्धति

कृतिको समग्र भाषा कथनपद्धतिमा आधारित हुने भएकाले खण्डकाव्यको त□वको रूपमा यसको भुमिका विशिष्ट रहेको छ । काव्यमा कविका धारणा कतै प्रत्यक्ष र कतै अप्रत्यक्षरूपमा व्यक्त हुने गर्दछन् । अर्थात् कविनिबद्धवक्तृप्रौढोक्ति र कवि प्रौढोक्ति कथनपद्धतिकारूपमा कविका भनाइहरू काव्यमा देखापर्दछन् । कवि स्वयम्ले आङ्घना धारणा व्यक्त गरेमा त्यो कविप्रौढोक्ति हुन्छ भने कविले कुनै पात्रका माध्यमबाट आङ्घना धारणाहरूलाई व्यक्त गरेमा त्यस्तो कथनपद्धतिलाई कविनिबद्धवक्तृप्रौढोक्ति भनिन्छ । यसलाई दृष्टिविन्दु पनि भनिन्छ । यस्ता कथनपद्धतिलाई प्रथम पुरुष प्रधान कथनपद्धति र द्वितीय पुरुष प्रधान कथनपद्धति पनि भनिन्छ । एउटै रचनाभित्र पनि रचनाकारले यी दुवै पद्धतिको उपयोग गर्न सक्छ । कुनैमा कविप्रौढोक्ति कुनैमा कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धतिको प्रयोग हुन्छ भने कुनैमा यी दुवै मिश्रितरूपमा प्रयोग भएको हुन्छ । त्यसलाई मिश्रित कथन पद्धति भनिन्छ । नेपाली खण्डकाव्य परम्परामा यी तीनै थरि पद्धतिलाई प्रयोग गरेर लेखिएका प्रशस्त र विशिष्ट खण्डकाव्यहरू छन् । खण्डकाव्यकार रत्नदेव शर्माले लेखेको ‘नौली’ खण्डकाव्य कविप्रौढोक्ति कथन पद्धतिमा आधारित छ । यसमा कवि शर्मा आफू स्वयम् कथयिता बनेका छन् । नौली, यात्री, चनजस्ता कुनै पनि पात्र आफू खुसी कतै पनि बोलेका छैनन् । खण्डकाव्यको प्रारम्भदेखि अन्तसम्म कवि शर्माका निजी अभिव्यक्ति मात्रै व्यक्त भएका छन् ।

### ५.२.५ प्रकृतिचित्रण

"नौली" खण्डकाव्य प्रकृति प्रधान खण्डकाव्य हो । प्रमुख विषयवस्तु प्रेम भएको यस खण्डकाव्यमा खण्डकाव्यकार रत्नदेव शर्माले प्रकृतिलाई मानवीकरण गरेका छन् । प्रकृति स्वयम्मा परिपूर्ण छ । परिपूर्ण प्रकृतिलाई काव्यमा प्रयोग गर्नु पनि अनुचित होइन । प्राकृतिक वातावरणलाई विषयवस्तु बनाएका काव्यमा मौलिकताको मात्रा बढी हुनु स्वाभाविकै देखिन्छ । कविहरू प्रकृतिको वस्तुपरक चित्रणमात्र गर्दैनन् । प्रकृतिले मानिसका मनमा पार्ने प्रभाव अनुकूलको आत्मपरक अर्थात् मन्मय चित्रण पनि उनीहरू गर्न पुग्छन् । "नौली" खण्डकाव्यमा पहाडी प्रकृतिको चित्रण गरिएको छ । उनले प्रकृतिलाई प्रतीक मानेर मानव जीवनका विभिन्न पक्षको सुन्दर वर्णन गरेका छन् भने प्रकृतिको माध्यमबाट जीवनको रहस्यको उद्घाटन गरेका छन् । मानवहृदयले प्रकृतिको चिदानन्दमय, चिरमधुर रसको आस्वादन कहिल्यै भुल्ने छैन, भुल्नु पनि हुँदैन र भुल्यो भने ऊ आफै उद्विग्न बन्ने छ भन्ने चिन्तन प्रस्तुत गरिएको छ, प्रकृति सृजनकी आद्य शक्ति हो । मानवीय चेतना र अनुभूतिको अक्ष□य स्रोत हो, हाम्रा समग्र जिजीविषाको प्रतीक हो भन्ने अभिप्राय राखिएको छ । यस काव्यको प्रारम्भदेखि अन्त्यसम्मको प्रकृतिचित्रणबाट प्रकृतिमा सौम्य, भव्य र दिव्य आकर्षण नै रहेको अनुभव कविले गरेको बुझिन्छ । अति अल्पमात्रामा एकाधस्थलमा प्रकृतिको उग्र कठोरता देखाउन खोजिएको छ तापनि त्यो पक्ष प्रबल रहेको छैन । यसर्थ यहाँ सौम्य-स्निग्ध प्रकृति आजको सन्तप्त मानसिकता लिएका मानवको प्रतीक्षामा शीतल मलम लिएर खडा रहेकी छन् भन्ने धारणा राखिएको छ ।

कवि रत्नदेव शर्माले प्रकृतिको चित्रण गर्ने क्रममा प्रकृतिका सुन्दर, सौम्य स्निग्ध स्वरूपको चित्रण गरेका छन् । कवि रत्नदेव शर्माले 'नौली' खण्डकाव्यलाई प्रकृति चित्रणका दृष्टिले लेखनाथ पौड्यालको 'ऋतुविचार' समकक्षी कृतिकारूपमा प्रस्तुत गर्नसकेका छन् । प्रकृति चित्रणका दृष्टिले 'नौली' खण्डकाव्य नेपाली साहित्यकै मह□वपूर्ण उपलब्धि हो । रत्नदेव शर्माले आफ्नो 'नौली' खण्डकाव्यमा प्रयोग गरेका पात्रहरू प्रकृतिमय छन् । प्रकृतिलाई मानवीकरण गरिएको 'नौली' खण्डकाव्यका प्रत्येक

श्लोकमा प्रकृतिको चर्चा गरिएको छ । 'नौली' खण्डकाव्यकी नायिका नौली प्रकृति पुत्रीकारूपमा देखिन्छिन् । यसै गरी नायक यात्री पनि प्रकृति पुत्र हो । शर्माले नौलीमा प्रयोग गरेका प्राकृतिक बिम्ब र प्रतीकहरू नेपाली ग्रामीण प्रकृतिबाट लिएका छन् । प्रकृति चित्रणका दृष्टिले मह□वपूर्ण केहि उदाहरणहरू निम्न छन् :-

- छोइना साथ हावा ले कोपिला खुस्किए सरी,
  साधारण कुरा ले नै मुस्किने ओठ माधुरी ।

  -१/१०

- ग्रागी भरेर आएकी साउने मेघ झैं गरी,
  दायाँ पाउ उचालेकी फड्केकी इन्द्रिनी सरी ।

  -१/२४

- असर्फी छाती मा टास्यो नीलो स्वच्छ आकाश ले,
  अंकमाल गरी दौडिन् शैल लाई त्रिशूलि ले ।

  -२/१२

- वसन्त ले सजाएको बाटेको केश को वन,
  खोसेल्यो आँधि आएर लाग्यो शिशिर लूछन ।

  -४/६

- बर्सन्छ धर्ति मा पानी वर्षा ले फीँज काट्दछ,
  दिन को अन्त्य मा आई घाम ले मुख हेर्दछ ।

  -५/१६

### ५.२.६ विषयवस्तु

विषयवस्तु खण्डकाव्यको अनिवार्य त□व हो । विषयवस्तु विना कुनै सिर्जनाले प्रस्फुटन हुने मौका पाउँदैन । खण्डकाव्यका अनेकौं विषयवस्तुहरू हुन्छन् । विषयवस्तुका आधारमा ऐतिहासिक, सामाजिक, पौराणिक, प्रकृतिमूलक आदि अनेक

प्रकारका खण्डकाव्यहरू हुन्छन् । 'नौली' खण्डकाव्यले सामाजिक विषयवस्तुलाई समेटेको छ । यसमा समाहित विषयवस्तुमा सामाजिक भाव नभई यथार्थ पनि छ । यसमा समाजका अतिरिक्त प्रेम र प्रकृतिलाई पनि समावेश गरिएको छ । नेपाली समाजमा परम्परितरूपमा नारी र पुरुषको बीचमा देखिने दूरीलाई यस खण्डकाव्यमा यथार्थरूपमा अभिव्यक्त गरिएको छ । आफूलाई मन परेको व्यक्तिसँग बोल्न पनि नपाईने र अन्तर्मनका चाहनालाई मनभित्रै दबाएर राख्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्र यस खण्डकाव्यमा उतारिएको छ । प्रेमको प्रतीक्षा गर्दै जीवन बित्ने नेपाली नारीहरूको यथार्थलाई यसमा अभिव्यक्त गरिएको छ ।

### ५.२.७ भावविधान

'नौली' खण्डकाव्यमा कविले मानवीय मनलाई प्रभाव पार्न सक्ने विभिन्न भावहरूको अभिव्यक्ति गरेका छन् । भावविधानका दृष्टिले विवेचना गर्दा प्रस्तुत काव्यमा प्रेमविषयक भावलाई मुख्यरूपमा ग्रहण गरिएको पाइन्छ । यहाँ कविले प्रेम विषयक कथानकलाई काव्य नायक, नायिकाका माध्यमबाट प्रस्तुत गरेका छन् । यो काव्य वियोग शृङ्गारका किनारमा पुगेर टुङ्गिएको छ । प्रस्तुत काव्यकी नायिका नौलीको अन्तर्मनमा पलाएको प्रेमको अङ्कुरले प्रस्फुटित हुने मौका नपाउँदै वियोगावस्थामा पुग्नु परेको छ । नजानिँदजो र अप्रकटरूपमा वैंशको प्रारम्भ मै नौलीले एउटा बटुवाप्रति प्रेम गरेकी छ तर त्यो अप्रकटरूपमा नै समाप्त हुन पुगेको छ ।

मेट्टिए रंग ती रूप जो थिए दिव्य मोहिनी

पत्याउँदैन क्वै त्यहाँ परेथ्यो इन्द्रिणी भनी ।

(६/६४)

यसरी यस खण्डकाव्यको भावविधानलाई हेर्दा 'रति' स्थायी भावलाई केन्द्रीय भावकारूपमा प्रस्तुत गरिएको छ । प्रेमको उद्दीपककारूपमा वसन्त ऋतु, उद्यान, शयनकक्ष, चुरा बज्नु, श□यामा लेट्नु, लडिबुडी खेल्नु आदिलाई मह□व दिइएको छ । यसका लागि चाख, अन्योल, संशय, डर, त्रास, शङ्का, आशा, चिन्ता, प्रेम, संयोज,

मोह, विवशता, सम्झना, सुन्दरता जस्ता अनेक संचारीभावहरू यहाँ अभिव्यक्त भएका छन् । काव्यको प्रारम्भ मै नौलीले यात्रीप्रति दर्शाएको प्रेमभाव र उसको प्रतीक्षामा बस्दाबस्दै, उसलाई कुर्दाकुर्दै जीवनमा अचानक उसबाट कुनै सहृदयता नपाएपछि एकतर्फी वियोगान्तमा पुगेको छ ।

नौली काव्य स्वच्छन्दतावादी भावधारमा प्रवाहित छ । प्रेमलाई एकतर्फीरूपमा मात्र लिने र आङ्खना इच्छा र चाहना अभिव्यक्ति नगरी कल्पनामात्र बोकेर बस्नुको कुनै अर्थ हुँदैन भन्ने भाव यसमा अभिव्यक्त भएको छ ।

**५.२.८ प्रतीकविधान**

कुनै अनुपस्थित वस्तु वा भावलाई अर्को उस्तै उपस्थित वस्तुद्वारा व्यक्त गर्ने सन्दर्भमा काव्यमा प्रतीकको प्रयोग गरिन्छ । प्रतीकयोजना काव्यको मह□वपूर्ण प्राप्ति हो, 'नौली' खण्डकाव्यमा पनि कवि शर्माले विभिन्न किसिमका प्रतीकहरूको प्रयोग गरेका छन् । प्रतीक प्रयोगका दृष्टिले प्रस्तुत काव्य निकै सफल देखिन्छ । कुनै एउटा वस्तुका बारेमा प्रकाश पार्न उभ्याइने अर्को वस्तुलाई प्रतीक भन्ने गरिन्छ, यस काव्यमा विशेष गरी काव्य नायिकाका भाव लहरीहरू मानसिक द्वन्द्वको प्रकटीकरणको सन्दर्भमा विभिन्न किसिमका प्रतीकहरूको प्रयोग गरिएको छ । यस काव्यमा प्रयोग भएका प्रतीकहरू निकै स्वभाविक सशक्त र जीवन्त देखिन्छन् र तिनीहरू सरल र बोधगम्य पनि छन् । काव्यको भाषिक व्ययितामा पनि प्रतीकहरूले मह□वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । प्रकृतिका विविधरूपलाई कविले प्रतिकात्मकरूपमा अभिव्यक्त गरेका छन् । खण्डकाव्यकी नायिकका नौली मानवीय, आकांक्षा, वैंशको अमरता, भावानात्मक सहजता तथा कोमलताकी प्रतीक हो । 'नौली' कवि रत्नदेव शर्माकी प्रेमीकाकी प्रतीकको रूपमा रहेकी छ । जसको कसैसँग कुनै भावनात्मक सम्बन्ध छैन । यात्री एउटी नवयुवतीको मनोकाङ्क्षा बुझ्न नसक्ने अन्तर्मुखी स्वभावको प्रतीक हो । नौली खण्डकाव्यमा प्रयोग भएका प्रतीक विधानसम्बन्धी केहि उदाहरणहरू यस प्रकार छन्-

| क्र.सं. | खण्डित अंश | प्रतीकात्मक अर्थ | पृष्ठ | श्लोक |
|---|---|---|---|---|
| १ | भुवा सिमल | कोमल | २१ | १८ |
| २ | लज्जावती | खुम्चनु | २ | ५ |
| ३ | इन्द्राणीको मुहान् | नौलीको मुख | ४ | ३० |
| ४ | सुत्यो संसार | रात पर्नु | ५ | ३९ |
| ५ | असर्फी छातिमा टाँस्यो | चन्द्रमा उदायो | ८ | १६३ |
| ६ | वासना फुट्यो | सुगन्ध बग्यो | ९ | ३ |
| ७ | ओसमा गहना | शितको थोपा | १० | ८ |
| ८ | ओरालो पाइलो | बिग्रनु | ११ | १७ |
| ९ | प्रभाती फूल | सूर्य | १० | १० |
| १० | शित दाना | आँसु | १३ | ९ |
| ११ | पानी आँखाको भाषा | आँसु | १३ | ८ |
| १२ | घामले मुख हेर्दछ | यात्री | १६ | १६ |
| १३ | चन्द्रिका | नौली | १७ | २६ |
| १४ | ओंठमा वंशी | सुस्केरा | २१ | १९ |
| १५ | चाखेर फल तीदूँ | टर्रो | २० | ६ |
| १६ | उठायो शिर | रात पऱ्यो | २३ | ३१ |

### **५.२.९ परिवेशविधान**

परिवेश भनेको देश, काल, परिस्थिति हो । यसलाई वातावरण पनि भनिन्छ । परिवेशविधान भनेको कथावस्तुका घटना एवं पात्रसँग सम्बन्धित देश, काल र परिस्थितिको चित्रण हो । खण्डकाव्यमा कथात□व हुन्छ यस कथात□वलाई सशक्त र जीवन्त बनाउनका लागि वातावरणको मह□वपूर्ण भूमिका हुन्छ । पात्रको मनस्थितिलाई पनि परिवेशले प्रभाव पार्दछ । वातावरणको बाह्यपक्षअन्तर्गत काव्यका भौतिक प्रस्तुतिहरू पर्दछन् । यसरी वातावरणको बाह्यपक्ष र आन्तरिक पक्षको कुशल

संयोजनले काव्यको व्यापक चित्रण नगरी त्यसको संक्षिप्त साङ्केतिक विधान गरिन्छ । खण्डकाव्यमा वातावरणको प्रयोग काव्यको आवश्यकता र स्वभाविकतालाई ध्यानमा राखेर गर्नुपर्दछ । खण्डकाव्यमा कथात□वलाई जीवन्त बनाउन एवं पात्रको मानसिकतालाई उद्घाटित गर्न परिवेशको आवश्यकता पर्ने भएकाले यो पनि खण्डकाव्यको एउटा मह□वपूर्ण त□व हो । उच्च एवं गुणस्तरीय खण्डकाव्य बन्नका लागि कथा, पात्र र परिवेशको समन्विति भएको आख्यानात्मक सङ्ख्या आवश्यक हुन्छ ।

## ५.२.१० अलङ्कारविधान

अलङ्कार काव्यको गहना हो । अलङ्कारले काव्यको सौन्दर्य बढाउँछ । यसले काव्यका स्पष्टता ल्याउन, मनलाई विस्तार गर्न आश्चर्य उत्पन्न गराउन र जिज्ञासा तथा कुतूहलता जगाउने काममा मह□वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैगरी भाषाशैलीलाई आकर्षक बनाउन र अभिव्यक्तिलाई सुन्दर तरिकाले प्रकट गर्न भावलाई उत्कर्षमा पुऱ्याउन, कुनै कुरालाई व्यञ्जनात्मकरूपमा प्रस्तुत गर्न अर्थलाई प्रभावकारी बनाउन र थोरैमा धेरै कुरा भन्न काव्यमा अलङ्कारको मह□वपूर्ण भूमिका हुन । 'नौली' खण्डकाव्यमा पनि अलङ्कारको यथोचित प्रयोग पाइन्छ । यस काव्यमा आएका शब्दालङ्कार र अर्थालङ्कारले काव्यको बाह्यसौन्दर्यको अभिवृद्धि गर्नुका साथै अर्थ-चमत्कृतिमा पनि मह□वपूर्ण भूमिका निर्वाह गरेका छन् । प्रस्तुत काव्य अलङ्कार साधनामा सापेक्षित काव्य नभएर भावाव्यक्तिको प्रबलता भएको काव्य हो । यस काव्यमा शब्दालङ्कारको चमत्कार त छँदैछ । अर्थालङ्कारको गहिरो विन्यासले अझ बढी काव्यात्मकताको सिर्जना भएको छ । खण्डकाव्यात्मक त□वकोरूपमा अलङ्कारले पूर्णतया मान्यता प्राप्त नगरे पनि यस खण्डकाव्यमा आलङ्कारिक योजनाले काव्यलाई रोचक बनाएको छ । यसमा शब्दालङ्कारको अनुप्रासीय विन्यास व्यापक र विस्तृत देखिन्छ अर्थात शब्दालङ्कारको चमत्कार सर्वत्र व्याप्त नै छ । शब्दाङ्कारमा प्रायः समध्वनि वर्ण र समानार्थी पदहरूको आवृतिद्वारा श्रुतिसौन्दर्य उत्पन्न गरिन्छ ।[११९]

---

[११९] केशवप्रसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०४८), पृ. १३२ ।

जसले गर्दा भाषिक चमत्कार वृद्धि हुन्छ । प्रस्तुत काव्यमा शब्दालङ्कार अन्तर्गत अनुप्रासका विविध भेदहरू प्रयोग हुन आएको देखिन्छ-

नौली फुलाउँदै आइन् वसन्त पाउपाउमा,

वनश्री वन को बाटो भरेर जल गाग्रि मा ।

३/१३

दिल मान्दैनन्थ्यो जान बसोस त के भनी बसोस्,

पछाडी छोडी त्यो बास अगाडी कसरी बढोस् ।

३/११

चकमन्न भयो सारा सुत्यो संसार नै सब,

गाँसे तिमिरले छायाँ अवाक् शैल बने सब ।

१/३९

जब ती गाउँदै मीठो लय ले पस्दछिन् वन,

फूल फुक्छन् लता झुक्छन् परिचित सुनी स्वर ।

१/१९

छायाँ पर्दछ ताराको जलमा शान्त रात मा

छायाँ पर्दछ नौली को पँधेरा मा बिहान मा

३/६

यस खण्डकाव्यमा ६ ओटा सर्गमा रहेका जम्मा १८० श्लोकमध्ये अन्त्यानुप्रास नमिलेका जम्मा १२ ओटा श्लोक मात्रै छन् । त्यसैले अन्त्यानुप्रास अलङ्कारको सफल प्रयोग भएको कृतिकारूपमा नौली खण्डकाव्यलाई लिन सकिन्छ । अर्थालङ्कार प्रयोगका दृष्टिले नौली खण्डकाव्यलाई उच्चस्तरको कृति मान्न सकिन्छ । नेपाली साहित्यमा अर्थालङ्कार प्रयोगका दृष्टिले सफल काव्य ऋतुविचारमा झैं अलङ्कारै अलङ्कारको खानी

नभए पनि अलङ्कारको बेजोड प्रस्तुति नौली खण्डकाव्यमा भएको छ । उपमा, रूपक, दृष्टान्त, लुप्तोपमा, प्रश्न, सन्देह, तुल्ययोगिता, सङ्कर, अतिशयोक्ति, अर्थान्तरन्यास, समासोक्ति, अन्योक्ति जस्ता अलङ्कारको प्रयोग यस काव्यमा भएको छ । अर्थालङ्कार प्रयोगका दृष्टिले सफल नौली खण्डकाव्यमा प्रयोग भएका अलङ्कारका उदाहरणहरू-

छोइना साथ हावा ले कोपिला खुस्किए सरी,
साधारण कुरा ले नै मुस्किने ओठ माधुरी ।

१/१०

गाग्री भरेर आएकी साउने मेघ झैं गरी,
दायाँ पाउ उचालेकी फड्केकी इन्द्रिनी सरी

१/२४

चढ्यो रगत गालामा हासिन् शैली अथाह मा,
मार्‍यो डुबुल्की यात्री ले इन्द्राणी को मुहान मा ।

१/३०

असर्फी छातीमा टाँस्यो नीलो स्वच्छ अकाशले,
अंकमाल गरी दौडिन् शैल लाई त्रिशुली ले ।

२/१२

संवाद गाग्री धारा को मीठो मिलन को ध्वनि,
तस्वीर झैं थिइन् नौली पखेरा पहरा मनि ।

३/७

ढलेको दिनको छायाँ फर्केर आउँदैन रे,
ओरालो पाइलो मायाँ लागेको आउँदैन रे ।

३/१७

वसन्तले सजाएको बाटेको केश को वन,
खोसेल्यो आँधि आएर लाग्यो शिशिर लूछ्न ।

४/६

अँध्यारा दिन छन् लामा एक्ली छन् भन ती अब,
नाङ्गो डाँडो कुरी बस्ने एक्ले रुख सरी अब ।

६/९

मुस्कुराउँदथिन् मीठो हिसी खोलेर आफनू
वर्षान्तमा गई खुल्छ जसरी पश्चिमी कुनु ।

६/२६

**५.२.११ शीर्षकविधान :**

शीर्षक भन्नु कृतिको नामकरण हो । यो कृतिको नामकरणमात्र नभएर कृतिको केन्द्रीय भावको सूचक र उद्घाटक पनि हो । जुनसुकै साहित्यिक कृतिका पनि नाम वा शीर्षक हुन्छन् । खण्डकाव्यको पनि शीर्षक हुन्छ । शीर्षक चयन गर्दा लेखकले कृति आख्यान, पात्र, परिवेश उद्देश्य आदिका आधारमा चयन गर्न सक्छ । शीर्षक अभिधार्थक र व्यञ्जनात्मक पनि हुन सक्छ । खण्डकाव्यको शीर्षक छोटो र अर्थपूर्ण हुनु राम्रो हुन्छ ।

२०११ सालमा पहिलो पटक प्रकाशित 'नौली' खण्डकाव्यलाई कवि रत्नदेव शर्माले आङ्नो दोस्रो कृति (कवितासङ्ग्रह) मा पनि समावेश गर्दै 'नौली र अरू कविता' शीर्षक राखेर प्रकाशित गरेका छन् । यस काव्यको शीर्षक चरित्रकेन्द्री छ । काव्यकी प्रमुख नायिका वा चरित्रका नामबाट यसको शीर्षक राखेका छन् । काव्यको मुख्यचरित्रका नामबाट शीर्षकविधान गरिएको यस काव्यको शीर्षकबाटै काव्यको मूलभूत कथ्यविषयको पनि सङ्केत गरिएको छ । सर्गहरूमा दिइएका ६ ओटा छुट्टाछुट्टै शीर्षकले पनि मूलकथ्य विषयलाई सहयोग गरेका छन् ।

### ५.२.१२ भाषाशैली

भाषा मानवीय मनका विभिन्न भाव र विचारहरूलाई पाठक तथा स्रोतासम्म पुऱ्याउने माध्यम हो । खण्डकाव्यमा रचनाकारका दृष्टिकोणलाई भाषाका माध्यमबाट अभिव्यक्त गरिन्छ । खण्डकाव्यको सिर्जनामा खण्डकाव्यकारले विचार पुऱ्याउनुपर्ने कुरा भाषाशैली हो । भाषाकै माध्यमबाट अभिव्यक्ति रोचक बन्न सक्छ । खण्डकाव्यमा दुरुह र दुर्बोध्य भाषाशैलीभन्दा सरल, सरस तथा लयात्मक र सुकोमल भाषाशैली भइदिएमा पाठकको मनजित्न सकिन्छ । रचनाकारले छनौट गरेको कथावस्तुलाई प्रभावकारी तरिकाले प्रकाशन गर्ने माध्यम भाषा हो र त्यो भाषालाई प्रयोग गर्ने तरीका शैली हो । यसरी प्रयोग गर्ने क्रममा विषयवस्तुको परिस्थिति अनुकूल विभिन्न किसिमका बिम्ब र प्रतीकहरूको प्रयोग गर्नाले खण्डकाव्यको गुण गरिमा बढ्न जान्छ । भाषाशैली कुनै पनि रचनाकारको अर्न्तमनमा रहेको भावको संवाहक हो । त्यसैले खण्डकाव्यका लागि भाषा अपरिहार्य हुन्छ भने त्यो भाषालाई प्रयोग गर्ने कविको निजी र नौलोपन अथवा तरीका/शैलीको अनिवार्य आवश्यकता हुन्छ । 'नौली' खण्डकाव्यमा नेपाली भाषाको मानक व्याकरणभन्दा फरक विभक्ति छुट्याएर लेखिने  खालको नौलो व्याकरणको प्रयोग गरिएको छ ।

'नौली' सरल, सुन्दर, एवं लयात्मक शैलीमा लेखिएको खण्डकाव्य हो । भाषाशैलीका आधारमा राम्रो काव्य कृतिकोरूपमा देखापर्दछ । भाषाशैली सरल र सहज भइकन पनि लालित्यमय भाषाको प्रयोगले गर्दा काव्यको संरचना पक्ष आकर्षक छ । तत्सम शब्दको अधिक प्रयोग भएकाले प्रौढताको अनुभव हुनु अस्वभाविक होइन, परिपक्व एवं गम्भीर पदविन्यासले प्रस्तुत काव्यको भावात्मक परिणतिलाई समेत आत्मसाथ गरेको देखिन्छ । सरल छन्दका माध्यमबाट विषयवस्तुलाई डोऱ्याईएको प्रस्तुत काव्य कृतिमा सरल र स्वभाविकरूपमा अनुभूतिहरू बगेका थिए । अनुप्राशको आयोजनाले खण्डकाव्यमा साङ्गीतिक चमत्कार पनि थपिएको छ । अनुप्रासीय चमत्कार र अर्थालङ्कारको गम्भीर प्रयोगले प्रस्तुत काव्यको भाषाशैली सुन्दर बन्न पुगेको छ । गेयात्मक पदावलीको प्रयोगले गर्दा यस खण्डकाव्यका कविताहरू हृदयगम्य, श्रुतिरम्य

र मनमोहक छन् । उखानटुक्का र अनुकरणात्मक शब्दको पनि प्रयोग भएको यस काव्यमा स्थानीय कथ्यभाषाका शब्दहरूका साथै झर्रा नेपाली शब्दको समेत प्रयोग भएको छ । बर्बरी, भुल्भुलाएर, हुन्हुनाउँछ, चक्मक्, झिलगिल, चक्मन्न जस्ता अनुकरणात्मक शब्द बिँसी, झ्याङ, पधेर्नी, बनेली, आँसि, झिझरा, कात्रिनु, जस्ता झर्रा नेपाली शब्दहरू, ओठ, लाख, जोवन, आँसु, माछा, कान, लच्छिन, मानिस, हात, भुइँ पत्ति, आँखा जस्ता तद्भव शब्द, दिल, दुवार, पयर, चिडिया, दूर, बाँकी जस्ता आगन्तुक शब्दको शैल, जगल, वन, पाउ, केश, द्वार, दुर्वा, कण्ठ, सन्ध्या, यात्री, सूर्य, चन्द्र, दिशा, नदी, रात्री, रुख, वंशी, शैया, धनी, चित्र, नजर, गंगा, फूल, मुकुलित, उदस्थल, प्रतिध्वनित, मुधप्याला, किरणावली, ग्रामसुन्दरी, दिवाकमल, सङ्गमस्थान, स्वप्न जस्ता तत्सम शब्दहरूको प्रयोगले भाषामा सरलता र कोमलता थपेको छ । अधिक मात्रामा प्रयोग भएका तत्सम शब्दहरूले भाषालाई प्रौढ र प्राञ्जल बनाउन सहयोग गरेका छन् । सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोगले ‘नौली’, खण्डकाव्य उत्कृष्ट बन्न पुगेको देखिन्छ ।

नौली खण्डकाव्य (२०११) खण्डकाव्यकार रत्नदेव शर्माले आफ्नै स्वर्गीय प्रणयिनीमा समर्पित भएर लेखेका हुन् । यो २० पृष्ठ लामो वियोग शृङ्गार रसको अनुष्टुप छन्दमा लेखिएको उत्कृष्ट खण्डकाव्य हो । १८० श्लोकको बाहिरी संरचनामा संरचित नौली खण्डकाव्यको विषयवस्तु भवानी भिक्षुको ‘त्यो फेरि फर्कला’ भन्ने कथासँग मिल्दोजुल्दो देखिए पनि यो उनको मौलिक खण्डकाव्य हो । प्राकृतिक बिम्ब प्रतीकको प्रयोग गर्ने क्रममा पश्चिम नेपालका त्रिशूली, सेती, मर्स्याङ्दीबीचका भागलाई उनले बढी मात्रामा प्रयोग गरेका छन् । आफूलाई एउटा बटुवाको रूपमा र आफ्नी बुलु रानीलाई नौली बनाएर दुई प्रमुख चरित्रका माध्यमले कथावस्तु अगाडि बढेको छ । लेखनाथ पौड्यालको ऋतु विचारसँग मेल खाने खालको सरल, सरस र गेयात्मक पद्यहरूले खण्डकाव्यका ६ सर्गलाई पूर्णता दिएको छ । नौली स्वप्न, विहान, प्रतीक्षा, यात्री फेरि आउँछ, नौली र चन गरेर ६ ओटा सर्गलाई शर्माले छुट्टाछुट्टै शीर्षक दिएका छन् । प्रत्येक सर्ग आफैमा पूर्ण छन् । सर्ग अनुसारको शीर्षक दिएको हुनाले

यसले गर्दा नौली खण्डकाव्यको मह□वलाई अझ बढी झल्काएको छ । अभिव्यञ्जननापरक मार्मिक पङ्क्तिहरूले भरिएका यस कृतिले नेपाली खण्डकाव्यको परम्परामा मुनामदन, गौरी राजेश्वरी खण्डकाव्यको, उचाइमा आफूलाई पुऱ्याएको छ । स्वयं रत्नदेव शर्मालाई समेत अत्यधिक मात्रामा मन परेकोले होला अन्य कृतिहरूको प्रकाशन गर्दा उनले 'नौली' खण्डकाव्यलाई छुट्याएका छैनन् । संस्कृत निष्ठा शब्दहरूको प्रयोग आगन्तुक झर्रा शब्दहरूको प्रयोगले खण्डकाव्यको भाषामा मीठास थपेको छ । पूर्वीय खण्डकाव्यका परम्परामा रहेको नौली खण्डकाव्य विषयवस्तु चरित्र, लय, बिम्ब, प्रतीक, अलङ्कार आदिको उत्कृष्ट मानिन्छ । नेपाली खण्डकाव्यको परम्पराका दृष्टिमा नौली खण्डकाव्यका शर्मा एउटा सफल र उत्कृष्ट खण्डकाव्यकार हुन् ।

**अध्याय छ**

# उपसंहार

कवि रत्नदेव शर्माको जन्म वि.सं. १९८० माघ १७ गते स्वस्थानी पूर्णिमाका दिन भएको हो । पिता डिट्ठा जयदेव शर्मा र माता पूर्णकुमारी पौडेलका कान्छा छोराकारूपमा रत्नदेवको जन्म पिता जागिरको शिलशिलामा दोलखामा रहँदा त्यहीं भएको थियो । पश्चिम नेपालको सुन्दर नगरी पोखराकै नजिकमा रहेको अर्घौंअर्चले पुर्ख्यौली स्थलो भएका शर्माको बाल्यकाल अर्घौंअर्चलेमा बितेको थियो । यौवनारम्भसम्मको समय अर्चलेमा बिताएका शर्माले प्रारम्भिक शिक्षा आफ्नै हजुरबुबा पं बुद्धिसागर शर्माबाट पाएका थिए । दोलखामा जन्मेर पोखरामा बाल्यकाल बिताएका शर्माले व्रतबन्ध पश्चात् दरवार हाइस्कुलबाट माध्यमिक शिक्षा पूरा गरेका थिए । घेरैबाट प्रारम्भिक शिक्षा हासिल गरेका शर्माले संस्कृत भाषाको अध्ययन गरी विभिन्न आध्यात्मिक ग्रन्थहरूका बारेमा छलफल गर्ने गर्थे । माध्यमिक शिक्षा पूरा गरेपछि चित्रन्द्र कलेजबाट संस्कृत र अंग्रेजी मूलविषय लिई हजुरबुबा बुद्धिसागर शर्माको आग्रहमा संस्कृत अध्ययनका लागि भारतको बाराणसी पुगेका शर्माले शास्त्रीसम्मको अध्ययन गरी काठमाडौं फर्किए । लेखनाथ पौड्यालजस्ता साहित्यकारको सान्निध्य पाएका शर्माले दिनप्रतिदिन आफूलाई साहित्याभ्यासतिर प्रवृत गराउँदै लगे । शास्त्री (वि.ए) सम्मको औपचारिक शिक्षा हासिल गरे पनि जागिरमा भने उनले हात हालेनन् । धनाढ्य परिवारमा हुर्केका शर्माले आफ्नै घरपरिवारभित्रै बसेर साहित्य सिर्जना तर्फ आफूलाई उन्मुख गराउँदै लैजान थाले ।

वि.सं. २००४ सालको 'उद्योग' नामक पत्रिकामा पहिलोपटक कविता प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका रत्नदेव शर्माले काव्यकलाको सम्मिश्रण भएको नवीनतम एवं अत्याधुनिक कृति २०३८ मा प्रकाशित गरेपछि उनका रचनाहरू प्रकाशित भएनन् । नेपाली कविताको छन्द विधामा राम्ररी परिमार्जित भएको कलमलाई शर्माले पछिल्लो समयमा गद्य कविता र कलाकाव्य सम्मीश्रणसम्म

पुऱ्याएका छन् । नेपाली साहित्यमै छन्दबाट गद्य कवितातिर लाग्ने पहिलो व्यक्तिकारूपमा शर्माको नाम लिने गरिन्छ । नेपाली साहित्यका कविशिरोमणि लेखनाथ पौड्यालकै शैलीमा आफ्नी प्रणयिनी बुलुको बिछोडपीडालाई काव्यात्मक रूप दिएर शर्माले लेखेको “नौली” खण्डकाव्य नेपाली खण्डकाव्य परम्पराकै उत्कृष्ट कृति मानिन्छ । अनुष्टुप् छन्दको अन्त्यानुप्राशीय मिठासमा उनिएको विरहव्यथाको ढाँचामा लेखिएको वियोग श्रृङ्गारको मह□वपूर्ण कृति हो । ‘नौली’ खण्डकाव्यले रत्नदेव शर्माको वास्तविक जीवनलाई व्यक्त गरेको छ । हृदयको अन्तस्तलमा लुकेर बसेकी बुलुको बिछोडपीडाले बगाएका आँसुलाई अक्षरमा बदल्नेक्रममा जन्मेको ‘नौली’ खण्डकाव्य शर्माको पहिलो र अन्तिम तर खण्डकाव्यको परम्परामा उत्कृष्ट कृति हो ।

रत्नदेव शर्माको ‘नौली’ खण्डकाव्य प्रकाशित भए पछि प्रगति, उद्योग, रूपरेखा, गोरखापत्र, जस्ता अनेकौं पत्रपत्रिकामा उनका लेख रचनाहरू प्रकाशित भए । नेपालका प्रतिष्ठित कविहरूका पङ्क्तिमा उभिने शर्माका लेखरचनाहरू तत्कालीन पत्रपत्रिकाहरूले मागी मागी छाप्थे । त्यसैले उनको नाम पाठकहरूका बीचमा लोकप्रिय थियो । मात्रिक र वार्णिक दुवै छन्दमात्र होइन गद्य र मुक्त सबै शैलीमा सार्थकरूपले कलम दगुराउन सक्ने सामर्थ्य शर्मामा थियो । नयाँ युगबोधको सन्देश बोकेका उनका कविताहरूले पाठकहरूको मन मष्तिष्कलाई छुने गर्थे । लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल भीमनिधी तिवारीजस्ता स्रष्टाहरूको सान्निध्य पाएका शर्माले नेपाली साहित्यलाई जुन गुन लगाउन सक्थे उनको वैवाहिक जीवनमा आइपरेका पटकपटकका दुर्घटनाले त्यो गुन लगाउन सकेनन् । शर्माको जीवनमा एकपछि अर्को गर्दै अनेकौं संवेदनाका क्षणहरू ओइरिन थालेपछि ती संवेदनालाई पन्छाएर अगाडि बढिरहन उनी सकेनन् । उनको सम्भावित विशाल कवितायात्रा बीचबाटामा नै पलायन हुनपुग्यो ।

वि.सं. २०११ सालमा ‘नौली’ खण्डकाव्य प्रकाशित भएपछि लामो समयसम्म उनको अर्को कृतिप्रकाशित भएन । वि.सं. २०२७ मा ‘नौली र अरूकविता’ शीर्षकमा पहिलोपटक प्रकाशित खण्डकाव्य ‘नौली’ लाई समेत राखेर उनले कविता सङ्ग्रह

प्रकाशित गरे । यसै गरी वि.सं. २०२८ मा ५३ ओटा गद्य कविताहरू भएको "हिमशिखा" कविता सङ्ग्रह प्रकाशित गरे । शर्माको अन्तिम कृतिकारूपमा वरिष्ठ कलाकार उत्तम नेपालीको कलासँग गाँसिएको कृति 'ज्यूदो आँखाबाट' २०३५ सालमा प्रकाशित भयो । यी कृतिमध्ये 'नौली' खण्डकाव्य जम्मा २० पृष्ठमा सकिएको लघु काव्य हो । देवकोटोको 'मुनामदन' घिमिरेको "गौरी" कै शैलीमा लेखिएको हृदयस्पर्शीकाव्य नौलीको कथावस्तु भवानी भिक्षुको 'त्यो फेरी फर्कला' सँग मिल्दोजुल्दो छ । समीक्षकहरूको भनाइमा 'नौली' खण्डकाव्य 'त्यो फेरी फर्कला' कथाको प्रेरणा स्रोत हो भनिन्छ । शर्माको सबैभन्दा मन पर्ने कृति भएर होला उनले २०२७ मा प्रकाशित गरेको कवितासङ्ग्रहमा नौलीलाई समावेश गर्न छुटाएनन् । विप्रलम्भ श्रृङ्गारको एउटा उदाहरण योग्य कृतिकारूपमा लिइने 'नौली' आफ्नी स्वर्गीय प्रणयिनीप्रति समर्पित काव्य हो । 'नौली' खण्डकाव्य बाहेक अरू तीन दर्जन फुटकर कविताहरू समावेश गरिएको 'नौली र अरू कविता' शीर्षकको कविता सङ्ग्रहमा लयका दृष्टिले उत्कृष्ट कविताहरू सङ्ग्रहित छन् । नेपाली भूमिप्रतिको कविताको अगाध आस्था, तत्कालीन शासकहरूप्रतिको विरोध राष्ट्रसेवकहरूले राष्ट्रप्रति लगाएका गुनको मूल्याङ्कन एवं नेपाली जातिप्रतिको जागरणमुखी भावनालाई कदरगरिएका प्रसङ्गहरू उल्लेख भएका छन् । वि.सं. २०२२ मा प्रज्ञाप्रतिष्ठानको कवितामहोत्सवमा तृतीय पुरस्कार प्राप्त गरेको "नैतिकता" शीर्षकको कविता पनि यसै सङ्ग्रहमा समावेश भएको छ । विविध छन्दमा कलम चलाए पनि शर्मा अनुष्टुप छन्दमा सफल छन् र यसै छन्दलाई उनले सर्वाधिक प्रयोग पनि गरेका छन् । "नौली र अरू कविता" सम्म उनले मात्रा र वर्णमात्रा गरी दुवै छन्दको प्रयोग गरे पनि हिमशिखामा कवि शर्माले पुरै पद्य पाटोलाई त्यागेका छन् । गद्यमा पाइने लयात्मक मिठास र शब्दचयनमा देखिने खुलापनको प्रयोगलाई शर्माले राम्रै ध्यान दिएका छन् । शर्माका प्रकाशित चार ओटा कृतिमध्ये सबैभन्दा ठूलो आकारको देखिने र सबैभन्दा बढी कविताहरू समावेश भएको 'हिमशिखा' कवितासङ्ग्रहमा आइपुग्दा उनमा क्रान्तिको ज्वारभाटा उर्लिएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिसँग पनि उनलाई चित्त

बुझेको छैन । विश्वपरिवर्तन गर्न सक्ने महामानवहरूको खोजी गरेका छन् । परिवर्तनगामी युगपुरुषलाई आदर गरेका छन् । अघिल्ला सङ्ग्रहमा भन्दा हिमशिखामा शिल्प र अभिव्यक्तिका दृष्टिले शर्मा निकै अगाडि देखिन्छन् । शर्माको कवि प्रतिभा यसमा उन्मुक्त भएर बोल्न पाएको छ, बग्न पाएको छ । शर्माका समकालीन कविहरूसँग दाजिँने समेत देखिन्छन् । यसो हुनुमा शर्मा छन्दविधामा सफल भएर गद्यमा लाग्नु पनि एउटा आधार हुनसक्छ ।

नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र आदिले भि□याएको प्रगतिवादी धारालाई शर्माले 'हिमशिखा'मा पछ्याएका छन् । यस सङ्ग्रहमा कवि शर्मा कतै फूलझैं कोमल बनेका छन् भने कतै बज्रझैं कठोर पनि बनेका छन् । देवकोटाबाट प्रारम्भ भएको स्वच्छन्दतावादी धाराको पनि शर्माले अनुशरण गरेका छन् । यस सङ्ग्रहमा शर्माको विद्रोही स्वर जति सशक्त बनेको छ, त्यत्तिकै मात्रामा प्रणयीस्वर पनि मुखरित भएको छ । प्रणयी स्वरमा शर्माको सुमधुर रतिराग व्यक्त भइरहेको छ ।

कवि रत्नदेव शर्माको पछिल्लो कृति "ज्यूँदो आँखाबाट" हिमशिखा कवितासङ्ग्रहको प्रकाशन भएको सात वर्षपछि आएको हो । नेपालका वरिष्ठ कलाकार/चित्रकार तथा सम्मानित प्राज्ञ; उत्तम नेपालीको कलासँग एकाकार भएर आएको कृति "ज्यूँदो आखाँबाट" मा अघिल्ला सङ्ग्रहमा भन्दा गहिराईको यात्रा गरेका छन् । नजिकबाट स्पर्श गरेका छन् । टुक्राटुक्रा भावलाई आफैमा पूर्णता दिनसकेका छन् । यस सङ्ग्रहका कवितामा कविताको वर्णन क्षमताभन्दा बाहिर रहेका कतिपय भावलाई अमूर्त कलाले टिप्ने प्रयास गरिएको छ । कलाकार नेपाली स्वयं पनि कवि भएकाले होला रत्नदेवको छुटलाई उनले पूर्णता दिएका छन् । "ज्यूँदो आँखाबाट" को नामाकरण पनि कलाको मिश्रण भएपछि नै भएको हो । पाण्डुलिपिमा शर्मालाई उत्तम नेपालीले पढेपछि कलाले त्यसलाई चिटिक्क सजाएर भावको गहिराईलाई पूर्णता दिन उनलाई मन लाग्यो र अमूर्तकलाको प्रयोग उनले यस कृतिमा गरे । जसले यस

कृतिलाई नयाँ आदर्श नयाँ प्रयोग दिनसक्यो र नेपाली साहित्यमै पहिलो काव्यकलाको सम्मिश्रण भएको फरकढङ्गको नवीन कृति देखापऱ्यो ।

वि.सं. २०३५ मा "ज्यूँदो आँखाबाट" कवितासङ्ग्रहको प्रकाशन भएपछि यदाकदा पत्रपत्रिकामा देखिने फुटकर कविता बाहेक उनका कुनै कृति देखापरेनन् । २०३५ पछि देखापरेका उनका कविताहरू सबै गद्यमा लेखिएका छन् । पद्यमा राम्रोसँग कलम चलाउन सक्ने सामर्थ्य भएका रत्नदेवले पछिल्लो चरणमा आएर गद्यमा मात्रै रुचि देखाउनुले एकातिर छन्दको परम्परावादी नियम तोड्नु हो भने अर्कातिर भावको गहिराईमा पुग्न पद्यको नियमले रोक्ने कारणले होला पछिल्ला समयमा गद्यमा बढी रमाएका छन् र भावको अनन्त गहिराईमा पुगेका छन् ।

रत्नदेव शर्माका कविताको अध्ययन गर्न सजिलो छ तर भावनाको गहिराइसम्म पुगेर कविले भन्न खोजेका कुरालाई बुझ्न केही कठिन छ । शर्माले कुनै कवितामा विषयवस्तुलाई राम्रोसँग फुकाएर हेरेका छन् भने कतै उनी सूत्रात्मकरूपमा भावलाई पोखेर छोडेका छन् । उनका धेरैजसो कवितालाई बुझ्न उनको जीवन बुझ्नुपर्ने हुन्छ । अनेकौं दुर्घटनालाई खेप्दै, मानवीय संवेदनाका कठोर गौंडा गल्छेडा पार गर्दै अगाडि बढेको उनको जीवनले उनलाई कविता लेख्न लगायो होला । प्रारम्भमा साहित्यिक वातावरणमा हुर्केको हुनाले कवितातिर रुचि गए पनि पहिली श्रीमती बुलु (नौली) को वियोगले खण्डकाव्य लेखायो । वियोगश्रृङ्गारको उत्कृष्ट खण्डकाव्यका नायक आफैं बने र श्रीमती बुलुलाई 'नौली' नाम राखेर नायिका बनाइ प्रतीकात्मक काव्य लेखे । तत्कालीन निरङ्कुश राणाशासनको अत्याचारलाई नजिकैबाट नियालेका र हजुरबुबा राणाहरूको नजिकमा रहेको र त्यहाँको भित्री यथार्थलाई राम्ररी बुझेकाले पनि उनलाई स्वतन्त्रताको पक्षमा लाग्न प्रेरणा मिल्यो । राणाशासकहरूको क्रुरयातनाले पिल्सिएका जनताको पीडालाई उनले राम्रोसँग चित्रण गरेका छन् ।

नेपाली साहित्यको आधुनिक कालमा आफ्नो लेखन प्रारम्भ गरेका रत्नदेव शर्माले देवकोटाको स्वच्छन्दतावादी क्रान्तिकारी धारलाई पछ्याउँदै गए पनि उनमा

परिष्कारवादी चेतना प्रबलरूपमा रहेको देखिन्छ । 'नौली' खण्डकाव्यका खण्डकाव्यबार भएका बेला शर्मा परिष्कारवादी लेखनायीय शैलीलाई पूर्णरूपमा आत्मसात गरेका छन् भने "नौली र अरू कविता" कविता सङ्ग्रहमा उनी गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकाटा, सिद्धिचरण श्रेष्ठ आदिको शैलीसँग बढी नजिक देखिन्छन् । 'नौली' खण्डकाव्यमा शास्त्रीय वर्णमात्रिक छन्दलाई विधिसङ्गतरूपमा पालना गर्ने शर्माले 'नौली र अरू कविता' शीर्षक कविता सङ्ग्रहमा शास्त्रीय वर्णमात्रिक छन्दका साथै मात्रिक छन्दका विविध प्रकारहरूको प्रयोग समेत गरेका छन् ।

# सन्दर्भग्रन्थसूची


ओझा दशरथ, समीक्षा शास्त्र (दिल्ली, राजपा एण्ड सन्स ९७५)।

उपाध्याय केशवप्रसाद, "रिमाल व्यक्ति र कृति" दो.सं. (काठमाडौँ : साझा प्रकाशन २०३२)।

________, "मोतीरामको व्यक्तित्व र योगदान" मोतीस्मृति गन्थ्र, (काठमाडौँ : नेपाली शिक्षा परिषद् २०३९)।

________, 'साहित्य प्रकाश' पृ.सं. (काठमाडौँ : साझा प्रकाशन, २०४०)।

________, पूर्वीय साहित्य, सिद्धान्त, दो.सं. (काठमाडौँ : साझा प्रकाशन, २०४८) ।

उपाध्याय मुकुन्दशरण, रत्नदेव शर्मका कृतिहरू (काठमाडौँ : प्रकाश पौडेल, २०६२) ।

खनाल यदुनाथ, छन्द "समालोचना सिद्धान्त" (काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति २००३) ।

गौतम युवराज (सम्पा.) "लामो समयपछि शर्मा देखापर्नुभयो" गोरखापत्र (वर्ष १०५, अंक ९५, २०६२ साउन २५ गते मंगरबार) ।

घिमिरे माधवप्रसाद, "कविता त□व" कविता (३/३, २०३३ वर्ष) ।

थापा मोहन हिमांशु, साहित्यिक परिचय, चौथो संस्करण, (काठमाडौँ : साझा प्रकाशन, २०५०) ।

देवकोटा लक्ष्मीप्रसाद, लक्ष्मी निबन्ध सङ्ग्रह आठौं संस्करण (काठमाडौँ : साझा प्रकाशन २०४०) ।

नगेन्द्र (सम्पा.) भारतीय काव्यशास्त्रकी परम्परा काव्यलङ्कार १/१६ (दिल्ली नेशनल पब्लिसिङ् हाउस २०१३) ।

प्रधान कृष्णचन्द्रसिंह, 'हिमशिखा' (रत्नदेवशर्मा) (काठमाडौँ : नेपाली साहित्य संस्थान, २०२८) ।

पौडेल प्रकाश, "रत्नदेव शर्माका कृतिहरू (काठमाडौँ : प्रकाश पौडेल, २०६२) ।

भरतमुनी, नाट्यशास्त्र ।

भट्टराई जयदेव, "बिर्सने प्रवृत्तिमा रत्नदेव पनि बिसियौँ", गोरखापत्र (वर्ष १०५, अंक ९७, २०६२ साउन २७ गते) ।

भट्टराई शिवप्रसाद (सम्पा.) "कवि शर्मा अस्वस्थ" गोरखापत्र (वर्ष १०६ , अंक ३२५, २०६३ चैत्र २२ गते बिहीबार) ।

भट्टराई घटराज, नेपाली साहित्यकार परिचय कोश, (काठमाडौँ : नेशनल रिसर्च एशोसिपट्स, २०५१) ।

विश्वनाथ, साहित्य दर्पण पा.सं. (वाराणसी : चौखम्बा विधाभवन, १९०९) ।

शमशेर जगदीश, मुक्तक छन्द "रूपरेखा" (मासिक) ४:११ पूर्णाङ्क ३५ ।

शर्मा सोमनाथ, साहित्य प्रदीप (काठमाडौँ : नेपाल एकेडेमी, २०१६) ।

शर्मा मोहनराज र अन्य, नेपाली गद्य र भाषा साहित्य, (काठमाडौँ : नवीन प्रकाशन, २०५५) ।

शर्मा रत्नदेव, "ज्यूदो आँखबाट" (काठमाडौँ : रत्नदेव शर्मा र उत्तम नेपाली २०३५) ।

शर्मा ताना, नेपाली साहित्यको इतिहास, चौथो संस्करण (काठमाडौँ : अक्षर प्रकाशन, २०५६) ।

शर्मा मुक्तिनाथ, "रत्नदेव शर्माका कृतिहरू एक प्रसङ्ग" युग सम्वाद साप्ताहिक (वर्ष १८ अंक ११ भदौ १४ मङ्गलवार २०६२) ।

श्रेष्ठ दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, चौथो संस्करण, (काठमाडौँ : साझा प्रकाशन, २०४९) ।

सम बालकृष्ण, मेरो भन्नु “आगो र पानी”, (काठमाडौँ : प्र. श्री नयपाल राज्यलक्ष्मीदेवी शाह, २०१२) ।

________, मेरो भन्नु, “आगो र पानी” दशौं सं (काठमाडौँ : साझा प्रकाशन २०४०) ।

त्रिपाठी वासुदेव (सम्पा.) नेपाली बुहत् शब्दकोश (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान २०४०) ।

________, नेपाली कविता भाग ४, काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

त्रिपाठी वासुदेव र अन्य (सम्पा.) नेपाली कविता भाग ४. दो.सं. (काठमाडौँ : साझा प्रकाशन २०४७ ।

________, नेपाली कविता भाग २ (काठमाडौँ : साझा प्रकाशन, २०४८) ।

# परिशिष्ट १

घाटको धूवाँ - रत्नदेव शर्मा

चाहे पोल तँ बोको
अथवा दवाली भोजका ठुला खसी बसाली फोसी
या डढा मैला घुरान
मलाई उसै मुद्राको कल्पना हुन थाल्दछ
गन्ध आउन लाग्छ चिताकै हेर्न सक्दिनँ म कायर त्यता
तानिन्छु फेरि त्यतै कसरी कसरी
देखेर भोज तेरो मुख मिठिन्न
उल्टी थुक्थुकी लाग्छ मुख एकतमासको हुन्छ
नफाउँछु, थुक्छु बरु तँलाई थुक्छु
तँ त्यहाँ जत्रै आगो दन्का, धूवाँ निस्कन्छ
लपेस फिजा, खान्दान देखा माखा भन्कन्छ
हार्मोनियम बजा गीत फर्मा, रुवाबासीकै आवाज आउँछ
जति देखाएर हिड् ठाँट
आँछ मुडुला मलामीकै छाँट
तेरो किल्लाभित्र यो किनारमा
जब जब धूवाँ निस्कन्छ
मान्छे पोलेकै गन्ध आउँछ
पूर्व संस्कारको धूवाँ गन्हाउँछ
त्यो भन्न सक्तिनँ म कसरी कसरी ?

रूपरेखा, पुष २०२१
पेज ६३
वर्ष ५, अङ्क ८
पूर्णाङ्क ४४

# परिशिष्ट २

## आफ्नै आवाह्न

म खोज्थें त्यो मुटु
जहाँबाट जीवन उज्यालोको मूल फुट्छ
टाङ्मनि पुच्छर लुकाएर हूँ म कस्स
खसे खसोस भन्थे टोपी
म उसको महानता हेर्न पाउँ
थिच्चिएर थिच्चिउँ भास्सिएर भास्सिउँ
उसको पावन पाइतलाबाट
खग्रास भए भैजाउँ उसको भयङ्कर आक्रमणबाट
खरानी भएर भैजाउँ उसको बल्दो आँचबाट

अफसोच ! जे देख्छु उसैमाथि जाइलागुँ झैं
उक्ले भनेकालाई त्यो खुड्किलोबाट गलहत्याइदिउँझैं
जो बोल्छ मुड्किले मुख कुच्याइदिउझैं
उल्टो लोप्पा ख्वाइदिउँझै
अथवा झगडा मच्चाइदिउँझै भुकेर चौबाटोमै
हिंच्याएर दाँत दाह्रा
श्याल हुइँटो यो तह
अल्नाएको मेरो
ढिकी जाँतोले घच्याइने
आफ्नै छिड्कीले पछारिने
कटमेरो घर्मर पक्षघातहरू
छिनमै खुइलिने रङ्गहरू
बच्चैले पनि घुमाइने च्याम्परीहरू
आजै जलाइने पुत्लाहरू
छोपिँदै गइरहेछ मबाट यो पींढी
लात्तिदै गइरहेछ मबाट यो दुनियाँ

म मैतिर झुकिरहेछु
आफ्नै आराधनामा
म मेरै पूर्व
त्यो पहाडको पल्तिर
यो बन्द झ्यालको छेस्किनीतल्तिर
जाडवल्यमान्, सशक्त आफ्नै विस्फोटको
उदयलाई आव्हान गरिरहेछु
म मैतिर झुकिरहेछु

प्रगति - द्वैमासिक साहित्यिक पत्रिका
वर्ष - ६
पेज ९.१०
पूर्णाङ्क १८